
# प्रथम पञ्चवर्षीय नगर शिक्षा योजना
## (२०८३/०८४-२०८७/०८८)






**बेलकोटगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाघखोर नुवाकोट,**
**बागमती प्रदेश,नेपाल**

## विषयसूची

शुभकामना........ ज

**योजनाको सारांश**........ झ

**विषय प्रवेश**........ ञ

क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य........ ञ

ख) शिक्षा योजना निर्माणका आधार........ ट

ग) शिक्षा योजना निर्माण प्रक्रिया ........ ठ

घ) योजनाको लेखाजोखा ........ ड

**ङ)** योजनाको दस्तावेजको स्वरुप ........ ण

**परिच्छेद १: परिचय** ........ १

१.१ वर्तमान अवस्था ........ १

१.२ शिक्षा क्षेत्रका मुख्य समस्या ........ ६

१.३ शिक्षा क्षेत्रको चुनौतीको विश्लेषण ........ ७

१.४ अवसर........ ७

**परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ ८

२.१ शिक्षा योजना निर्माणका आधार ........ ८

२.२ दीर्घकालिन सोच ........ ९

२.३ लक्ष्य........ ९

२.४ उद्देश्य........ ९

२.५ रणनीति ........ १०

२.७ कार्यनीति........ ११

२.८ अपेक्षित उपलब्धि........ १२

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण........ १४

**परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** ....... १६
३.१ प्रारम्भिक बालविकास र शिक्षा ....... १६
३.१.१ वर्तमान अवस्था ....... १७
३.१.२ उद्देश्य ....... १८
३.१.३ रणनीति ....... १८
३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ....... १९
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....... २०
३.२ आधारभूत शिक्षा ....... २१
३.२.१ वर्तमान अवस्था ....... २१
३.२.२ उद्देश्य ....... २३
३.२.३ रणनीति ....... २३
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ....... २४
३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....... २५
३.३ माध्यमिक शिक्षा ....... २६
३.३.१ वर्तमान अवस्था ....... २७
३.३.२ उद्देश्य ....... २७
३.३.३ रणनीति ....... २८
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ....... २९
३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....... ३०
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ....... ३१
३.४.१ वर्तमान अवस्था ....... ३१
३.४.२ उद्देश्य ....... ३२
३.४.३ रणनीति ....... ३२

३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ..... ३३
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ३३
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ..... ३४
३. ५.१ वर्तमान अवस्था ..... ३४
३. ५. २ उद्देश्य ..... ३५
३. ५. ३ रणनीति ..... ३५
३. ५. ४ प्रमुख उपलब्धि तथा नतिजा ..... ३६
३. ५.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ३६
**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ..... ३७
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ..... ३७
४.१.१ वर्तमान अवस्था ..... ३८
४.१.२ उद्देश्य ..... ३८
४.१.३ रणनीति ..... ३८
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ..... ३९
४.१. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ४०
४.२ शिक्षक व्यवस्थापन र विकास ..... ४०
४.२.१. वर्तमान अवस्था ..... ४१
४.२.२ उद्देश्य ..... ४१
४.२.३ रणनीति ..... ४२
४.२.४.प्रमुख उपलब्धि तथा नतिजा ..... ४२
४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ४३
४.३ शिक्षामा समता र समावेशीकरण ..... ४४
४.३.१ वर्तमान अवस्था ..... ४५
४.३. २ उद्देश्य ..... ४५

४.३.३ रणनीति ........................................................................................................ ४६

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा.................................................................................... ४६

४.३. ५  प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ................................................................ ४७

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ............................................................................ ४८

४.४.१ वर्तमान अवस्था ...................................................................................................... ४९

४.४.२ उद्देश्य ................................................................................................................... ४९

४.४.३ रणनिति.................................................................................................................. ४९

४.४.४  प्रमुख उपलब्धि तथा नतिजा................................................................................... ५०

४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ................................................................... ५१

४.५ जलवायु अनुकूलन, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ............................ ५१

४.५. १ वर्तमान अवस्था .................................................................................................... ५२

४.५.२ उद्देश्य ................................................................................................................... ५३

४.५. ३ रणनिति................................................................................................................ ५३

४.५.४. प्रमुख उपलब्धि तथा नतिजा.................................................................................... ५४

४.५.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ................................................................. ५५

४.६ विद्यालय  भौतिक  पूर्वाधार  विकास................................................................................ ५६

४.६. १ वर्तमान अवस्था .................................................................................................... ५६

४.६. २  उदेश्य ................................................................................................................. ५७

४.६. ३ रणनिति................................................................................................................ ५८

४.६.४. प्रमुख उपलब्धि तथा नतिजा.................................................................................... ५८

४.६.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ................................................................. ५८

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि............................................................................. ५९

४.७.१ वर्तमान अवस्था ...................................................................................................... ५९

४.७.२ उद्देश्य ................................................................................................................... ६०

४.७.३ रणनीति ........ ६०

४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ६१

४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६२

**परिच्छेद ५: अन्य उपक्षेत्र** ........ ६३

५. १ उच्च शिक्षाको व्यवस्थापन ........ ६३

५.१.१ वर्तमान अवस्था ........ ६३

५.१.२ उद्देश्य ........ ६४

५.१.३ रणनीति ........ ६४

५.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ६५

५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६६

**परिच्छेद ६: सुशासन तथा व्यवस्थापन** ........ ६७

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ६७

६.१.१ वर्तमान अवस्था ........ ६७

६.१.२ उद्देश्य ........ ६८

६.१. ३ रणनीति ........ ६८

६.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ६९

६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६९

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ७०

६.२ . १ बर्तमान अवस्था ........ ७०

६.२.२ उद्देश्य ........ ७१

६.२.३ रणनीतिहरू ........ ७१

६.२.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ७२

६.२ . ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ७३

परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन ........ ७३

७.१.वर्तमान अवस्था ........ ७४

७.३ लक्ष्य ........ ७५

७.४ उद्देश्य ........ ७५

७.५ रणनीतिहरू ........ ७५

७.६ प्रमुख उपलब्धि तथा नतिजा ........ ७६

**प्रमुख क्रियाकलाप** ........ ७७

**परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन** ........ ८१

८.१.१. वर्तमान अवस्था ........ ८१

८.१. २. उद्धेश्यहरु ........ ८२

८.१.३. रणनीति ........ ८२

८. १. ४ प्रमुख उपलब्धि तथा नतिजा ........ ८२

६.४.५. प्रमुख  क्रियाकलाप  र परिमाणात्मक लक्ष्य ........ ८३

*जवाफदेहिता चार्ट* ........ ८३

**सन्दर्भ सामग्री** ........ ८४

अनूसूची ........ ८५

## शुभकामना

शिक्षा नै विकासको मेरुदण्ड हो । गुणस्तरीय, प्रविधिमैत्री, र व्यावहारिक शिक्षा विना कुनै पनि समाज र राष्ट्रको समृद्धिको कल्पना गर्न सकिँदैन । यही मर्मलाई आत्मसात् गर्दै, हाम्रा बालबालिकाको सुनौलो भविष्य निर्माणका लागि स्थानीय आवश्यकता, समयको माग र आधुनिक शिक्षाका मापदण्डलाई समेटेर बेलकोटगढी नगरपालिकाले प्रथम पञ्चर्षिय नगर शिक्षा योजना २०८३ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

यस योजनाले देशको राष्ट्रिय आवश्यकता, नागरिकको शिक्षा पाउने अधिकार र शिक्षित समाज निर्माण गर्ने परिकल्पनाको साथ सामुदायिक र संस्थागत विद्यालयहरूको शैक्षिक गुणस्तरमा एकरूपता र अभिवृद्धि गर्न डिजिटल शिक्षा र आधुनिक प्रविधिलाई कक्षाकोठासम्म पहुँच पुर्याउनुको साथै व्यवहारिक तथा सीपमूलक शिक्षामा जोड दिने गरी विद्यालयहरूको भौतिक विकास, बालमैत्री वातावरण र सुरक्षित सिकाइ क्षेत्रको निर्माणलाई प्राथामिकतामा राखेको छ ।

नगरपालिकाको शैक्षिक रूपान्तरण गर्न एक स्पष्ट योजना तथा खाका तयार गरि त्यसलाई कार्यान्वयन गर्नु नगरपालिकाको प्रमुख दायित्व हो । त्यस दायित्वलाई पुरा गर्न योजना निर्माण कार्यमा अहोरात्र खटिनुहुने सम्पूर्ण जनप्रतिनिधी, शिक्षक, कर्मचारी, बुद्धिजिवीहरू, र शिक्षा प्रेमी सरोकारवाल सबैलाई विशेष धन्यबाद दिन चाहन्छौ ।

आज हाम्रो नगरपालिकाको शैक्षिक विकासको लागि एउटा ऐतिहासिक र गौरवशाली दिन हो । हामी लामो समय देखि छलफल तथा तयारी गर्दै आएको 'नगर शिक्षा योजना' लाई आजबाट औपचारिक रूपमा कार्यान्वयनको चरणमा प्रवेश गराउँदै छौँ । यस योजनाको सफल कार्यान्वयन केवल स्थानीय सरकारको एक्लो प्रयासले मात्र सम्भव छैन । यसका लागि विद्यालय, शिक्षक, अभिभावक र सम्पूर्ण नगरवासीहरूको सक्रिय सहकार्य, रचनात्मक सुझाव र निरन्तर निगरानी अपरिहार्य हुन्छ । तसर्थ नगरवासि सम्पूर्ण जनप्रतिनिधी, शिक्षक, कर्मचारी, बुद्धिजिवीहरू र शिक्षामा सरोकार राख्ने समुर्ण संस्था र व्यक्तित्वहरुलाई नगर शिक्षा योजनालाई पुर्णरुपमा कार्यान्वयन गरी नगर शिक्षाको विकास र समृद्विको कार्यमा सरिक हुन सम्पुर्ण हार्दिक अनुरोध गर्दछौ ।

***"शिक्षित समाज, समृद्ध नगर"*** भन्ने हाम्रो साझा संकल्पलाई पूरा गर्न यो योजना एक महत्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ भन्ने हामीले विश्वास लिएका छौँ ।

धन्यवाद!

बेलकोटढी नगरपालिका<br>
नगर कार्पालिकाको कार्यालय<br>
बाघखोर नुवाकोट

## योजनाको सारांश

नेपालको संविधानमा व्यवस्था भए अनुसार शिक्षा साझा अधिकारको सूचीमा परेको छ।यद्यपी माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानिय तहको अधिकार क्षेत्रमा परेको छ।यही व्यवस्था अनुसार स्थानीय तहहरुले कार्य गर्दै आएका छन् । विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भए अनुसार विद्यालय शिक्षाको विकासको योजना निर्माणको दायित्व स्थानीय तहको हुन आएको छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको २३ वटा अधिकार क्षेत्रमा पनि आवधिक योजना निर्माण र कार्यान्वयनका लागि मार्ग प्रदान गरेको छ । दीगो विकास लक्ष्य अनुरुप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्नु सबै तहका सरकारको दायित्व रहेको छ।शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तय गरेको नयाँ शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि प्रदेश र स्थानीय सरकारका लागी योजना निमार्ण गर्न मार्गनिर्देश गरेको छ । यसै परिप्रेक्षमा बेलकोटगढी नगरपालिकाले शिक्षालाई समय सापेक्ष शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता सहितको शिक्षाका लागि योजना निर्माण आवश्यक ठानी ५ वर्षे शिक्षा योजना निर्माण गरिएको छ। यस योजनाको ५ वर्षका लागि एक अर्व चौसठ्ठी करोड सर्चालिस लाख सोह्र हजार खर्च हुने अनुमान गरिएको छ ।

# विषय प्रवेश

नेपालको संबिधान २०७२ ले समतामूलक, समाबेशी र समाजवाद उन्मुख राष्ट्र निर्माणको ध्येय सँगै शिक्षा सम्बन्धी केही हक तथा प्राथमिकताहरु स्थापीत गरेको छ । सोही प्राथमिकताहरु कार्यान्वयन गर्ने क्रममा निशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र नियमावली २०७७, बालबालिका ऐन २०७५ ले शिक्षा लगायत बालबालिकाको हकलाई प्रत्याभूत गरेको छ । त्यस्तैगरी राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भएर शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन प्रदान गरेको छ । यसैगरी दीगो विकास लक्ष्य ४ नम्बर उदेश्यले सबैको लागि समावेशी र समतामूलक गुण्स्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने उल्लेख गरेको छ । उल्लेखित दृष्टीकोणलाई ख्याल गर्दै हाल सोह्रौँ योजना तयार गरी कार्यान्वयवमा छ । विश्व शिक्षा बजारमा भएको तिव्र परिवर्तन तथा विज्ञान प्रविधिमा भएको विकासलाई आत्मसात गर्न, आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयुक्त जनशक्ति विकास गर्न शिक्षाले सहयोग गर्दछ ।विभिन्न खालका प्रकोप, महामारी, विपतमा शिक्षालाई चलायमान बनाउन आवश्यक छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आवधिक योजनाको साथ साथै विषयगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरालाई नीतिगत व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात आधारभूत तथा माध्यमिक शिक्षाको कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेको छ ।

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्ने एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तन प्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने दायित्व स्थानीय सरकारमा रहेको छ । शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभाव रहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो ।

## क)शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान २०७२ ले आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापनको मुख्य कार्य स्थानीय सरकारमा रहेको नीतिगत व्यवस्था गरेको छ । यस्तैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को ११ (ज) अनुसार आधारभूत र माध्यामिक शिक्षालाई थप व्यवस्थित

गर्न २३ वटा अधिकारहरुलाई तोकेको छ। यसका साथै परिच्छेद ६ (२४) मा गाऊँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने कुरा उल्लेख भएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पनि १० वर्षे नयाँ शिक्षा क्षेत्रको योजना निर्माणको लागि कार्य ढाँचा विकास गरेको र पालिकाहरुको शिक्षा योजना तयारको लागि आधार तय गरेको छ। स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ परिमार्जित संस्करण २०८१ ले पनि शिक्षा योजना निर्माण गर्नु पर्ने व्यवस्थालाई थप सहजीकण गरेको छ। प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न योजना निर्माण आवश्यक छ। संङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई व्यवस्थीत गरी योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न आवश्यक देखिन्छ। कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्याहरुलाई न्यूनीकरण गर्न योजनाबद्ध हुनु आजको अपरिहार्यता हो। साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन, शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग गर्न पनि यो योजनाले मद्धत पुऱ्याउनेछ।

## ख) शिक्षा योजना निर्माणका आधार

बेलकोटगढी नगरपालिकाले नेपालको संविधान २०७२ को धारा ३१ र ५१ लाई मूल आधार बनाई नगर शिक्षा योजना निर्माण गरेको छ। विद्यालय शिक्षालाई सबल र मजबुद बनाउन स्थानीय सकारलाई जिम्मेवार बनाइएको छ। स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ को दफा ११ को २ (ज) मा स्थानीय तहको शिक्षासम्बन्धी अधिकारको नीतिगत व्यवस्था छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावलीलाई समेत ख्याल गरी योजना तर्जुमा गरिएको छ। शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, सोह्रौँ योजना लगायत आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजना, स्थानीय विकास योजनाहरु पनी योजना निर्माणका आधारहरु हुन। शिक्षा क्षेत्रको समग्र विकास र व्यववस्थित पद्धती अबलम्बनका लागि संघीय सरकारले तयार गरेको केही दस्ताबेजहरु विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, दिगो विकास लक्ष्य नं ४, राष्ट्रिय पाठ्यक्रम प्रारूप, सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (सन्२०२३–२०२८), विद्यालय शिक्षामा समता रणनीति, बागमती प्रदेश सरकारको शिक्षा नीति र योजना रहेका छन्। यस्तैगरी स्थानीय तहको मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट, अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू, विद्यालय सुधार योजना, विद्यालयगत भए गरेका

आयव्यय विवरणलाई योजना निर्माण गर्दा आधारको रुपमा लिइएको छ ।योजना निर्माण गर्दा राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८, नगरपालिकाको IEMIS लाई तथ्यांङ्कीय आधारको रुपमा लिइएको छ। शिक्षा विकास तथा समन्वय इकाइ नुवाकोटले प्रकाशन गरेको आ व २०८२।०८३ को शैक्षिक सूचना तथा पालिकागत शैक्षिक विवरण लाई पनी सहयोगी दस्तावेजको रुपमा हेरिएको छ।

## ग) शिक्षा योजना निर्माण प्रक्रिया

बेलकोटगढी नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि व्यवस्थित र सहभागितामूलक प्रक्रिया अपनाई शिक्षा योजना निर्माण गरेको हो। योजना निर्माणका प्रमुख चरणहरू निम्नानुसार रहेका छन्।

### प्रारम्भिक छलफल र समिति गठन

नगर शिक्षा योजना निर्माण समितिको निर्णय सहित शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा विभिन्न चरणमा सरोकारवालाहरु संग छलफल तथा बैठकहरू आयोजना गरिएका थिए । यूएसएआईडी प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमको प्राविधिक सहयोगमा शिक्षा क्षेत्र योजना तर्जुमा गर्ने निर्णय गरिएको थियो। यसै सन्दर्भमा, वि सं २०८१ श्रावण २० गते बेलकोटगढी नगर शिक्षा योजना निर्माण समिति गठन गरिएको थियो, जसलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सुझाव अनुसार २०८१ बाट योजना निर्माण कार्यलाई निरन्तरता दिइएको थियो।

### सरोकारवाला परामर्श तथा सूचना सङ्कलन

योजना निर्माणका लागि शिक्षा तथा खेलकुद शाखा, स्वास्थ्य तथा सरसफाइ शाखा, महिला तथा बालबालिका शाखा लगायत सम्बन्धित निकायहरूसँग समन्वय गरी विद्यमान नीति, कार्यक्रम र कार्यविधिको विश्लेषण गरिएको थियो। यस प्रक्रियामा स्थानीय तहका आवश्यकता, समस्या र सम्भावनाहरू पहिचान गर्न व्यापक रूपमा सूचना सङ्कलन गरिएको थियो।

### सुझाव सङ्कलन

यस कार्यमा निम्न सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। यसले योजना निर्माण प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाएको छ।

- विषयगत शाखाका प्रमुखहरू स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, विपद् व्यवस्थापन आदि,
- वडा अध्यक्षहरू
- विद्यालयका प्रधानाध्यापक र शिक्षक,

- विद्यालय व्यवस्थापन समिति,  शिक्षक अभिभावक सङ्घ,
- अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घ संस्था
- विभिन्न सरकारी र गैरसरकारी सङ्घसंस्था आदि,

**मस्यौदा तयारी**

कार्यशालाबाट सङ्कलित सूचना तथा सुझावहरूको आधारमा शिक्षा योजना मस्यौदा लेखन कार्यदलको नेतृत्वमा मस्यौदा तयार गरिएको थियो ।

**सुझाव सङ्कलन र परिमार्जन**

यसरी तयार गरिएको मस्यौदामाथि थप सुझाव सङ्कलनका लागि नगरकार्यपालिका, नगर शिक्षा समिति, प्रधानाध्यापक बैठक, शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत छलफल गरिएको थियो। साथै बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन समेत गरियो ।

**अन्तिम मस्यौदा तयारी**

सरोकारवालाबाट प्राप्त सुझावहरू समेटी अन्तिम मस्यौदा तयार गरी शिक्षा योजना निर्माण समितिमा पेश गरिएको थियो। समितिले आवश्यक छलफल तथा मूल्याङ्कन पश्चात कार्यपालिकामा पेश गर्ने निर्णय गरेको थियो ।

**स्वीकृति र कार्यान्वयन**

२०८३ श्रावण २५ गतेको कार्यपालिका बाट छलफल, स्वीकृति तथा निर्णय पश्चात ५ वर्षे नगर शिक्षा  योजना औपचारिक रूपमा स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ ।

## घ) योजनाको लेखाजोखा

| क्र.स | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | योजना वा कार्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रियामा स्थानीय सरकार, विद्यालय, समुदाय, सरोकारवाला निकाय, महिला, बालबालिका, दलित, जनजाति तथा अन्य लक्षित समूहको अर्थपूर्ण सहभागिता, नेतृत्वको प्रतिबद्धता, समन्वय र निर्णय प्रक्रियाको मूल्याङ्कन गरिएको छ ।  आवश्यक सूचना र संकलनमा विद्यालय |

| | | |
|---|---|---|
| | | नेतृत्व र शिक्षा सम्बद्द सरोकारवालाहरुको संलग्नता रहेको छ । सबै पक्षहरुको सहभागितामा शिक्षा योजना निर्माण गरिएको छ। |
| २ | पर्याप्तता र सान्दर्भिकता | योजना वा कार्यक्रमले स्थानीय आवश्यकता, नीति, कानुन, समुदायको माग तथा लक्षित समूहका वास्तविक समस्यालाई कति सम्बोधन गरेको छ भन्ने मूल्याङ्कन गरिएको छ । शिक्षा क्षेत्रको सुधारका लागि राखिएका क्षेत्रगत उदेश्य, रणनीति, कार्यनीति तथा क्रियाकलापहरु र वार्षिक लक्ष्यहरु समय सान्दर्भिक र पर्याप्त छन्। |
| ३ | समता सक्षमता तथा गुणस्तर | लैङ्गिक समानता, सामाजिक समावेशीकरण, पहुँच, अवसरको समानता, सेवाको गुणस्तर तथा कार्यान्वयनमा दक्षता सुनिश्चित भएको छ। कार्यक्रमले सबै वर्गलाई समान लाभ पुऱ्याएको हुनेछ । मानव श्रोत विकास तथा परिचालनमा गरेको प्रयास उल्लेखनीय छ। |
| ४ | अन्तरसम्बन्ध तथा तादाम्यता | योजना राष्ट्रिय नीति, प्रदेश तथा स्थानीय योजना, दिगो विकास लक्ष्य(SDG), नेपालको सौँहौ योजना, विद्यालय शिक्षा क्षेत्र योजनाहरुका मार्गनिर्देनहरुसँग यो योजना अनुकुलन गरिएको छ । स्थानीय तहको योजना तर्जुमा सम्बन्धी मार्गनिर्देशन २०८१ मा आधारित रहित उल्लेखित क्षेत्र र अन्तर विषयगत विषयहरुको तालमेल गरिएको छ । विभिन्न कार्यक्रम बीचको समन्वय र दोहोरोपनको अवस्थासमेत विश्लेषण गरिन्छ। नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरु र विद्यालय सुधार योजनालाई समेत ख्याल गरि शिक्षा योजनाको तादाम्यता कायम गरिएको छ। |
| ५ | सम्भाब्यता तथा कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | उपलब्ध स्रोत, समय, जनशक्ति, प्राविधिक क्षमता तथा स्थानीय परिस्थितिका आधारमा योजना कार्यान्वयन गर्न सम्भव छ कि छैन भन्ने विश्लेषण गरिएको छ। जोखिम, चुनौती तथा वैकल्पिक उपायहरूको पनि समीक्षा गरिएको छ। स्थानीय शैक्षिक आवश्यकता र शैक्षिक उन्नयनका विषयका लागि यो योजनाले भरपुर सम्बोधनका प्रयासहरु गरेको छ। |
| ६ | स्रोतको प्रबन्ध | शिक्षा योजनामा रहेका विभिन्न क्रियाकलापहरु का लागि आवश्यक बजेट, जनशक्ति, सामग्री, पूर्वाधार, प्रविधि तथा अन्य स्रोतको उपलब्धता, व्यवस्थापन, पारदर्शिता र दिगोपनको अवस्था मूल्याङ्कन गरिएको छ। |
| ७ | संस्थागत क्षमता | कार्यान्वयन गर्ने संस्थाको प्रशासनिक, प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता, मानव स्रोत, अनुभव, समन्वय संयन्त्र तथा संस्थागत संरचनाको पर्याप्तता मूल्याङ्कन गरिएको छ। |

| | | |
|---|---|---|
| ८ | कार्यान्वयनमा तत्परता | कार्यक्रम सञ्चालनका लागि कार्ययोजना, जिम्मेवारी बाँडफाँट, कार्यान्वयन तालिका, खरिद प्रक्रिया, साझेदारी व्यवस्था, जोखिम व्यवस्थापन तथा आवश्यक समीक्षा गरिएको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | आधारभूत तथ्याङ्क (Baseline) , सूचकहरू, लक्ष्य निर्धारण, तथ्याङ्कको विश्वसनीयता, विश्लेषण, प्रवृत्ति तथा निर्णय प्रक्रियामा तथ्याङ्कहरुको विश्लेषण गरि योजनामा लिपिबद्ध गरिएको छ। |
| १० | अनुगमन र प्रतिवेदन | कार्यक्रमको नियमित अनुगमन, कार्यसम्पादन सूचक(Performance Indicator), प्रगति समीक्षा, प्रतिवेदन प्रणाली, सिकाइ, जवाफदेहिता तथा प्राप्त नतिजाका आधारमा सुधारात्मक कार्यहरूको व्यवस्था मूल्याङ्कन भएको छ। |

**ङ) योजनाको दस्तावेजको स्वरुप**

बेलकोटगढी नगपालिकाको नगर शिक्षा योजना आठ परिच्छेदमा निर्माण गरिएको छ । पहिलो परिच्छेदमा नगरपालिकाको पृष्ठभूमि, बेलकोटगढी नगरपालिकाको सन्दर्भ सहित वर्तमान अवस्थाको विश्लेषण शिक्षा क्षेत्रका समस्या तथा चुनौतीको विश्लेषण तथा अवसरहरु उल्लेख गरिएको छ । त्यस्तै गरी दोस्रो परिच्छेदमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार, दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा र आजीवन सिकाइबारे मन्थन गरिएको छ । यसैगरी चौथौँ परिच्छेदमा शिक्षासँग अन्तरसम्बन्धित विषय तथा क्षेत्र पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि समावेश गरिएको छ । परिच्छेद पाँचमा उच्च शिक्षाको व्यवस्थापनबारे उल्लेख गरिएको छ । छैटौँ परिच्छेदमा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध लगायतलाई समावेश गरिएको छ । परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन तथा परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई उल्लेख गरिएको छ ।

# परिच्छेद १: परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३१ मा आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निशुल्क शिक्षा तथा माध्यामिक तहसम्मको नि:शुल्क शिक्षा पाउने हकको प्रत्याभूत गरेको छायसैगरी नि:शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र यसलाई कार्यान्वयन गर्न बनेको नियमावली २०७७, बालबालिका सम्बन्धी ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६ ले दिएको निर्देशनहरू कार्यान्वयनमा आएको छ। यस्तै दिगो विकास लक्ष्य नं ४ "सबैका लागि समावेशी र समतामलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने उदेश्य राखि यस उदेश्यसँग सम्बन्धित सातवटा लक्ष्यहरू निर्धारण गर्नुका साथै लक्ष्य प्राप्तिका लागि थप तीनवटा तरिकाहरू समेत उल्लेख गरेको छ।त्यस्तै चालु आवधिक सौहौँ योजना २०८१।०८२–२०८५।०८६ ले प्रारम्भिक बालविकासदेखी सबै तह र प्रकारमा शिक्षालाई पहुँचयोग्य, समावेशी, गुणस्तरीय, समयसापेक्ष एवं जीवनोपयोगी बनाई सक्षम तथा प्रतिस्पर्धी जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्याउने कुरा उल्लेख गरेको छ। यो योजनाको अन्त्य सम्ममा प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका ७६.९ बाट १००, आधारभूत कक्षा १–८ पुरा गर्ने दर ७७.१ बाट १००, उच्च शिक्षामा कुल भर्ना दर १७.७७ बाट २५, शिक्षण सिकाइमा इन्टरनेटको पहुँच ३५.५ बाट १०० प्रतिशत पुयाउने लक्ष्य लिएको छ। संघीय सरकारले विद्यालय शिक्षा क्षेत्र योजना २०२२–२०३१ कार्यान्वयनमा ल्याएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ गाउँ तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक,वार्षिक, क्षेत्रगत योजनाहरू बनाउनुपर्ने नीतिगत व्यवस्था भए बमोजिम नै शिक्षाको क्षेत्रगत योजना तयार गरिएको छ।

बेलकोगढी नगपालिकामा ४ वर्ष उमेर समूहका बालबालिकाहरू प्रारम्भिक बालविकास तथा शिक्षामा सहभागी हुन्छन्। त्यस पश्चातको ८ वर्षे आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क रुपमा राज्यले सामुदायिक विद्यालय मार्फत प्रदान गर्दछ। नगरपालिका भित्रका निजी विद्यालयहरूले शुल्क सहित शिक्षण गराइहेका छन्। शिक्षा क्षेत्रलाई नगरको समग्र विकासको मूल आधार मानी विद्यालय शिक्षाको गुणस्तरमा विशेष ध्यान दिने गरेको छ। यसै क्रममा नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेख्य कार्यहरू गर्दै आइरहेको छ। सबै विद्यालयहरूमा विद्युतको पहुँच, इन्टरनेट, सुचना प्रविधिको पहुँच, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण भई कार्यान्वयन, माध्यामिक तहमा विद्यालय नर्सको व्यवस्था, छात्राहरूको लागि सेनेटरी प्याडको उपलब्धता, प्रारम्भिक

कक्षाका शिक्षकहरुलाई तालिमको व्यवस्था, अधिकांश विद्यालय भूकम्प प्रतिरोधी भौतिक पूर्वाधार निर्माण भएका छन् । त्यस्तैगरी वार्षिक शैक्षिक क्यालेण्डर निर्माण, कार्यान्वयन र विद्यालयमा शिक्षक अभाव व्यवस्थापन गर्न नगरपालिकाले थप शिक्षकको व्यवस्था गरेको छ।

क) भौगोलिक अवस्थितिको विश्लेषण

बेलकोटगढी नगरपालिका बागमती प्रदेश नुवाकोट जिल्लाको एक ऐतिहासिक महत्त्व बोकेको नगरपालिका हो । वि.स. २०७३ सालमा साविकको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा नुवाकोट जिल्लामा साविक गा.वि.स. हरू दुईपीपल, रातमाटे, कुमरी, बेलकोट, जिलिङ्, मदानपुर (१-६ र ९) समेतलाई समावेश गरी यो नगरपालिका बनेको हो । यो नगरपालिका १३ वटा वडामा विभाजित छ र नगरपालिकाको मुख्यालय (प्रशासन केन्द्र) बाघखोरमा रहेको छ । यस नगरपालिकाको क्षेत्रफल १५५.६ वर्ग किलोमिटर रहेको छ । यसको पूर्वमा ककनी गाउँपालिका, पश्चिममा तारकेश्वोर गाउँपालिका . र धादिङ जिल्लाको गल्छी गाउँपालिका उत्तरमा विदुर नगरपालिका, लिखु गाउँपालिका र तारकेश्वोर गाउँपलिका र दक्षिणमा धादिङ जिल्लाको धुनिवेशी नगरपालिका र थाक्रे गाउँपालिका रहेका छन्। ऐतिहासिक प्रशिद्ध स्थानहरुमा बेलकोटगढी, निरन्जना मन्दिर, चिम्टेश्वोर महादेव, शक्ति कालिका मन्दिर, बाराही मन्दिर, चण्डादेवी मन्दिर, बासुकी मन्दिर, फाँटापौवा, कुमारी देवीस्थान, जलेश्वर महादेव मन्दिर, महामाया मन्दिर, कैलावती मन्दिर, वरदेवी मन्दिर, बालकुमारी मन्दिर जस्ता प्रशिद्ध तिर्थस्थल तथा ऐतिहासिक स्थल समेत यसै नगरपालिकामा रहेको छ ।

ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको जनसङ्ख्या ३५२२४ रहेको छ । जसमा महिलाको संख्या १८१६७ तथा पुरुषको संख्या १७०५७ रहेको छ ।घरधुरीको संख्या ९२२२ रहेको छ । प्रति किलोमिटर जनघनत्व २२६ जना रहेको छ। त्यस्तैगरी साक्षर महिला ६१.९ र पुरुष ७६.५प्रतिशत गरी जम्मा ६९प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा जनसंख्याको ३.१ प्रतिशत अपांगता भएका व्यक्तिहरू रहेको छ । जसमा ३.२ प्रतिशत पुरूष र ३ प्रतिशत महिला रहेको पाइन्छ ।

**उमेर समूहअनुसार जनसंख्या**

| उमेर | पूरूष | महिला | जम्मा |
|---|---|---|---|
| ९५ माथिका | ११ | २१ | ३२ |
| ९० देखि ९४ | २५ | ३६ | ६१ |

| | | | |
|---|---|---|---|
| ८५ देखि ८९ | ८५ | ८५ | १७० |
| ८० देखि ८४ | १४६ | १४९ | २९५ |
| ७५ देखि ७९ | ३४४ | ३३९ | ६८३ |
| ७० देखि ७४ | ४२४ | ४७५ | ८९९ |
| ६५ देखि ६९ | ६०१ | ६०४ | १२०५ |
| ६० देखि ६४ | ७६१ | ७७३ | १५३४ |
| ५५ देखि ५९ | ८३१ | ८३३ | १६६४ |
| ५० देखि ५४ | १०३९ | १०६२ | २१०१ |
| ४५ देखि ४९ | ९६५ | १०२४ | १९८९ |
| ३९ देखि ४४ | १०२६ | १२५२ | २२७८ |
| ३५ देखि ३९ | १०८९ | १२१० | २२९९ |
| ३० देखि ३४ | ११६५ | १३३९ | २५०४ |
| २५ देखि २९ | १२७२ | १४०९ | २६८१ |
| २० देखि २४ | १३१० | १४९० | २८०० |
| १५ देखि १९ | १६८९ | १७९५ | ३४८४ |
| १० देखि १४ | १६८६ | १७०९ | ३३९५ |
| ०५ देखि ०९ | १४०४ | १३७१ | २७७५ |
| ००देखि ०४ | ११८४ | ११९१ | २३७५ |
| **जम्मा** | **१७०५७** | **१८१६७** | **३५२२४** |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## वडा अनुसार जनसंख्या विवरण

| **वडा** | **पूरूष** | **महिला** | **जम्मा** |
|---|---|---|---|
| १ | ७१० | ७५९ | **१४६९** |
| २ | १२०८ | १२४६ | **२४५४** |
| ३ | १४२० | १५२३ | **२९४३** |
| ४ | १३११ | १४७५ | **२७८६** |
| ५ | १५४३ | १६३७ | **३१८०** |
| ६ | १२५८ | १२८९ | **२५४७** |
| ७ | २२६२ | २२८५ | **४५४७** |
| ८ | १३८२ | १४७६ | **२८५८** |
| ९ | ११९५ | १३०९ | **२५०४** |

| | | | |
|---|---|---|---|
| १० | १३७५ | १४४६ | **२८२१** |
| ११ | ११०५ | १३०२ | **२४०७** |
| १२ | ९४६ | १०४४ | **१९९०** |
| १३ | १३४२ | १३७६ | **२७१८** |
| जम्मा | **१७०५७** | **१८१६७** | **३५२२४** |

***स्रोत: राष्ट्रिय जनगणना २०७८***

ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

समाजमा सामाजिक सद्भाव र एकता भएमा आफ्नोपनको भावना सृजना गर्दछ । बेलकोटगढी नगरपालिका भित्र रहेका व्यक्तिहरुबीच अनेकतामा एकता रहेको पाईन्छ । यहाँ समुदायका मानिसहरुविच सहयोग, सहानुभूति समझदारीलाई प्रोत्साहन दिएको छ जसले गर्दा बलियो सामाजिक बन्धन भएको पाइन्छ । त्यसैले सामाजिक सद्भाव सहयोग, सहकार्य, सहअस्तित्व, सहिष्णुता, मेलमिलाप कायम रहेको पाईन्छ । यहाँ आफ्नो जातजाती अनुसारको संस्कार र संस्कृतिहरु रहेका छन् ।ब्राह्मण जातिको बाहुल्यता भएको यस नगरपालिकामा तामाङ, क्षेत्री, राई, नेवार, मगर लागयतका जातजातीको बसोबास रहेको छ । यहाँ हिन्दु, बौद्ध, क्रिस्चीयन धर्मावलम्वीहरु वसोवास गर्दछन । उनिहरुले दशै, तिहार, ल्होसार , वुद्ध जयन्ती, तिज, माघे सक्रान्ती, फागु पूर्णीमा, शिवरात्री, क्रिसमस जस्ता चाडपर्वहरु प्रमुख रुपमा मान्ने गर्दछन । बेलकोटगढी नगरपालिका भित्र बस्ने जातजातिका आधारमा जनसंख्याको विवरण निम्न छन् ।

**जातजातिका आधारमा जनसंख्याको विवरण**

| जातजाति | पूरूष | महिला | जम्मा |
|---|---|---|---|
| क्षेत्री | १३९१ | १४२२ | २८१३ |
| ब्राह्मण | ६२२५ | ६६३१ | १२८५६ |
| मगर | ४५० | ४७३ | ९२३ |
| थारू | २० | १४ | ३४ |
| तामाङ्ग | ५२९० | ५७६५ | ११०५५ |
| नेवार | ९५४ | ९८५ | १९३९ |
| विश्वकर्म | ४३७ | ४६८ | ९०५ |
| मुसलमान | १६ | ७ | २३ |

| | | | |
|---|---|---|---|
| राई | १०७२ | ११६९ | २२४१ |
| गुरूङ्ग | ६० | ६२ | १२२ |
| परियार | ४९९ | ५१४ | १०१३ |
| ठकुरी | ७ | ७ | १४ |
| मिजार | ३३७ | ३७३ | ७१० |
| तेली | ५ | ५ | १० |
| सन्यासी | ५ | ७ | १२ |
| कुमाल | २५ | १८ | ४३ |
| घर्ती, भुजेल | १३८ | १३५ | २७३ |
| सुनुवार | ४६ | ५६ | १०२ |
| घले | ९ | ११ | २० |
| कमार | १६ | १६ | ३२ |
| अन्य | २६ | २० | ४६ |
| विदेशी | २९ | १० | ३९ |
| जम्मा | १७०५७ | १८१६८ | ३५२२५ |

***स्रोत: राष्ट्रिय जनगणना २०७८***

## घ) आर्थिक अवस्थाको विश्लेषण

यस नगरपालिकामा बासोबास गर्ने नागरिकको मुख्य पेशाको रुपमा कृषि रहेको छ । यहाँको जीविकोपार्जन तथा आम्दानीको मुख्य आधारको रुपमा खाध्यान्न, तरकारी खेती, पशुपालन, कुखुरापालन, साना उद्योग रहेको छ ।यस सङ्गै वैदेशिक रोजगारी पनि नगरपालिकाको आम्दानी स्रोत मान्न सकिन्छ । सन् २०३० सम्ममा कम आय भएको देशबाट मध्यम आय भएको देश बनाउने राज्यको लक्ष्यलाई टेवा दिन यस नगरपालिकाले पनि विभिन्न किमिका आर्थिक गतिविधिहरु अगाडी बढाएको छ ।

## ङ) शैक्षिक अवस्थाको विश्लेषण

बेलकोटगढी नगरपालिकामा ५२ वटा सामुदायिक विद्यालयहरू (४ वटा बाल विकास केन्द्र सहित) र ३ वटा संस्थागत विद्यालय रहेका छन् । सामुदायिक विद्यालयहरूमा नगर स्वयमसेवक बाहेक सबै तह र किसिमका गरी ४२० जना शिक्षकहरु, ६६ जना बालविकास सहजकर्ताहरु र

हरेक विद्यालयमा १/१ जना विद्यालय सहयोगी र माध्यमिक तहमा थप १/१ जना विद्यालय सहायक-लेखासम्बन्धी कार्य गर्ने कर्मचारी छन् ।

**बेलकोटगढी नगरपालिकाको तहगत विद्यालय विवरण ।**

| क्र स | विद्यालय | सामूदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बालविकास | ४ | ० | ४ |
| २ | आधारभूत (१देखि ३) | १२ | १ | १३ |
| ३ | आधारभूत (१देखि ५) | ७ | २ | ९ |
| ४ | आधारभूत (१देखि ८) | १० | ० | १० |
| ५ | माध्यामिक(१देखि १०) | ९ | ० | ९ |
| ६ | माध्यामिक(१देखि १२) | ११ | ० | ११ |
| | **जम्मा** | ५२ | ३ | ५५ |
| ७ | क्याम्पस | २ | ० | २ |
| ८ | सामूदायिक सिकाइ केन्द्र | ० | ० | ० |

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी विवरण**

| विद्यालयका विद्यार्थी | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ | कक्षा ९-१० | ११-१२ | जम्मा |
| ८६५ | १४०१ | ९२८ | १६५७ | १०३८ | ३३८ | ६२२७ |

(स्रोत : EMIS 2083)

## १.२ शिक्षा क्षेत्रका मुख्य समस्या

१. बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री सिकाईको वातावरण निर्माण गर्नु।

२. प्रारम्भिक वाल विकास केन्द्र र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।

३. सुचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार तथा सिकाईमा यसको प्रभावकारी ढङ्गले प्रयोग गर्नु।

४. बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर कम गर्नु।

५. सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण गर्नु।

६. विद्यालयस्तरीय पाठ्यक्रमलाई समय सान्दर्भिक, स्तरयुक्त र सबैको आवश्यकता पूरा गर्ने खालको बनाउनु

७. दक्ष जनशक्तिको व्यवस्थापन तथा भएका जनशक्तिको समेत क्षमता अभिबृद्धि गर्नु।

८. स्पष्ट जिम्मेबारी तोकी ऐन, नियम नआउँदा तिनै तहका सकारहरूबीच कार्य सम्पादनको क्रममा अन्यौलता कायमै हुनु ।

९. शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको विकास गर्नु।

## १.३ शिक्षा क्षेत्रको चुनौतीको विश्लेषण

१. शैक्षिक सुशासन, पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व बोधको अभाव हुनु।

२. विद्यालय नक्शाकंन प्रभावकारी कार्यान्वयन नहुनु।

३. संस्थागत विद्यालयका शिक्षक कर्मचारीलाई आवस्यक तालीम तथा गोष्ठिहरुमा समान सहभागिताको अभाव हुनु।

४. अभिभावकहरुको निजि विद्यालय तर्फ आकर्षण बढ्नु।

५. युवा विद्यार्थिहरुमा जनप्रतिनिधि, राजनैतिक दल र राष्ट्रसेवक कर्मचारीहरु प्रति नकरात्मक सोचाइको विकास हुनु।

६. सामुदायिक विद्यालयका शिक्षक र स्थानीय अधिकारीहरूले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पठाउनु र सामुदायिक विद्यालयलाई विश्वास नगर्नु।

७. शिक्षण सिकाइ पद्धति व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित नहुनु।

८. क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्न नसक्नु।

९. सार्वजनिक विद्यालयको सिकाइ प्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना नहुनु।

## १.४ अवसर

१. स्थानीय तहमा शिक्षा क्षेत्रमा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको क्रियाशीलता रहेको।

२. गुणस्तरीय शिक्षाप्रति अभिभावक एवं सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको।
३. शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको।
४. प्राविधिक शिक्षाको विस्तारले मानव स्रोत विकास सम्भावना रहेको।
५. उच्च शैक्षिक संस्थाबाट उत्पादित जनशक्तिले सरकारी तथा गैर सरकारी संस्थाहरुमा खुल्ला प्रतिस्पर्धाबाट रोजगारी प्राप्त गरेको।
६. विद्यालयहरुमा विद्यार्थी संख्याको मापन गरी आवश्यक शिक्षक उपलब्ध गराई गुणस्तरिय शिक्षा आर्जन गराउन सहयोग गरेको।
७. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभाक संघ र अभिभावकहरुको भूमीकामा प्रभावकारिता अभिबृद्धि भएको।
८. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित भएको।
९. शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित हुँदै गएको।
१०. विद्यालय नेतृत्वको भूमिका सबलीकरण तथा शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम हुँदै गएको।
११. शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि भएको।
१२. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउदै लगिएको।

# परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ शिक्षा योजना निर्माणका आधार

यस नगरपालिकाको शैक्षिक योजना निर्माण र कार्यावन्यन गर्नुपूर्व तथा कार्यको दौरानमा राष्ट्रिय, प्रदेश सरकार तथा स्थानीय सरकारबाट निर्मित तथा कार्यान्वयनमा रहेका विभिन्न नीति, ऐन, नियम, कार्यविधि एवं अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्वित गरिएको छ। यसका लागि निम्न आधार लिइएको छ।

क. संवैधानिक प्रावधान नेपालको संविधान २०७२ धारा ३१ र धारा ५१ राज्यका नीति (९) ज नागरीकगका आधारभूत आवश्यकता सम्बन्धी नीति,

ख. स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ दफा ११ (२) ज स्थानीय तहका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार र दफा २४ योजना बनाई कार्यान्वयन,

ग. सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७,

घ. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७,

ङ. विद्यालय शिक्षा क्षेत्र योजना २०२२–२०३२,

च. शिक्षा नीतिहरु मुलत राष्टि«य शिक्षा नीति, शिक्षाको सोचपत्र, सोहौँ योजना,

छ. दीगो विकास लक्ष्य राष्टि«य प्रारुप,

ज. स्थानीय तहको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट,

झ. विद्यालय शिक्षामा समता रणनीति,

ञ. राष्टि«य जनगणनाको प्रतिवेदन २०७८,

ट. विद्यालय सुधार योजना तथा विद्यालयगत आयव्यय विवरण,

## २.२ दीर्घकालिन सोच

### २.२.१ राष्ट्रिय दीर्घकालीन सोच

समृद्ध नेपाल; सुखी नेपालीको दीर्घकालीन सोचका साथ वि. स. २०८३ सम्ममा अतिकम विकसित मुलुकबाट विकाशील देशमा स्तरउन्नती हुने र २०८७ सम्म दिगो विकासका लक्ष्यहरु प्राप्त गर्दै मध्यम आयस्त भएको मुलुकमा स्तरउन्नती हुने दीर्घकालिन सोच रहेको छ।

२.२.२ प्रदेशको दीर्घकालीन सोच

सामाजीक आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा र दक्ष जनशक्ति

२.२.३ बेलकोटगढी नगरपालिकाको दीर्घकालीन सोच

गुणस्तरीय एवं सीपयुक्त शिक्षामा सबैको पहुँच अभिवृद्धि; बेलकोटगढीको समृद्धि

## २.३ लक्ष्य

गुणस्तरीय एवं सिपयुक्त शिक्षामा सबैको पहुँच भएको हुने,

## २.४ उद्देश्य

१. विद्यालय शिक्षामा सबै बालबालिकाहरुको सहज पहुँच र सहभागीता सुनिश्चित गर्नु,

२. नगरपालिकालाई अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वनय भएको घोषणा गर्नु,

३. बालमैत्री सिकाई वातावरण मार्फत गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्नु,

४. प्राविधिक, व्यावसायिक तथा जीवनोपयोगी, सिपमूलक शिक्षाको विस्तार गरी उत्पादनमुखी र सक्षम जनशक्ती उत्पादन गर्नु,

५. औपचारीक शिक्षाको अवसरबाट बञ्चित व्यक्तिहरुका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइ वातावरणको सुनिश्चीत का लागि संस्थागत साझेदारी र समन्वय गर्नु,

## २.५ रणनीति

१. चार वर्ष सम्मका उमेर समूहका सबै बालबालिकालाई पोषण, स्याहार, मनोरञ्जन सहितको कम्तिमा दुई वर्षको बाल शिक्षा कार्यान्वयन गर्ने, (१)

२. विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने, टिकाउने र सिकाउने वातावरण निर्माण गर्ने , (१)

३. भूगोल र विद्यार्थी सङ्ख्या, विद्यालय नक्साकनका आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान, पुर्नवितरण गरी न्युनतम जनशक्तिको व्यवस्थापन गर्ने, (१)

४. अनिवार्य तथा निशुल्क आधारभूत र माध्यमिक शिक्षाका गुणस्तरका मापदण्ड विकास गरी सोका आधारमा सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्ने, (२)

५. अपाङ्गता भएका, सिमान्तकृत वा विशेष आवश्यकता भएका बालबालिकाको लागि समावेसी सिकाइ वातावरण उपलब्ध गर्ने, (२)

६. शिक्षक तथा विद्यालय कर्मचारीको कार्यप्रतिको जवाफदेहिताका लागि परिणाममा आधारित जवाफदेहिता सुनिश्चित गर्ने, (२)

७. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गतामैत्री तथा सिकाइमैत्री बनाउदै गुणस्तरीय एवं सीपयुक्त शिक्षाको प्रत्याभूति गर्ने, (३)

८. विद्यालयको भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित बनाउने, (३)

९. विद्यालय शिक्षालाई आधुनिक, प्रविधिमैत्री र नवप्रवर्तनमुखी बनाउँदै  शिक्षकको क्षमता अभिवृद्धिमा जोड दिने, (४)

१०. प्राविधिक तथा सिपमुलक शिक्षालाई माध्यमिक तहसँग जोड्दै रोजगारीसँग सम्बन्धित बनाउने, (४)

११. शिक्षकहरुको कार्यसम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धि सँग जोड्ने, (४)

१२. शैक्षिक सूचना एकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढिकरण गर्ने, (४)

१३. नगरपालिका भित्र रहेका निरन्तर शिक्षा एवम् आयआर्जनका अवसर प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रहरूको विकास तथा सुदृढीकरण गर्ने, (४)

१४. समुदायको समन्वय र सहयोगमा टोल - टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरी कार्यान्वयन गर्ने, (५)

१५. स्थानीय सरकार, सार्वजनिक–निजी क्षेत्र, विकास साझेदार तथा गैरसरकारी संस्थाहरूबीच सहकार्य, समन्वय र स्रोत आदान–प्रदानलाई संस्थागत गर्ने, (५)

## २.७ कार्यनीति

१. बालविकास कक्षा एवं आधारभूत तहका कक्षाहरूलाई बालमैत्री बनाउन उपयुक्त बसाइ व्यवस्थापन, खेल सामग्री, स्मार्ट बोर्ड, आधुनिक शैक्षिक सामग्री सहितको कक्षा निर्माण गरिनेछ।

२. विद्यालयका भौतिक पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गतामैत्री एवं वातानुकूलित बनाउन प्राथमिकता दिइनेछ।

३. शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न विद्यालय बाहिर रहेका बालबालिका र विशेष आवश्यकता भएका बालबालिकाका लाई लक्षित कार्यक्रममार्फत आवाशिय विद्यालय, छात्रवृत्ति, निःशुल्क सामग्री, पोसाक आदि सञ्चालन गरिनेछ।

४. प्रत्येक विद्यालयमा सुरक्षित शौचालय र सेनिटरी प्याडको व्यवस्था गरिनेछ।

५. विद्यालयमा नियमितता बढाउन अभिभावक–विद्यालय समन्वय सुदृढ गरिनेछ।

६. सबै बालबालिकाका लागि निःशुल्क शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक स्रोतसाधनको व्यवस्था गरिनेछ।

७. अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी कार्यन्वयनका लागि समुदाय-विद्यालयसँगै स्थानीय सरकार कार्यक्रम संचालन गरिनेछ।

८. सिकाइ सुनिश्चित गर्न अतिरिक्त कक्षा, सुधार कक्षा तथा सहायक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

९. शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, कोचिङ र मेन्टरिङ कार्यक्रम सञ्चालन गरिनेछ।

१०. शिक्षण सिकाइमा खोजमुलक, प्रयोगात्मक, विद्यार्थी केन्द्रित क्रियाकलापमा आधारित सिकाइ प्रबर्दन गरिनेछ।

११. नगरपालिका स्तरीय शैक्षिक प्रदर्शनी मेला आयोजना गरिनेछ।

१२. प्रधानाध्यापकहरुसँग लक्ष्यको सूचकसहित कार्य सम्पादन सम्झौता गरी प्राप्त उपलब्धिका आधारमा प्रोत्साहन तथा अनुदान उपलब्ध गराइनेछ।

१३. विद्यालय सूधार योजनालाई वस्तुगत सूचकमा आधारित बनाई विद्यालयको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ।

१४. डिजिटल सामग्री, ई–लर्निङ तथा स्मार्ट कक्षा, पुस्तकालयको उपलब्धता सुनिश्चित गरिनेछ।

१५. विद्यालयमा आधुनिक प्रविधिमैत्री ICT कक्षा संचालनको व्यवस्था गरिनेछ।

१६. सबै माध्यमिक विद्यालयमा विषयगत शिक्षक व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१७. माध्यमिक तहमा प्राविधिक, व्यावसायिक तथा जीवनोपयोगी सिपमूलक शिक्षा विस्तार र दिगोपनामा जोड दिइनेछ।

१८. स्वास्थ्य संस्थासँग समन्वय गरी बाल स्वास्थ्य, खोप तथा पोषण सेवा सुदृढ गरिनेछ।

१९. दिवा खाजा कार्यक्रमलाई निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय गरी व्यवस्थित गरिनेछ।

२०. सबै माध्यमिक विद्यालयमा पढ्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रमको विस्तार गरिनेछ।

२१. एक वडा एक पुस्तकालय र वाचनालयको अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गरिनेछ।

२२. हरित विद्यालय (Greenery Schools) को अवधारणालाई कार्यान्वयन गर्न विद्यालय घेरावार तथा पिउने पानीको व्यवस्था गरी जन्मोत्सवमा विरुवा रोपौं कार्यक्रम संचालन गरिनेछ।

२३. आवासीय तथा Big School को अवधारणालाई कार्यान्वयनमा ल्याउन आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ।

२४. विपन्न, पछाडी परेका एवं सीमान्तकृत समुदायका बालबालिकाहरुलाई विद्यालयमा टिकाउन आवश्यक छात्रवृत्ति तथा पोसाक सहितको विशेष व्यवस्था गरिनेछ।

२५. अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो र टेलिभिजन माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गरिनेछ।

२६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई नतिजामुखी बनाइनेछ।

## २.८ अपेक्षित उपलब्धि

१. अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वनय भएको घोषणा भएको हुने,

२. विद्यालय उमेर समूहका शत प्रतिशत बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुने,

३. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरुले माध्यमिक तहको शिक्षा पुरा गरेको हुने,

४. विद्यालयका भौतिक पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गतामैत्री एवं वातानुकूलित भएको हुने,

५. शिक्षण सिकाइमा खोजमुलक, प्रयोगात्मक, विद्यार्थी केन्द्रित क्रियाकलापमा आधारित सिकाइ प्रबर्दन भएको हुने,

६. विद्यालय शिक्षा पुरा गरेका बालबालिकाहरुमा रुची अनुसारको जीवनोपयोगी सीप विकास भएको हुने,

७. सबै शिक्षकहरु प्रविधिमैत्री सिकाइका लागि तालिम प्राप्त भएको हुने,

८. शैक्षिक सूचना एकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढिकरण भएको हुने,

९. सबै विद्यालयमा बालक्लब, जुनियर रेडक्रस सर्कल, स्काउट गठन गरी सामाजिक कार्यमा परिचालन भएको हुने,

१०. वस्तुगत आधार सहितको विद्यालय सूधार योजना तर्जुमा तथा कार्यावयन भएको हुने,

११. सबै प्रधानाध्यापकहरुसँग सूचकमा आधारित कार्य सम्पादन सम्झौता भएको हुने,

१२. विपन्न समुदायका व्यक्तिहरुलाई स्वरोजगार बनाउन सिपमुलक कार्यक्रम संचालनन भएको हुने,

१३. नगरपालिका भित्र रहेका निरन्तर शिक्षा एवम् आयआर्जनका अवसर प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रहरूको विकास तथा सुदृढीकरण भएको हुने,

१४. सिक्दै कमाउदै कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै स्वरोजगारयुक्त शिक्षाको विकास भएको हुने,

१५. समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन र सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन भएको हुने,

१६. स्थानीय सरकार, सार्वजनिक–निजी क्षेत्र, विकास साझेदार तथा गैरसरकारी संस्थाहरूबीच सहकार्य, समन्वय र स्रोत आदान–प्रदानलाई संस्थागत भएको हुने,

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचकहरु | आधार वर्षको अवस्था २०८२ | | | योजनाको मध्यावधिको लक्ष्य २०८३ | | | योजनाको अन्तको लक्ष्य २०८५ | | | योजनाको अन्तको लक्ष्य २०८७ | | | सूचकको स्रोत |
| | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **१..प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | | | | | |
| कुल भर्नादर | ९९.९ | १०९.९ | ८१.६ | ८९.५ | ९५ | ९६ | ९४ | १०५ | १०० | ९९ | | १०९ | जनगणना २०७८ EMIS data २०८२ –८३ फ्रयास रिर्पोट २३/ २४ विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| कक्षा १ का भर्ना भएका मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त प्रतिशत | ८१. ६ | ६३.४ | ८५.४ | ८५ | ९० | ८८ | ९५ | १०० | ९८ | | | ९९ | |
| आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | | | १० | | | ३० | | | ४० | | | २० | |
| प्रारम्भिक बालविकास तथा शिक्षामा योग्यता प्राप्त शिक्षक प्रतिशत | | | १०० | | | १०० | | | १०० | | | १०० | |
| **२ आधारभूत शिक्षा** | | | | | | | | | | | | | |
| कक्षा १मा कुल भर्ना प्रवेश दर | ११५.९ | १२२.८ | १०५.९ | १०६ | ११० | १०७ | १०० | १०० | ११५ | | | ११६ | |
| कक्षा १ मा शुद्ध भर्ना प्रवेश दर | ९५.७ | ९५.१ | ९६.२ | ९९ | ९९ | ९८ | ९९ | ९९ | ९९ | | | १०० | |
| कक्षा १-५ मा कुल भर्ना दर | १२४.८ | १३०.६ | १०५.८ | ११२ | ११५ | १२४.८ | १०७ | १०५ | १२०.८ | | | १३० | |
| कक्षा १ -५ मा खुद भर्ना दर | ९५.६ | ९६.१ | ९५.२ | १०० | १०० | ९८ | १०० | १०० | ९९ | १०० | १०० | १०० | |
| कक्षा ६ -८ कुल भर्ना दर | १२१.६ | १२८.३ | १०९.० | ११५ | ११२ | १११ | ११० | ११० | १२१ | | | १२८ | |
| कक्षा ६ -८ खुद भर्ना दर | ९५.२ | ९५.९ | ९६.० | ९९ | ९९ | ९८ | ९९ | १०० | ९९ | | | १०० | |
| कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी दरबन्दि अनुपात | २०.१ | १३.३ | | | | | | | | | | | |
| कक्षा १- ५ सम्म जम्मा शिक्षक विद्यार्थी अनुपात | २९.६ | १८.८ | | | | | | | | | | | |
| कक्षा ६- ८ सम्म शिक्षक विद्यार्थी दरबन्दि अनुपात | ४१.६ | २९.९ | | | | | | | | | | | |
| कक्षा ६- ८ सम्मको जम्मा शिक्षक विद्यार्थी अनुपात | ८१.४ | ५८.० | | | | | | | | | | | |
| **३ माध्यामिक शिक्षा** | | | | | | | | | | | | | |
| कुल भर्नादर कक्षा ९- १० | ९८.७ | १०८.८ | ९२.३ | १०५.६ | ११५.० | ९८ | १०९ | ११० | ९९ | | | १०८ | |
| खुद भर्नादर कक्षा ९- १० | ७६.५ | ७६.६ | ७२.१ | ८१४. | ७७.५ | ९८ | ९६४. | ९० | ९९ | | | १०० | |
| कुल भर्नादर कक्षा ९- १२ | ८३.२ | १००.२ | ७४.७ | ९१६. | १०२ | ८३ | ९७ | १०३ | ८९ | | | १०० | |
| खुद भर्नादर कक्षा ९- १२ | ५६.८ | ६१.२ | ५१.६ | ५८१. | ६६ | ९८ | ६१ | ६७ | ९९ | | | १०० | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल भर्नादर कक्षा ११- १२ | ६७.७ | ९२.१ | ५५.८ | | | ६७ | | | ९२ | | | १०० | |
| खुद भर्नादर कक्षा ११- १२ | ३७.१ | ४६.९ | २९.७ | | | ९८ | | | ९९ | | | १०० | |
| कक्षा ९- १० सम्मको जम्मा शिक्षक विद्यार्थी अनुपात | ६१.६ | ४१.५ | | | | | | | | | | | |
| कक्षा ११- १२ सम्मको जम्मा शिक्षक विद्यार्थी अनुपात | २६८.५ | २१५.७ | | | | | | | | | | | |
| ४. विद्यार्थी भर्नामा लैङ्गिक समता सूचकाङ्क | | | | | | | | | | | | | |
| आधारभूत तह कक्षा १-८ | ०.९३ | ०.८८ | १.०४ | १.०० | १.०० | १.०३ | १.०० | १.०० | १.०२ | | | १.०१ | |
| माध्यमिक तह कक्षा ९-१० | ०.९६ | ०.९४ | १.०२ | १.०० | १.०० | १.०२ | १.०० | १.०० | १.०१ | | | १.० | |
| माध्यमिक तह कक्षा ९-१२ | ०.९९ | ०.९३ | १.२३ | १.०० | १.०० | १.१८ | १.०० | १.०० | १.१२ | | | १.०५ | |
| **५. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | | | | | | | |
| ६ वर्ष माथिको साक्षरता दर | ७६.२ | ८२.१ | ६२.४३ | | | | | | | | | | |
| १५-२४ वर्षको साक्षरता दर | ९३.८३ | ९७.८४ | ९७ | | | | | | | | | | |
| १५ वर्ष माथिको साक्षरता दर | ७२.५ | ८०.२ | ५८.८३ | | | | | | | | | | |
| **६. टिकाउ दर** | | | | | | | | | | | | | |
| कक्षा ८ सम्मको टिकाउ दर | ८६.३ | ८६.२ | ८६.७ | ९८९. | | ८७ | ९९५. | | ८९ | | | ९३ | |
| **७. महिला शिक्षक प्रतिशत** | | | | | | | | | | | | | |
| आधारभूत तह | | | ५४ | | | ५५ | | | ५८ | | | ६० | |
| माध्यमिक तह | | | ३५ | | | ४० | | | ४५ | | | ५० | |
| **८. कक्षा उर्तिण,छाड्ने र दोहोराउने दर** | | | | | | | | | | | | | |
| कक्षा उर्तिण दर (१ -५) | ८३.८ | ८७.० | ८३.९ | | | ८६ | | | ९३ | | | ९५ | |
| कक्षा दोहोराउने दर (१-५) | ८.७ | ५.९ | ६.८ | | | ६. ० | | | ५.९ | | | ३.२ | |
| कक्षा छाड्ने दर (१-५) | ३.२ | २.५ | ४.९ | | | ४. ० | | | ३. ८ | | | ३.३ | |
| कक्षा उर्तिण दर (६-८ ) | ८८.२ | ८९.६ | ८८.२ | | | ८९ | | | ९३ | | | ९५ | |
| कक्षा दोहोराउने दर (६-८ ) | ५.२ | ४.४ | ५.० | | | ४.४ | | | ४. १ | | | ३.२ | |
| कक्षा छाड्ने दर (६-८ ) | २.८ | २.३ | ३.४ | | | ३. २ | | | २.३ | | | १.९ | |
| कक्षा उर्तिण दर (९-१०) | ९३.४ | ९३.९ | ९१.४ | | | ९३ | | | ९४ | | | ९५ | |
| कक्षा दोहोराउने दर (९-१०) | २.२ | २.२ | ४.४ | | | ४. २ | | | ३.४ | | | ३. १ | |
| कक्षा छाड्ने दर (९-१०) | १.९ | १.६ | १.५ | | | १. ४ | | | १. २ | | | ०. ५ | |
| कक्षा उर्तिण दर (११-१२) | ९१.३ | ९१.४ | ९४.३ | | | ९५ | | | ९६ | | | ९८ | |
| कक्षा दोहोराउने दर (११-१२) | ०.८ | ०.६ | ० | | | ० | | | ० | | | ० | |
| कक्षा छाड्ने दर (११-१२) | ०.९ | ०.७ | १.१ | | | ०. ८ | | | ०. ६ | | | ०. ५ | |

# परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र प्रारम्भिक बाल विकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ प्राविधिक तथा उच्च शिक्षाको वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिको विस्तृतीकरण गरिएको छ। यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ वटा उपशिर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

आधारभूत शिक्षाका लागि तयार हुन सहयोग गर्ने उदेश्यले प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्थापन गरिएको हो। प्रारम्भिक बालविकासले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग गर्दछ। कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकाका उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु महत्वपूर्ण हुन्छ। त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा ३० मा “प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ” भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिएको छ। अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम संञ्चालन गरिने नीतिगत व्यवस्था गरेको छ। कार्यान्वयनमा रहेको नेपालको सोह्रौँ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एक वर्षे प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रम समावेश गरिएको छ।

### ३.१.१ वर्तमान अवस्था

बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभएको तथा कतै कतै २० देखि ४५ मिनेटको दुरीमा रहेको अवस्था छ । यहाँको भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कानको आधारमा बालविकास केन्द्रको समायोजन एवं स्थानान्तरण गर्नुपर्ने देखिन्छ । प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूह भन्दा कम वा बढी उमेर समूहका धेरै बालबालिकाहरू प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी रहेको देखिन्छ । यसले शिक्षालाई सिकाइ सहजीकरणमा समस्या हुने मात्र नभई बालबालिकाको विकास र सिकाइ समेतमा प्रभावित हुने गर्दछ । प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरूको पारिश्रमिक ज्यादै कम भएको कारणले स्थानीय तहले थप अनुदान उपलब्ध गराउँदै आएको छ । अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा मापदण्ड अनुसार न्यूनतम भौतिक तथा शैक्षिक सुविधा पुग्न सकेको छैन जसका कारण बालबालिकाहरू गुणस्तरीय सेवा प्राप्त गर्ने हकबाट बाञ्चित हुनुपरेको छ । यस नगरपालिकामा सामुदायिक बालविकास ४ र ४७ वटा विद्यालयमा बालविकास रहेको र १ वटा विद्यालयमा बाविकास केन्द्र छैन । ५१ वटा विद्यालयमा बालविकास रहेका बालविकास केन्द्रमा जम्मा ८६५ जना बालबालिका अध्यनरत छन् । जसमध्ये छात्र ४४९ र छात्रा ४१६ रहेका छन् ।

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर बेलकोटगढी नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउनका लागि कार्यक्रमहरू समावेश गरिएको छ ।

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ।त्यसैले बालविकास तथा शिक्षामा आबद्द रहेका सहजकर्ताहरुका लागि मन्टेश्वरी शैलीको व्यवस्थापन तथा सहयोगका लागि क्षमता विकास क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । त्यस्तैगरी सम्पूर्ण बाविकासका लागि आवश्यक

शैक्षिक तथा खेलकुदका सामग्रीहरु व्यवस्थापन गर्नुपर्नेछ। यसै कुरालाई मध्यनजर गरेर बेलकोटगढी नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउनका लागि कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ उद्देश्य

१. चार प्रारम्भिक वर्ष उमेरका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञनात्मक, क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास गर्नु,
२. आधारभूत शिक्षाको आधारका रूपमा प्रारम्भिक बाल शिक्षालाई सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
३. प्रारम्भिक बालविकासमा दक्ष र बालबालिका प्रति समर्पित मानव स्रोत र प्रयाप्त भौतिक एवं आर्थिक स्रोतको सुनिश्चित गर्नु,
४. प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरूका लागि पोषण एवं स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्नु,

### ३.१.३ रणनीति

क. कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्याकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
ख. सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकरले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा संचालन गर्ने,
ग. उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावारणमा लक्षित उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अवसर सुनिश्चिताको व्यवस्था गर्ने,
घ. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्था र सरसफाइलाई ध्यान दिएर खेल, सिकाइ, मनोरञ्जन, अडियो सामग्री सहित नमूना बालविकास केन्द्रको विकास गर्ने,
ङ. प्रारम्भिक बालविकास शिक्षकको क्षमता अभिवृद्धि मार्फत शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।
च. बालविकासको अवसर सुनिश्चिताको व्यवस्था गर्ने।
छ. बालबालिकाको शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आवश्यकता परिपूर्तिको सुनिश्चितता प्रदान गर्नको लागि अभिभावाकको भूमिकामा प्रोत्साहन र सहजीकरण गर्ने,

ज. प्रत्येक वर्ष नगरपालिका भित्रका कक्षाका शिक्षकहरुलाई मन्टेसरी तथा पुनर्ताजकी तालिम प्रदान गरी कक्षाकोठा सम्म पुऱ्याउने वातावरण सिर्जना गर्ने,

झ. बालबालिकाको सर्वाङ्गीण विकास तथा विद्यालय शिक्षाको पूर्व तयारीका लागि अभिभावक शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने,

ञ. अपाङ्ता भएका बालबालिकालाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने,

ट. बालविकास तथा शिक्षामा आबद रहेका सहजकर्ताहरुका लागि मन्टेश्वरी शैलीको क्षमता विकास गर्ने,

ठ. सम्पूर्ण बाविकासका लागि आवश्यक शैक्षिक तथा खेलकुदका सामग्रीहरु व्यवस्थापन गर्ने,

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्था र सरसफाइलाई ध्यान दिएर खेल सामग्री सिकाइ सामग्री, मनोरंजन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक मनोरन्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन सहितको बालविकास केन्द्रको विकास भएको हुने

**नतिजा**

क. प्रारम्भिक बालविकास कक्षाहरू भौतिक पूर्वाधारयुक्त र शैक्षिक सामग्रीको व्यवस्था सहितको सिकाइमैत्री भएको हुनेछ।

ख. बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञनात्मक, क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास भएका हुनेछन्।

ग. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा शिक्षकहरूको उच्च क्षमता विकास भएका हुनेछन् ।

घ. अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चितता कायम भएको हुनेछ।

ङ. प्रारम्भिक बाल विकास र शिक्षामा उमेर समूहका सबै बालबालिकाहरुको सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

च. बालबालिकाहरूका लागि पोषण एवं स्वास्थ्य सुरक्षाको सुनिश्चित भएको हुनेछ।

छ. एक वर्षको बालविकासको सिकाई प्राप्त गरी विद्यालय शिक्षाका लागि बालबालिकाहरू पूर्ण रुपमा तयारी भएको हुनेछ।

ट. बालविकास तथा शिक्षामा आबद रहेका सहजकर्ताहरुका लागि मन्टेश्वरी शैलीको क्षमता विकास भएको हुनेछ।

ठ. सम्पूर्ण बाविकासका लागि आवश्यक शैक्षिक तथा खेलकुदका सामग्रीहरु व्यवस्थापन भएको हुनेछ।

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | गतिविधिहरु | इकाई | भौतिक/शैक्षिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौं वर्ष | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन नयाँ संचालन तथा पुनर्वितरण | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | |
| २ | ४ वर्ष उमेर पुगेका सबै बालबालिकालाई प्रारम्भिक वालविकास र शिक्षा कक्षामा भर्ना गराउने कार्यक्रम सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ३ | अपाङ्गमैत्री शौचालय तथा स्वच्छ खानेपानीको व्यवस्था भएका बालविकास केन्द्र | प्रतिशत | ५० | ६० | ७० | ८० | १०० | १०० | |
| ४ | बालविकास केन्द्रमा योग्यता, क्षमता र पेसागत विकासका लागि तालिम प्राप्त शिक्षक | प्रतिशत | ३० | ५० | ७० | ८० | १०० | १०० | |
| ५ | बालविकासका अभिभावकहरूको लागि अभिभावक शिक्षा संचालन | प्रतिशत | २० | ४० | ६० | ८० | १०० | १०० | |
| ६ | बालविकास केन्द्रमा मनोसामाजिक परामर्श तालिम प्राप्त शिक्षक | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ७ | प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा स्थानीय तहबाट अनुदान | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ८ | बालमैत्री बसाइ व्यवस्थापन | प्रतिशत | ५० | ६० | ७० | ८० | १०० | १०० | |
| ९ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा अन्य स्वास्थ्य सुविधा प्रदान | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १० | भिडियो तथा अडियोमा आधारित सिकाइको लागि LED TV सेटको व्यवस्था | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बालबिकास शिक्षकको १ दिने अन्तरक्रिया सञ्चालन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १२ | बालबालिकाको स्याहारको लागि आयाको व्यवस्था | संख्या | २० | २५ | ३० | ३५ | ४० | ४० | |
| १३ | थप सिकाईको आवश्यक सिकारूहरुलाई सहजिकरणका लागि विशेष व्यवस्था गर्ने | प्रतिशत | १० | २० | ३० | ३० | ३० | ३० | |
| १४ | आवस्यकतानुसार कार्पेट र पि-फोम प्रदान | विद्यालय | १० | २० | ३० | ४० | ६० | ६० | |
| १५ | उत्कृष्ट बालविकास केन्द्र तथा सहजकर्तालाई पुरस्कृत गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १६ | श्रव्य दृश्य ICT सामाग्री उपलव्ध गराउने | थान/वर्ष | १० | १० | १० | १० | १० | ५० | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिमा आधारित असमानताहरू रहेका छन् । आर्थिक तथा सामाजिक रूपले पछाडी परेका सीमान्तकृत समुदाय, दलित समुदाय, जनजाति, कठिन परिस्थितिमा रहेका तथा भौगोलिक रूपमा विकट स्थानका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर छ । आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँचमा सुनिश्चित गर्नुपर्ने, सूचना तथा सञ्चार लगायत प्रविधिमैत्री वातावरणको व्यवस्था गर्नुपर्ने, अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी रूपमा कार्यन्वयन गर्नुपर्ने, बालबालिकालाई सुरक्षित, भौतिक तथा बालमैत्री वातावारणको व्यवस्था गर्नुपर्ने, सिकाइको गुणस्तरमा सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनुपर्ने, कक्षा ६ देखि ८ मा विषयगत शिक्षकको व्यवस्थापन गर्नुपर्ने चुनौती देखिएका छन् ।

### ३.२.१ वर्तमान अवस्था

अनिवार्य तथा निशुल्क शिक्षा ऐन,२०७५ ले सङ्घीय तथा प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेटमार्फत स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाका लागि कानुनबमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्नुपर्ने कानुनी व्यवस्या रहेको छ। बेलकोटगढी नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिकतर्फ ४८ वटा विद्यालय संचालनमा छन जसमा कक्षा १-३ सञ्चालन भएका १२, कक्षा १-५ सञ्चालन भएका ७ , कक्षा १- ८ सञ्चालन भएका १०, कक्षा १-१० सञ्चालन भएका ८ र कक्षा १-१२ सञ्चालन

भएका ११ विद्यालय छन् र संस्थागत तर्फ कक्षा १(३ संचालन भएका २ र कक्षा १-५ सञ्चालन भएको १ विद्यालय छन् । २०८३ को EMIS तथ्यांकका आधारमा सबै आधारभूत विद्यालयमा ३९८४ विद्यार्थी अध्ययनरत छन । विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउनु, गुणस्तरीय शिक्षाको लागि बालमैत्री, प्रविधि मैत्री, समतामूलक र समावेशी वातावरण निर्माण गरी बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्नु, विद्यार्थीको रुची, चाहना र क्षमताअनुसार शिक्षण सिकाइमा सहजता कायम गर्नुपर्ने देखिन्छ । त्यस्तै अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूलाई उनीहरूको सिक्ने शैली अनुसारको सिकाइ वातावरण तयार गर्नु, शैक्षिक क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्नु र सुशासनको प्रत्याभूति दिनु र सबै विद्यालयको शिक्षणमा समान गुणस्तर कायम गर्न जस्ता यस क्षेत्रका मुख्य चुनौतीहरू हुन् । विद्यार्थीको सर्वाङ्गीण विकासको लागि शिक्षकले उसको हरेक पक्षको मूल्याङ्कन गरि पृष्ठपोषण दिन जरुरी हुन्छ । यसकारण हाम्रा विद्यालयहरुले विद्यार्थी कार्यसञ्चयिका निर्माण गर्दै जानु पर्छ । अभिभावक शिक्षाको अभाव, अनुगमन तथा विद्यार्थी नियमिततामा समस्या, सिकारुको रुची र सिकाइविचको समस्या, शैक्षिक सामाग्रीको अभाव र पेशागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरू छन् । आधारभूत तहमा देहायवमोजिमका समस्या तथा चुनौतीहरु पहिचान गरिएको छस्

- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउन,
- बसाइँसराइको कारण विद्यालयमा भर्ना भएका बालबालिकालाई विद्यालयमा टिकाई राख्न समस्या
- सार्वजनिक विद्यालयप्रति आकर्षणमा अभिवृद्धि गर्न
- विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी उपलब्ध गर्न
- विद्यालयमा सुविधाजनक भौतिक पूर्वाधारको विकास गर्न
- विद्यार्थीको वैयत्तिक रुची, चाहना र क्षमताअनुसार सिकाइमा सहजता कायम गर्नु
- शैक्षिक क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्नु र सुशासनको प्रत्याभूति दिनु

### ३.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. कक्षाकोठाको शिक्षण सिकाइलाई एकिकृत गरी दैनिक जीवनसँग सम्बन्धित हुने गरी सिकाइ सञ्चालन गर्नु ,
३. बालाबालीकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने वातावरण सुनिश्चित गर्नु ,
४. गुणस्तरीय शिक्षाको लागि बाल मैत्री, प्रविधि मैत्री, समतामूलक र समावेशी वातावरण निर्माण गर्नु,
५. अपाङ्ता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूलाई उनीहरूको सिक्ने शैली अनुसारको सिकाइ वातावरण तयार गर्नु ,
६. शैक्षिक संस्थाको भौतिक पूर्वधारयुक्त शैक्षिक भूकम्प प्रतिरोधी स्माट कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, स्वच्छ पिउने पानी सहितको शौचालयको व्यवस्था र तथ्याङ्क तयार गर्नु,

### ३.२.३ रणनीति

१. अनिवार्य तथा निशुल्क शिक्षा ऐन कार्यान्वयनको लागि तिनै तहका सरकारको समन्वय र सहकार्य गर्ने ,
२. विद्यार्थी संख्या तथा भौगोलिक दूरीलाई दृष्टिगत गरी विद्यालयहरूलाई गाभ्ने र आवश्यकतानुसार आवासिय विद्यालयको व्यवस्था गर्ने ,
३. विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारमा शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,
४. शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ,
५. प्रारम्भिक बालविकासको चरण बाटै खेलकुद कार्यक्रम संचालन गर्ने ,
६. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास गर्ने,
७. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन गर्ने,
८. स्थानीय पाठ्यक्रमको विकास, अद्यावधि गरी स्थानीय पाठ्यक्रम कार्यान्वयनमा गर्ने,

९. विद्यार्थीको उमेर र उचाइ अनुसार कक्षाकोठाको फर्निचर तथा बसाई व्यवस्थापनमा गर्ने.

१०. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम संचालन गर्ने,

११. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहीता सुनिश्चित गर्ने,

१२. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम संचालन गर्ने,

१३. आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय सिप केन्द्रित क्रियाकलापहरुलाई निरन्तरता दिने ,

१४. विद्यालय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता, पढाइ उत्सब सहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन गर्ने ,

१५. आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत बालबालिकाका लागि ड्रेस तथा स्टेशनरी, दिवा खाजा इत्यादिका लागि छात्रवृत्ति प्रदान गर्ने ,

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

गुणस्तरिय शिक्षाका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारीमा बृद्धि भई समतामूलक र समावेशी वातावरणमा कार्यगत सीमितता भएका बालबालिकाहरूले समेत सिक्ने शैली अनुसारको सिकाइ वातावरण तयार भएको हुने,

**नतिजा**

१. बालाबालीकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल भएको हुनेछ।

२. सिकारु केन्द्रित क्रियाकलापहरुबाट बालबालीकाहरूको साक्षरता तथा गणितीय सिप विकास भएको हुनेछ।

३. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन भएको हुनेछ।

४. स्थानीय पाठ्यक्रमको विकास गरी स्थानीय पाठ्यक्रम कार्यान्वयनमा सहजता हुनेछ।

५. शिक्षकको पेशागत विकास तथा प्रोत्साहनका कार्यक्रम संचालन भएको हुनेछ।

६. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम संचालन भएको हुनेछ।

७. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास भएको हुनेछ।

८. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन भएको हुनेछ।
९. विद्यार्थीको उमेर र उचाइ अनुसार कक्षाकोठाको फर्निचर तथा बसाई व्यवस्थापनमा भएको हुनेछ।
१०. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम संचालन भएको हुनेछ।
११. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित भएको हुनेछ।
१२. आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय सिप केन्द्रित क्रियाकलापहरुलाई संचालन भएको हुनेछ

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १. | विद्यालय नक्साङ्कन, समायोजन, पुनर्वितरण | विद्यालय | १० | १० | १० | १० | १० | ५० | |
| २ | सघन रुपमा विद्यार्थी भर्ना अभियान सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ३ | अनिवार्य तथा निशुल्क शिक्षा लक्षित कार्यक्रमहरु संचालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ४ | आधारभूत कक्षा शिक्षण, बहु कक्षा शिक्षण समबन्धी शिक्षक तालिमको व्यवस्था | विद्यालय | १० | १० | १० | १० | १० | ५० | |
| ५ | कार्यगत सिमितता/अपाङ्गता समबन्धी प्रारम्भिक पहिचान गर्ने र आवश्यकताका आधारमा सहयोगको व्यवस्थ्या गर्ने | प्रतिशत | १० | २० | ३० | ४० | ५० | ५० | |
| ६ | विद्यालयमा आवश्यक विद्यार्थी संख्या र विषय शिक्षक अनुपात व्यवस्थापन | विद्यालय संख्या | १० | १० | १० | १० | १० | ५० | |
| ७ | प्रारम्भिक कक्षाका शिक्षकहको सिकाइ समूह निर्माण तथा बैठक संचालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ८ | आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाका लागि ड्रेस तथा स्टेशनरी, दिवा खाजा इत्यादिका लागि छात्रवृत्ति | वितरण हुने संख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | एकीकृत पाठ्यक्रम) सम्बन्धी शिक्षक तालिमको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १० | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेरवालको व्यवस्था | विद्यालय | २० | ५ | ५ | ५ | ५ | ४० | |
| ११ | विपदमा शैक्षिक निरन्तरताको लागि विद्यालय उत्थानशिल योजना निर्माण तथा कार्यन्वयन | संख्या | १ | √ | √ | √ | √ | √ | |
| १२ | विद्यार्थीलाई पनि नमूना शिक्षक कार्यक्रम संचालन गर्ने | प्रतिशत | ० | ० | ५ | १० | २० | २० | |
| १३ | नगरपालिका र विद्यालय तहका शिक्षकको अनुपस्थितिमा सिकाइ निरन्तरता सहायता प्रणालीको विकास गर्ने | प्रतिशत | ० | ० | ५ | १० | २० | २० | |
| १४ | विद्यालय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | प्रतिवर्ष | १ | १ | १ | १ | १ | ५ | |
| १५) | अन्तर विद्यालय भ्रमण र सिकाइ आदान प्रदान | भ्रमण संख्या | ० | १ | १ | १ | २ | ५ | |
| १६) | बिपद्मा परेका वालवालिकाहरुलाई बाल संरक्षण कोष मार्फत सहायता प्रदान | लावा न्वित | १० | १० | १० | १० | १० | ५० | |
| १७) | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि अनुदान | विद्याल य | २० | ५ | ५ | ५ | ५ | ४० | |
| १८) | अभिभावक अभिमुखीकरण कार्यक्रम संचालन | विद्याल य | २० | ५ | ५ | ५ | ५ | ४० | |
| १९) | शैक्षिक क्षति न्युनीकरणको लागि सुधारात्मक कक्षा REAL कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | |

## ३.३ माध्यमिक शिक्षा

राष्ट्रिय शिक्षा नीति,२०७६ ले सबैको बालबालिकाको गुणस्तरीय माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहने व्यवस्था छ ।यसबाट बालबालिकामा सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त, उत्पादनशील जनशक्ति तयार गर्नेछ । कार्यान्वयनमा

रहेको सौँहौ योजनामा शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोडी माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उद्यम र रोजगार केन्द्रित कार्यक्रमलाई जोड दिने नीति लिएको छ। यस तहको शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधिको क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप तथा व्यवहार आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ। माध्यामिक शिक्षाका दुई धाराहरू छन्। सामान्य र प्राविधिक गरी कक्षा ९ बाट सुरु भई कक्षा १२ सम्म रहने हुने व्यवस्था छ। यसले गर्दा शिक्षार्थीहरूलाई माध्यमिक सामान्य शिक्षा वा प्राविधिक शिक्षा अध्ययन छनौटको अवसर प्राप्त हुनेछ।

### ३.३.१ वर्तमान अवस्था

यस बेलकोटगढी नगरपालिका भित्र १९ वटा सामुदायिक माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन्। जसमा कक्षा १२ सम्म सञ्चालित ११ वटा विद्यालयहरु रहेका छन्। शैक्षिक सत्र २०८३ को EMIS तथ्याङ्क अनुसार कक्षा ९ र १० मा १०३८ जना र कक्षा ११ र १२ मा ४६५ विद्यार्थी रहेका छन्। माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार आएको छ। कक्षा ९-१२ को खुद भर्नादर ५१.६ पुगेको र कक्षा ११- १२ को खुद भर्नादर २९.७ रहेको छ। माध्यामिक शिक्षाका लागि दक्ष शिक्षक अपर्याप्त भएकाले गर्दा पनि माध्यमिक शिक्षामा गुणस्तर सुधार हुनसकेको छैन। बहुवञ्चितिमा परेका समुदायका बालबालिकाहरूको पहुँच कम देखिन्छ। कक्षा १०, ११ र १२ का परीक्षाहरूको नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेको कारणले उच्च शिक्षाबाट समेत बञ्चित छन्। शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अद्यावधिक गराई सिकाइ सुधार गर्न जरूरी देखिन्छ। शिक्षकहरुको उत्कृष्ट शिक्षण सिकाइलाई प्रोत्साहन कार्यक्रम, प्रअहरुलाई प्रशाासनिक तथा नेतृत्व विकासका तालिम संचालन, नगरस्तरीय अतिरिक्त क्रियाकलाप,नवप्रबेशी शिक्षकलाई उपयुक्त तालिमको व्यवस्थापन गर्न, सबै विद्यालयहरुमा खेलकुद पर्याप्त सामग्रीको उपलब्धता, संम्रक्षण तथा व्यवस्थापन, विद्यालयको भैतिक पूर्वाधारको संम्रक्षण तथा मर्मत,माध्यामिक तहमा केही विषयहरु जस्तै गणित, बिज्ञान शिक्षकको व्यवस्थापन र किशोर तथा किशोरी मैत्री शिक्षा तथा परार्मशको व्यवस्था गर्ने कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन।

### ३.३.२ उद्देश्य

१. माध्यमिक तहका विद्यार्थीहरूमा सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित जोड्दै न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नु,

२. माध्यामिक शिक्षामा समतामूलक पहुँच र सान्दर्भिकता सगैँ गुणस्तरीय र समावेसी सिकाइ वातावरण प्रदान गर्नु,
३. माध्यामिक तहको विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ,
४. विद्यालयको स्रोत साधनका समुचित उपयोग र शैक्षिक गुणस्तर बृद्धि गर्नका लागि बिग विद्यालयको अवधारणा कार्यान्वयन गर्नु ,

### ३.३.३ रणनीति

१. अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता गर्ने,
२. विद्यालय को नक्सांकन गरी बालबालिकाको माध्यामिक तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्ने,
३. विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारहरूको तय गरे अनुरुप शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन गर्ने ,
४. माध्यामिक विद्यालयहरुमा अतिक्ति कक्षा संचालन तथा व्यवस्थापन गर्ने,
५. प्रविधिक तथा व्यावसायिक शिक्षाको भौतिक तथा शैक्षिक पक्षको गुणस्तरमा आवश्यक सुधार गर्ने,
६. सबै विद्यालयलाई सूचना तथा प्रबिधिमैत्री बनाउने,
७. विभिन्न शिक्षण बिधिहरू प्रयोगमा ल्याई फरक क्षमता भएका बालबालिकाको सिकाइ नतिजामा सुधार गर्ने ,
८. शिक्षकहरुको शिक्षण सिकाइको अनगमन र सहयोग संयन्त्र निमार्ण गर्ने ,
९. शिक्षकहका लागि मोटिभेसन र प्रसंसाका कार्यक्रम संचालन गर्ने,
१०. पालिका भित्रको विषय शिक्षकहरुको विज्ञहरुको रोष्टर सुचि बनाई प्रश्न पत्र बैँक निर्माण गर्ने,
११. विद्यार्थीको नतिजा सुधारका लागि प्रअले शिक्षकसँग र नगपालिकाले प्रअहरुरुसँग करार सम्झौता गर्ने ,
१२. प्रधानाध्यापकको छनोट गर्ने र विद्यालयको सिकाइ सुधार प्रति जिम्मेवार बनाउने,
१३. निरन्तर मूल्याङकनको प्रभावकारीता बनाउने,
१४. विद्यालयमा विद्यार्थी शिक्षकका लागि आचारसंहिता निर्माण र संस्कारयुक्त वातावरण कायम गर्ने,

१५. विद्यालयको स्रोत साधनका समुचित उपयोग र शैक्षिक गुणस्तर बृद्धि गर्नका लागि बिग विद्यालयको अवधारणा कार्यान्वयन गर्ने,

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

सबै बालबालिकाहरुको निशुल्क माध्यामिक शिक्षामा सबैको पहुँच र अपेक्षित सिकाइ सुनिश्चितका लागि सिकाइ वातावरण निर्माण भएको हुने,

**नतिजा**

१. अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता भएको हुनेछ।
२. विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारहरूको तय गरे अनुरुप शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन भएको हुनेछ।
३. माध्यामिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच पुगेको हुनेछ।
४. प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक तथा शैक्षिक पक्षको गुणस्तरमा आवश्यक सुधार भएको हुनेछ।
५. फरक क्षमता भएका बालबालिकाको सिकाइ नतिजामा सुधार भएको हुनेछ।
६. विद्यालयहरू बालमैत्री, समावेशी र सुरक्षित भौतिक तथा शैक्षिक वातावरण भएको हुनेछ।
७. प्रअले शिक्षकसँग र नगपालिकाले प्रअहरुरुसँग करार सम्झौता भई विद्यार्थीको नतिजा सुधार भएको हुनेछ ।
८. विद्यालयको स्रोत साधनका उपयोग र शैक्षिक गुणस्तर बृद्दी गर्नका लागि बिग विद्यालयको अवधारणा कार्यान्वयन भएको हुनेछ।
९. शिक्षकहरुको अनुगमन र सहयोग संयन्त्र निमार्ण भई शिक्षण सिकाइमा सुधार भएको हुनेछ।
१०. शिक्षकहरुको शिक्षण सिकाइको अनुगमन र सहयोग संयन्त्र निर्माण भएको हुनेछ।
११. शिक्षकहका लागि मोटिभेसन र प्रशंसाका कार्यक्रम संचालन भएको हुनेछ।
१२. नगरपालिका भित्रको विषय शिक्षकहरुको विज्ञहरुको रोष्टर सुचि बनाई प्रश्न पत्र बैंक निर्माण भएको हुनेछ

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं** | **गतिविधिहरु** | इकाई | **भौतिक लक्ष्य (वर्ष)** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथौ वर्ष** | **पाचौँ वर्ष** | **जम्मा** | |
| १ | पूर्ण निःशुल्क माध्यामिक शिक्षा कार्यान्वयनका लागि पालिकाबाट अनुदान व्यवस्था | निकासा लाखमा | ० | ० | ५ | ५ | ५ | १५ | |
| २ | विपदमा शैक्षिक निरन्तरताको लागि विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ३ | आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति तथा कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको लागि विशेष शैक्षिक सामग्री सहयोग र छात्रवृत्ति | प्रतिशत | ४० | ६० | ८० | ९० | ९५ | १०० | |
| ४ | विद्यार्थी शिक्षक र विद्यालय अनूरुप शिक्षक समायोजन तथा व्यवस्थापन | प्रतिशत | **२०** | **४०** | **६०** | **८०** | **८०** | **८०** | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ६ | नगरस्तरीय अतिरिक्त क्रियाकलाप संचालन | कार्यक्रम संख्या | **१** | १ | २ | २ | **३** | ९ | |
| ७ | माध्यामिक तहमा केही विषयहरु जस्तै गणित, बिज्ञान शिक्षकको व्यवस्थापन | प्रतिशत | **५०** | **६०** | **७०** | **८०** | **८०** | **८०** | |
| ८ | प्रअहरुलाई प्रशासनिक तथा नेतृत्व विकासका तालिम संचालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ९ | पाठ्यपुस्तक, छात्रवृत्ति लगायत प्रोत्साहन कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १० | सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्था र प्रयोगको लागि क्षमता विकास | विद्यालय संख्या | **२०** | **२२** | **३०** | **३५** | **४०** | **४०** | |
| ११ | विव्यस/शिअसं पदाधिकारीहरूको क्षमता विकास | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १२ | विद्यालयको भैतिक पूर्वाधारको संम्रक्षण तथा मर्मत गर्ने | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ७० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | बाल समुह, स्काउट गठन, क्षमता विकास र परिचालन | विद्यालय संख्या | २० | ३० | ४० | ५० | ६० | ६० | |
| १४ | शिक्षक पेशागत सहयोग संयन्त्र निर्माण र कार्यान्वयन | निरन्तर | ० | √ | √ | √ | √ | √ | |
| १५) | रोष्टर शिक्षक, विषयगत सिकाई संजालको निर्माण र Community of Practice , मेन्टरिङ कार्यक्रम सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १६) | प्रश्न बैँक निर्माण तथा प्रयोग | संख्या | १ | १ | १ | १ | १ | १ | |
| १७) | शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रम | उत्कृष्ठ नतिजा | SLC | SLC | SLC | SLC | SLC /BLE | SLC /BLE | |
| १८) | किशोर तथा किशोरीमैत्री शिक्षा तथा परार्मशको व्यवस्था | प्रतिशत | ० | १० | १५ | २० | २५ | २५ | |
| १९) | विद्यालयमा विद्यार्थी शिक्षकका लागि अचारसंहिता निर्माण | विद्यालय संख्या | २० | २५ | ३० | ४० | ६० | सवै | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

सीपयुक्त जनशक्ति मार्फत राष्ट्रको विकास सम्भव छ । नेपालको सन्दर्भमा प्राविधिक तथा व्यवसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ । सीपयुक्त जनशक्ति नै देश विकासका मूल आधार हुन् भन्ने मान्यतालाई मनन् गर्दै आधारभूत तथा मध्यम स्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न वि।सं। २०३७ मा प्राविधिक शिक्षालय योजना लागू भएको थियो । प्राविधिक शिक्षालय योजना कार्यान्वयन सम्बन्धी नीतिगत मार्गदर्शनका लागि वि।सं। २०३९ मा राष्ट्रिय शिक्षा समिति अन्तर्गत रहने गरी राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समिति गठन भयो । प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । त्यसैले कम्तिमा सबै स्थानीय तहमा एक ओटा प्राविधिक धार अन्तरगको विद्यालय शिक्षा व्यवस्था गर्ने नेपाल सरकारको नीतिगत प्रतिबद्धता रहेको छ (CTEVT २०७९) । सुरुवाती दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसरहरूमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै वर्गको समतामूलक

पहुँच, सहभागिता र सिकाई  उपलब्धिमा सुधार गर्दै श्रम बजार सँग आबद्ध गर्नुपर्ने देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरेको पाइन्छ। हाल नगरपालिकामा प्राविधिक धार संचालित विद्यालय नभएको हुँदा प्राविधिक शिक्षाको लागि जिल्लाका अन्य स्थानीय तहमा जानुपर्ने हुन्छ।  प्रविधिक धारको शिक्षा आवश्यक रहेपनी शिक्षा लिन आउने विद्यार्थीको कमी भएर कोटा अनुसार विधार्थी भएको छैन्न। भौतिक पूर्वाधार विकास गर्न कठिन भएको छ। प्रविधिक धार पढाउने योग्यता पुगेको प्रशिक्षकको अभाव हुनु, भएको शिक्षकलाई पनि टिकाउन समस्या भएको पाइन्छ। प्रशिक्षकलाई शैक्षिक तथा प्राविधिक तालिमको अवसरको कमी भएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न स्रोतसाधनको अभाव हुनु झनै अर्को समस्या छन्।

### ३.४.२ उद्देश्य

१. प्राविधिक तथा व्यवसायिक धारको पूर्वाधार विकास गरि दक्ष जनशक्तिको उत्पादन गर्नु ,
२. प्राविधिक तथा रोजगारमुलक शिक्षा प्रदान गरि व्यवसायीक तथा आत्मानिर्भर जनशक्ति तयार गर्नु ,
३. स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु,

### ३.४.३ रणनीति

१. प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तारका लागिको सम्भाव्य क्षेत्रको पहिचानका लागि अध्ययन गर्ने,
२. प्रविधिक तथा व्यवसायिक शिक्षा संचालन र विस्तारका लागि केन्द्र, प्रदेश सरकारसँग आर्थिक तथा प्राविधिक सहयोग भित्राउने,
३. प्राविधिक शिक्षा र सीपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
४. प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरि पढ्दै, सिक्दै कमाउदै गरिने कार्यक्रमहरुबाट आत्मनिर्भर बनाउन सक्षमताको विकास गर्ने,
५. नगरपालिकामा सञ्चालित प्राविधिक शिक्षा र सीप प्रदायक संस्थाहरुको सञ्चालन तथा सहयोगमा समन्वय सहकार्य गर्ने,

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

सुरक्षित भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन पश्चात दक्ष तथा रोजगारउन्मुख र आत्मानिर्भर जनशक्ति तयार भएको हुने,

**नतिजा**

१. सुरक्षित भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर पाएको हुनेछ।
२. प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसरमा सहज र सरल बनाउनेछ।
३. दक्ष, रोजगारउन्मुख र आत्मानिर्भर जनशक्ति उद्पादन हुनेछ।
४. खोज, नवप्रवर्दन तथा उद्यमशिलतामा अभिबृद्धी भएको हुनेछ।
५. प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तारका नयाँ सम्भाव्य क्षेत्रको पहिचानका भएको हुनेछ।

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं** | **गतिविधिहरु** | इकाई | **भौतिक लक्ष्य (वर्ष)** | | | | | | **कै** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथौ वर्ष** | **पाचौँ वर्ष** | **जम्मा** | |
| १ | प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तारका लागि सम्भाव्य क्षेत्रको पहिचानका लागि अध्ययन | प्रगती | ० | अध्ययन | पहिचान | प्रस्ताव | वजेट व्यवस्था | | |
| २ | प्राविधिक तथा व्यवसायिक शिक्षा सुहाउदो सुरक्षित किसिमको पूर्वाधार विकास | प्रतिशत | ० | ० | ० | ५ | १० | १० | |
| ३ | सञ्चालनमा रहेको प्राविधिक धारको स्थायित्व तथा स्तरोन्नति | संख्या | नरहेको | नरहेको | नरहेको | १ | ० | १ | |
| ४ | प्राविधिक धारको विद्यालय सञ्चालन गर्न संघ, प्रदेशर स्थानीय संस्थासँग समन्वय | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ५ | प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा प्रदान गन चाहने शिक्षालयलाई अनुदान सहयोग | संख्या | ० | ० | ० | १ | ० | १ | |
| ६) | प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीलाई उद्यमशिलतामा विकासको लागि सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ७) | दलित, तथा विपन्न समुदायका प्रविधिक शिक्षामा आबद्ध विद्यार्थीलाई छात्रबृति | निरन्तर | ० | ० | ० | √ | √ | √ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८) | प्राविधिक धारबाट उत्पादित विज्ञहरुलाई इन्टर्न, स्व रोजगार र उद्यमशिल बनाउन प्रोत्साहन अनुदान व्यवस्थापन | निरन्तर | ० | ० | ० | √ | √ | √ | |
| ९) | विद्यालय शिक्षकहरुको विद्यालय संचालन तथा पेसागत सहयोग लगायतको क्षमता विकास कार्यक्रम | संख्या | ० | ० | ० | १ | ० | १ | |
| १०) | विज्ञ सहितको सिकाइ संजालको निर्माण र मेन्टरिङ कार्यक्रम सञ्चालन | प्रतिशत | ० | ० | ० | ५ | ५ | ५ | |
| ११) | प्राविधिक धारका विद्यार्थी लक्षित पढ्दै, सिक्दै कमाउदै कार्यक्रम अनुदान | लाख | ० | ० | ० | २ | ५ | ७ | |
| १२) | प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा प्रदान गर्ने शिक्षालयको अनुगमन, नियमन र व्यवस्थापन | निरन्तर | ० | ० | ० | √ | √ | √ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

जिवनभरको सक्रियतापूर्ण सिकाईलाई व्यवहारिक बनाउनको लागि समृद्द र सभ्य समाजको निर्माणका लागि औपचारिक तथा निरन्तर सिकाई आवश्यक छ। सबैका लागि गुणस्तरिय शिक्षा र आजीवन सिकाइको अवसरले दीगो विकासको मर्मलाई समेट्दछ । यसका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ । केन्द्र सरकारले सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ तर्जुमा गरी अनौपचारिक शिक्षा र आजीवन सिकाइ नीतिगत व्यवस्था गरेको छ ।

### ३. ५.१ वर्तमान अवस्था

जीवन उपयोगी ज्ञान र सिप हासिल गर्नको लागि औपचारिक र अनौपचारिक शिक्षाको आवश्यकता पर्दछ । निश्चित समय सिमा भित्र सिकेका ज्ञानले मानिसको जिवनलाई सार्थक बानउन सक्दैन। विविध कारणले औपचारिक शिक्षाको मुल प्रवाहबाट वञ्चित भइका मानिसलाई जीवनपर्यन्त सिकाईका लागि बेलकोटगढी नगरपालिकाले अनौपचारिक शिक्षा तथा निरन्तर सिकाईलाई नगर शिक्षा योजनामा प्राथमिकताका साथ राखेको छ। अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ मार्फत व्यक्तिको आवश्यकता र सिपलाई आम्दानी सँग जोड्दै

सके वर्तमानमा यसले सान्दर्भिकता पाउँदछ । बेलकोटगढी नगरपालिकामा हालसम्म कुनैपनि सामुदायिक सिकाइ केन्द्र रहेका छैनन । तसर्थ अनौपचारिक शिक्षा औपचारिक शिक्षाको लागि यस्ता केन्द्र स्थापना गर्नु आवश्यक छ।

### ३. ५. २ उद्देश्य

१.स्थानीयलाई समावेसी र समतामुलक साक्षरता र निरन्तर सिकाईको अवसर सिर्जना गर्नु,
२.औपचारिक शिक्षाबाट वञ्चित भएका सम्पुर्ण स्थानीयका लागि निरन्तर सिकाई सुनिश्चित गर्नु,
३.सिकाई सँस्कृति तथा पढ्ने बानिको विकास गर्नु,
४.शरिरीक रुपमा अपाङ्गता भएका ब्याक्तिको लागि व्यबहारिक र सिपमुलक शिक्षा प्रदान गरी सक्षमता प्रदान गर्नु,
५.सामुदायिक अध्ययन केन्द्रको स्थापना विकास र विस्तार गर्नु ,

### ३. ५. ३ रणनीति

१.सामूदायिक सिकाइ केन्द्र स्थापना र विद्यालय गरी अभिभावक र अन्य साझेदारहरु परिचालन गर्ने ,
२.उच्च शिक्षा कक्षा ११ र १२ मा अध्ययनमा अध्ययनरत विद्यार्थीहरु तथा विद्यालयका शिक्षकहरुलाई वडावडामा साक्षरता जागरणका लागि परिचालन गर्ने ,
३.सामुदायिक सिकाइ केन्द्रहरुलाई सरकारले तोकेको मापदण्ड अनुसार थप व्यवस्थित बनाउन आवश्यक अनुगमन गर्ने,
४.सामुदायिक सिकाइ केन्द्रलाई निरन्तर आय आर्जन तथा सीप विकास तथा निरन्तर सिकाइको क्षेत्रमा क्रियाशिल बनाइने गर्ने,
५.निरन्तर सिकाइको लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको विकास गर्ने,
६.अनौपचारिक शिक्षा र जिवनपर्यन्त शिक्षा संचालन गर्ने संघ संस्था बीच समन्वय समूह बनाई परिचालन गर्ने,
७.महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुऱ्याउने,

### ३. ५. ४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

सामुदायिक अध्ययन केन्द्रको स्थापना गरी स्थानीयलाई समाबेशी र समतामुलक साक्षरता र निरन्तर सिकाई मार्फत सिकाई सँस्कृति तथा पढ्ने बानिको विकास भएको हुने,

**नतिजा**

१. सामूदायिक सिकाइ केन्द्र स्थापना भएको हुनेछ।
२. उच्च शिक्षा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरु तथा शिक्षकहरुले वडा वडामा साक्षरता जागरणका निम्ती काम गरेको हुनेछ।
३. सबै सामुदायिक सिकाइ केन्द्रहरु ले सरकारले तोकेको मापदण्ड अनुसार संचालन भएको हुनेछ।
४. सामुदायिक सिकाइ केन्द्रले निरन्तर आय आर्जन तथा सीप विकासका कार्यक्रम संचालन गरेको हुनेछ।
५. निरन्तर सिकाइको लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको विकास भएको हुनेछ।
६. अनौपचारिक शिक्षा र आजीवन सिकाइ संचालन गर्ने संघ संस्था बीच समन्वय समूह बनाई परिचालन भएको हुनेछ।
७. लक्षित वर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना भएको हुनेछ

### ३. ५.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | सामूदायिक सिकाइ केन्द्र स्थापना र पूर्नवितरण | संख्या | ० | ० | ० | ० | १ | १ | |
| २ | निरन्तर सिकाइको लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको स्थापना | संख्या | ० | ० | ० | ० | १ | १ | |
| ३ | निरक्षरताको तथ्याङक संकलन गरी डाटाबेस तयार | संख्या | १ | ० | १ | ० | १ | ३ | |
| ४ | उच्च शिक्षा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरु तथा शिक्षकहरु लाई आजीवन सिकाइ | संख्या | ० | ० | ० | ० | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागि परिचालन कार्यक्रम | | | | | | | | |
| ५ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | ० | ० | ० | ० | १ | १ | |
| ६ | सामुदायिक सिकाइ केन्द्रको परिचालकको क्षमता विकास | संख्या | ० | ० | १ | १ | १ | ३ | |
| ७ | सामुदायिक सिकाइ केन्द्रहरुले मापदण्ड अनुसार संचालन भए नभएको बारे अनुगमन | प्रतिशत | १० | ५० | ६० | ७० | १०० | १०० | |
| ८ | सामुदायिक सिकाइ केन्द्रलाई सीप विकासका कार्यक्रम संचालन अनुदान | लाख | ० | ० | १ | १ | १ | ३ | |
| ९ | जेष्ठ नागरिक, आमा समूह, बालबालिकाहरुलाई आवश्यकतामा आधारित सिकाइ प्रबर्धन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १० | पढाइको वातावरण सृजना गर्न अभिभावकहरुलाई वडागत सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ११ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ संचालन गर्ने संघ संस्थाको समन्वय समूहको समन्वयात्मक बैठक | पटक | ० | ० | १ | १ | १ | ३ | |
| १२ | संघ, प्रदेश, स्थानीय सरकार, संघसंस्था बिच समन्वय र सहकार्य मार्फत स्रोत व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

नेपालको संबिधानले विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाइ प्रदान गरेको छ । यस सन्दर्भमा विद्यालय शिक्षाको गुणस्तर कायम गर्ने , विद्यालय शिक्षा को पाठ्यक्रम कार्यान्वयमा सहजिकरण गर्ने , अनुगमन गर्ने जस्ता महत्वपूर्ण भुमिका स्थानीय तहको रहेको छ । पाठ्यक्रममा समावेश भएको विषयवस्तु तथा उक्त विषयवस्तु अनुसारको कक्षा क्रियाकलापले शिक्षाको समग्र गुणस्तरलाइ प्रभाव पार्छ । पाठ्यक्रममा आधारित बनाएर निर्माण ग रिएको पाठ्यपुस्तक, सिकाई सामग्रीको उपलब्धता, कक्षा कोठामा सिकाइ

सामग्रीको उपयुक्त तबरले प्रयोग , शिक्षकमा पाठ्यक्रमको पुर्ण ज्ञान, पाठ्यक्रममा आधारित भइ शिक्षण गर्ने तौर तरिका जस्ता विभिन्न पक्षहरूले सिकाई उपलब्धिको स्तर निर्धारणमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ।

### ४.१.१ वर्तमान अवस्था

यस नगरपालिका भित्र रहेका सबै बिधालयहरुमा पाठ्यक्रम बिकास केन्द्रले तय गरे अनुरूप तहगत पाठ्यक्रम सबै तहमा कार्यान्वयन भइरहेको छ । सोहि अनुरुप कक्षा १(३ का लागि एकिकृत पाठ्यक्रममा कार्यान्वयनमा छ ।त्यस्तै गरी स्थानिय परिवेससँग परिचित गराइ केन्द्रिय पाठ्यक्रमले नसमेटिएको विषयवस्तुलाई शिक्षण गरी स्थानीय परिवेशसँग परिचित गराउने उदेश्यका साथ स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । यो पाठ्यक्रम २०८० देखि सबै सामुदायिक विद्यालयका कक्षा १ देखि ८ सम्म कार्यान्वयन भइरहेको छ। सबै शिक्षकहरुलाई पाठ्यक्रमको प्रबोधिकरण गरेपनि सोचेअनुरुपको गुणस्तर कायम गर्न सकिएको छैन । शिक्षकहरुलाई स्थानीय पाठ्यक्रमलाई कक्षाकोठामा सहजीकरणका लागि आवश्यक पाठ्यपुस्तक निर्माण गर्नुपर्ने देखिन्छ। पाठ्यक्रमका सफल कार्यान्वयनका सँगै शैक्षिक उपलब्धि बृद्धीका लागि शिक्षकलाइ कक्षाकोठामा आवश्यक पर्ने शैक्षणिक सामग्रीको निर्माण तथा प्रयोग गराउन थप प्रयास गर्नुपर्ने छ । त्यसका साथै निरन्तर शैक्षिक मुल्याकनका लागि आबस्यक सामग्री तथा तालिमको ब्यबस्था गरि मुल्याकनमा जोड दिनुपर्ने देखिन्छ।

### ४.१.२ उद्देश्य

१.राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप तहगत पाठ्यक्रम कार्यान्वयन गर्नु ,

२.स्थानीय पाठ्यक्रमको पाठ्यसामग्री निर्माण तथा प्रयोग गर्नु ,

३.विद्यालयहरूमा शैक्षिक सत्रको सुरुमा सवै बालबालिकाको हात हातमा पाठ्यपुस्तक पुऱ्याउनु,

४.विद्यालय प्रअहरुको विद्यालय संचालन तथा पेसागत सहयोग लगायतको क्षमता विकास गर्नु ,

५.शिक्षकको लागि पेशागत विकासको लागि अनुभव आदानप्रदान सहितको Community of Practice , मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नु,

### ४.१.३ रणनीति

१. स्थानीय पाठ्यक्रम समिति निर्माण गर्दा स्थानीय विज्ञहरूको सहभागीता गराउने,

२. स्थानीय पाठ्यक्रम परिमार्जन एवं कार्यन्वयन गर्ने,
३. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रवोधिकरण गर्ने,
४. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
५. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
६. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित गर्ने,
७. स्वीकृत पाठ्यपुस्तक वितरण गरे नगरेको एकिन गर्ने ,
८. शिक्षकको लागि पेशागत विकासको लागि अनुभव आदानप्रदान सहितको Community of Practice , मेन्टरिङ कार्यक्रम सञ्चालन गर्ने,
९. स्थानीय पाठ्यक्रमको निर्माण, पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्ने,
१०. प्रअहरुको लागि विद्यालय संचालन तथा पेसागत सहयोग लगायतको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

स्थानीय पाठ्यक्रमको पाठ्यसामग्री निर्माण तथा प्रयोग शिक्षकको पेसागत सहयोगको लागि क्षमता विकास तथा मेन्टरिङ कार्यक्रम सञ्चालन हुने,

**नतिजा**

१. स्वीकृत पाठ्यपुस्तक वितरण तथा अध्यापन भए नभएको अनुगमन भएको हुनेछ।
२. स्थानीय पाठ्यक्रम निर्माण, पाठ्यसामग्री निर्माण , परिमार्जन एवं कार्यन्वयन भएको हुनेछ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि भएको हुनेछ।
४. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रवोधिकरण को हुनेछ।

५. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको हुनेछ।
६. शिक्षकको लागि पेशागत विकासको लागि अनुभव आदानप्रदान सहितको Community of Practice , मेन्टरिङ कार्यक्रम सञ्चालन भएको हुनेछ।
७. प्रअहरुको लागि विद्यालय संचालन तथा पेसागत सहयोग लगायतको क्षमता विकास कार्यक्रम सञ्चालन भएको हुनेछ।

### ४.१. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | स्थानीय पाठ्यक्रम कार्यान्वियन सम्बन्धि प्रबोधिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्थानीय पाठ्यसामग्री निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | स्थानीय पाठ्यसामग्री कार्यान्वियनको प्रबोधिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शैक्षणिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धि अभिमूखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | शैक्षणिक सामग्रीको कक्षा सिकाइसँग जोडी साक्षर वातावरणका लागि पेशागत सिप विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक तथा शैक्षणिक सामग्रीको प्रयोगबारेको पालिकास्तरिय अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

गुणस्तरीय शिक्षा शिक्षक व्यवस्थापन र शिक्षक विकास विना कल्पना पनि गर्न सकिदैन। पाठ्यक्रमले निर्धारण गरेको सक्षमताहरू पुरा गर्न गरिने सम्पुर्ण क्रियाकलापको योजना बनाउने , कार्यन्वय गर्ने , मुल्यंकन गर्ने प्रमूख व्यक्ति भनेको नै शिक्षक हो। जतिसुकै राम्रो पाठ्यक्रम भएपनि पाठ्यसामग्री उपलब्ध भए पनि , जति सुकै भौतिक सम्पन्नता, स्रोत साधनको पर्याप्तता भए पनि यदि कक्षामा शिक्षण गर्ने शिक्षक तालिम प्राप्त भएन, शिक्षकको उपलब्धता भएन भने शिक्षण सिकाई प्रभावकारी हुन सक्दैन । शिक्षक सिकाइ प्रभावकारी नभएमा

गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिदैन त्यसैले शिक्षक व्यस्थापन, शिक्षक विकास गुणस्तरीय शिक्षाको महत्वपुर्ण पाटो हो ।

### ४.२.१. वर्तमान अवस्था

सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरुरी हुन्छ । नगरपालिका भरी सञ्चालनमा रहेक सामुदायिक विद्यालयहरूमा प्रयाप्त शिक्षक दरबन्दि व्यवस्था गरी आधुनिक शैक्षणिक प्रविधिसंग भिजेर काम गर्न सक्ने गरी आगमी पाँच बर्ष भित्र शिक्षक व्यवस्थापन गर्नु नै मुख्य उद्देश्य रहेको छ । यस योजनामा शिक्षा तथा  सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जीम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइनेछ। त्यसैगरी  शिक्षकसेवा आयोगबाट छनौट भई नियुक्त पाएका स्थायी शिक्षक, करारमा नियुक्त शिक्षक, राहत अनुदानमा कार्यरत शिक्षकहले शिक्षण कार्य गर्दै आइरहेका छन्। नगरपालिकाबाट सामुदायिक विद्यालयमा शिक्षक अभाव हुन नदिन प्रत्येक बर्ष शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्वन्धि कामकाज गर्दै आएको छ साथ यस पछि पनि विद्यालयमा शिक्षण सिकाइमा सहज बनाउन र गुणस्तर बृद्दी गर्न प्रत्येक बर्ष आवश्यक विद्यालयमा नगर अनुदानका शिक्षकको व्यवस्थापन गर्ने गरिएको छ । विभिन्न किसिमका शिक्षकहरूका सेवा शर्त र सुविधा पनि फरक फरक छन्। शिक्षकको कार्यसम्पादन मुल्यांकन केबल बढुवा प्रयोजनको लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धि सँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन । स्वयंसेवक शिक्षकको कार्यसम्पादन मुल्यांकन प्रणालीको विकास गरी विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउनपर्ने देखिएको छ । यस नगरपलिकाभित्र शिक्षण व्यवस्थापन र विकास गरी पालिकाको शैक्षिक गुणस्तरलाइ माथि उठाउनु पर्ने भएकाले यस योजनामा शिक्षक व्यवस्थापन तथा विकासको निम्नानुसारको उद्देश्यहरू राखिएको छ ।

### ४.२.२ उद्देश्य

१.अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ को व्यवस्थालाई शुनिश्चितता तथा कार्यन्वयन गर्न पालिकाको  शिक्षा क्षेत्रको बजेटमा वृद्दी गर्नु ।

२.समायोजन गरिएका विद्यालयमा शिक्षक आबस्यकताका आधारमा दरबन्दी मिलान गर्नु ।

३.नगरपालिका भित्र सञ्चालित बिधालयको बिषयगत दरबन्दी विवरण अध्यावधिक गर्नु ।

४.उपलब्ध जनशक्तिको आधारमा ऐच्छिक विषय छनौट गर्न विद्यालयहरूलाई सहजीकरण गर्नु ।

### ४.२.३ रणनीति

१. नगरपालिका भरिको विद्यालयको बिषयगत दरबन्दी विवरण अध्यावदिक गर्ने,

२. उपलब्ध जनशक्तिको आधारमा मात्र ऐच्छिक विषय छनौट गर्न विद्यालयहरूलाई सहजीकरण गर्ने,

३. समायोजन गरिएका विद्यालयका शिक्षक कर्मचारीलाई मापदण्ड भन्दा कम शिक्षक दरबन्दी रहेको विद्यालयमा दरबन्दी मिलान गर्ने,

४. अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ को व्यवस्था पुर्ण रुपमा कार्यन्वय गर्ने सो को लागि पालिकाले शिक्षा क्षेत्रको बजेटमा वृद्धि गर्ने,

५. लामो अध्ययन बिदा, विरामी बिदा साथै सुत्केरी बिदामा रहेका शिक्षकको अभाव पूर्तीका लागि करार शिक्षकको व्यवस्थापन गर्ने,

६. स्थानीय तहमा नियुक्ति हुने शिक्षकलाई विषयगत क्षमता हेरी आवश्यक पर्ने विद्यालयमा पठाउने,

७. सबै बालबिकास सहयोगी कार्यकर्तालाई छोटो अवधिको मन्टेश्वरी तालिम सञ्चालन गर्ने,

८. विज्ञ समूह सूचि निर्माण गरी विद्यालयमा विषयगत शिक्षकहरुको अभाव व्यवस्थापन र क्षमता विकास परिचालन गर्ने,

९. संघ सरकार, प्रदेश सरकार संग पुल दरबन्दि तथा अपुग दरबन्दि समायोजन, मिलानको लागि पहल गर्ने,

### ४.२.४.प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

पालिकाको शिक्षा क्षेत्रको बजेटमा वृद्धि गरि अनिवार्य तथा निशुल्क शिक्षा ऐनको शुनिश्चितता र समायोजन गरिएका विद्यालयमा आबश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान हुने,

**नतिजा**

१.पालिकाको शिक्षा क्षेत्रको बजेटमा वृद्धि गरि अनिवार्य तथा निशुल्क शिक्षा ऐनको शुनिश्चितता भयको हुनेछ ।

२.नगरपालिका भित्र सञ्चालित बिधालयको बिषयगत दरबन्दी विवरण अध्यावदिक भएको हुनेछ ।

३.उपलब्ध जनशक्तिको आधारमा ऐच्छिक विषय छनौट गर्न विद्यालयहरूलाई सहजीकरण हुनेछ ।

४.संघ सरकार, प्रदेश सरकार संग पुल दरबन्दि तथा अपुग दरबन्दि समायोजन, मिलान भएको हुनेछ ।

५.लामो अध्ययन बिदा, विरामी बिदा साथै सुत्केरी बिदामा रहेका शिक्षकको अभाव पूर्तीका लागि करार शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

६.स्थानीय तहमा नियुक्ति हुने शिक्षकलाई विषयगत क्षमता हेरी आवश्यक पर्ने विद्यालयमा समायोजन भएको हुनेछ ।

७.सबै बालबिकास सहयोगी कार्यकर्तालाई छोटो अवधिको मन्टेश्वरी तालिम सञ्चालन भएको हुनेछ ।

८. विज्ञ समूह सूचि निर्माण गरी विद्यालयमा विषयगत शिक्षकहरुको अभाव व्यवस्थापन र क्षमता विकास परिचालन भएको हुनेछ

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौं वर्ष | जम्मा | |
| १ | नगरपालिका भरिको विद्यालयको बिषयगत दरबन्दी विवरण अध्यावधिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २ | समायोजन गरिएका विद्यालयमा आबस्यकताका आधारमा दरबन्दी मिलान कार्यक्रम | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ६० | |
| ३ | उपलब्ध जनशक्तिको आधारमा मात्र ऐच्छिक विषय छनौट गर्न विद्यालयहरूलाई सहजीकरण कार्यक्रम | पटक | ० | ० | ० | १ | १ | २ | |
| ४ | शिक्षकको कार्यसम्पादन मुल्यांकन विद्यार्थीको सिकाइसँगको तालमेल | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८० | ८० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | आधुनिक शैक्षणिक प्रविधिसंग शिक्षक र सिकाइ हस्तान्तरण कार्यक्रम | प्रतिशत | १० | २० | ३० | ५० | ७० | ७० | |
| ६ | शिक्षक पेशागत सहयोगका लागि Community of Practice संचालन | पटक | ० | ० | १० | ४० | ६० | ६० | |
| ७ | विद्यालयमा शिक्षण सिकाइ सामग्री व्यवस्थानमा | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ८ | बालबिकास सहयोगी कार्यकर्तालाई छोटो अवधिको मन्टेश्वरी तालिम सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ९ | लामो अध्ययन बिदा, विरामी बिदा साथै सुत्केरी बिदामा रहेका शिक्षकको अभाव पूर्तीका लागि करार शिक्षकको व्यवस्थापन र परिचालन | पटक | ० | १ | १ | १ | १ | ४ | |
| १० | शिक्षक कर्मचारीलाई पालिकाले विषयगत नतिजाको आधारमा प्रोत्साहन कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

शिक्षाको मूल प्रवाहबाट बाहिर रहेका बालबालिका तथा प्रौढहरूलाई शिक्षाको पहुँचमा समाहित गर्ने प्रक्रिया नै समावेसी शिक्षा हो । विषेशत समाजमा पछाडी परेक वा पारीएको वर्ग , अवसर बाट बन्चित महिला , दलित , जनजाती, अपाङ्ग, आर्थिक रुपले विपन्न वर्गलाई शिक्षाको मुल धारमा समाहित गर्न शिक्षामा समता र समावेशिकरणको आवधारणा अगाडी आएको हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत र माध्यमिक तहसम्मको शिक्षा अनिवार्य, निशुल्क शिक्षा पाउने हकको सुनिश्चित गरेको छ । यसै अनुसार समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, जातजाति लगायत शिक्षाबाट बञ्चितीकरणमा परेकालाई उनीहरूको आवश्यकता र चाहना अनुसारको शिक्षा प्रदान गरी गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाई शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्ने शिक्षणको आधुनिक विधि अपनाउनु पर्ने हुन्छ । यसका साथै अपाङ्गता भएका र आर्थिक तथा सामाजिक रूपमा पछाडी परेका नागरिकलाई कानून बमोजिम निशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ ।आर्थिक र सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्तिसहित विद्यालयदेखि उच्च र प्राविधिक शिक्षासम्म निःशुल्क पहुँचको व्यवस्था गरेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरण प्रवर्द्धन गर्न सूचकसहितको एकीकृत समता रणनीति, २०७१ को कार्यान्वयनबाट बहु–वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहित शैक्षिक अवसर प्रदान गरिँदै आइएको छ।

### ४.३.१ वर्तमान अवस्था

सबै बालबालिकाले एउटै प्रक्रियाबाट उही कुरा उही समयमा सिक्न सक्र्दैनन् । अपाङ्गता भएका, कार्यगत तथा सिकाइमा कठिनाई झेलिरहेका सबै बालबालिकाको पूर्ण सहभागिताको सुनिश्चितता गर्न आवश्यक छ । समावेसी शिक्षालाई बालबालिकामा भएको विविधताको सम्मान गर्दै विविधतालाई सम्बोधन हुने गरी शिक्षा प्रदान गर्नुपर्छ । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । ब्राह्मण जातिको मुख्य वसोबास रहेको यस क्षेत्रमा तामाङ, क्षेत्री, नेवार, मगर तथा दलित समुदाय छन् । साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको १४.६ प्रतिशतले साक्षारता कम रहेको छ । यस्तैगरी राष्ट्रिय जनगणना २०७८ अनुसार १२ प्रकारका अपाङ्गता भएका जनसंख्या मध्ये ३.१ प्रतिसत जनसंख्या अपाङ्गता रहेको देखिन्छ । जहाँ ०.२ प्रतिसतले महिला भन्दा बढि रहेको छ ।

विद्यालयमा बाल केन्द्रित सिकाइ वातावरण नहुनु, विद्यालय व्यवस्थपन समिति तथा शिक्षक अभिभावक संघको वैठकमा समता र समावेशीकरण विषय एजेण्डाको रुपमा नआउनु, मातृभाषामा पठनपाठनको व्यवस्था नहुनु, जनचेतनामूलक कार्यक्रमहरु लक्षित वर्गमा हुन नसक्नु समस्याको रुपमा रहेको छ । यस्तैगरी जिम्मेवार निकायबाट समता र समावेशीकरण सम्बन्धमा सहजीकरण नहुनु, विद्यालयमा हुने सबै प्रकारको हिंसा, विभेद र दूर्व्यवहार हटाउन विद्यालय परिवारलाई जवाफदेही नहुनु, लक्षित योजना कार्यन्वयन गर्नका लागि आवश्यक बजेट विनियोजन नहुनु ले गर्दा चुनौती थपिएको छ ।

### ४.३. २ उद्देश्य

क) बहु-वञ्चितीकरणमा परेका र जोखिममा रहेका बालबालिका र आर्थिक रूपमा विपन्न वर्गको गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्नु,

ख) विद्यालयहरुमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु,

ग) सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिक संवेदनशील पूर्वाधारहरूको निर्माण तथा सुधार गर्नु,

घ) विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध गर्नु,

ङ) अपाङ्गता भएका बालबालिका तथा पछाडि पारिएका वर्गप्रति सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी भेदभाव रहित सिकाइ वातावरण निर्माण गर्नु,

### ४.३.३ रणनीति

१. विपन्न, सीमान्तकृत र जोखिममा रहेका बालबालिकाहरूका लागि विशेष छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री, र पोसाक उपलब्ध गराउने,
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गर्ने,
३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउने,
४. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्ने ,
५. लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने,
६. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गर्ने,
७. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने,
८. किशोरीहरूका लागि निःशुल्क स्यानिटरी प्याडको नियमित उपलब्धता र उचित बिसर्जनको प्रबन्ध मिलाउने,
९. प्राविधिक तथा व्यवसायिक शिक्षा, विषयहरू अध्ययन गर्न चाहने छात्राहरूका लागि पालिका र स्थानीय तहबाटै विशेष कोटा वा प्रोत्साहन रकमको व्यवस्था गर्ने,
१०. नयाँ निर्माण हुने विद्यालय भवनहरू अनिवार्य रूपमा अपाङ्गतामैत्री बनाउने र पुराना भवनहरूको स्तरोन्नति गर्ने,
११. विद्यालयहरूमा पर्याप्त पानीको सुविधा सहितको छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय तथा महिनावारी विश्राम कक्ष निर्माण गर्ने,
१२. विद्यालयहरूमा विद्यार्थीहरूबीच नै सहपाठी सहायता समूह वा समावेशी क्लबहरू गठन गरी परिचालन गर्ने,

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

समतामूलक सिकाइ वातावरणमा सुधार हुदै सबै प्रकारका बालबालिकाहरुको शिक्षामा हुने सहभागितामा वृद्दी हुने,

**नतिजा**

१. बालमैत्री प्रारुपको कार्यान्वयन भएको हुनेछ।
२.सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गर्ने अभ्यासको शुरुवात भएको हुनेछ।
३.भौतिक संरचनाहरुमा पहुँचयुत्तता भएको अवस्थामा सुधार भएको हुनेछ।
४.लक्षित समुदायका बालबालिकाहरुको शिक्षामा हुने सहभागितामा वृद्दि भएको हुनेछ।
५.किशोरीहरूका लागि निःशुल्क स्यानिटरी प्याडको नियमित उपलब्धता र उचित बिसर्जनको प्रबन्ध भएको हुनेछ।
६.प्राविधिक तथा व्यवसायिक शिक्षा, क्ष्ूऋत् विषयहरू अध्ययन गर्न चाहने छात्राहरूका लागि पालिका र स्थानीय तहबाटै विशेष कोटा वा प्रोत्साहन रकमको व्यवस्था भएको हुनेछ।
७.नयाँ निर्माण हुने विद्यालय भवनहरू अनिवार्य रूपमा अपाङ्गतामैत्री बनाउने र पुराना भवनहरूको स्तरोन्नति भएको हुनेछ।
८.विद्यालयहरूमा पर्याप्त पानीको सुविधा सहितको महिनावारी विश्राम कक्ष निर्माण भएको हुनेछ।
९.विद्यालयहरूमा विद्यार्थीहरूबीच नै सहपाठी सहायता समूह वा समावेशी क्लबहरू गठन गरी परिचालन भएको हुनेछ।

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना – विद्यालय भवन, कक्षाकोठा, पिउने पानी शौचालय, र्याम्प आदि। | प्रतिशत | ५० | ६० | ७० | ८० | ८० | ८० | |
| २ | पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको उपलब्धता | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ३ | समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचा सम्बन्धी शिक्षक तालिम | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ४ | समावेशी सिकाइ सामग्री निर्माण तथा प्र योग (शून्य लागत वा कम लागतमा) | पटक | ० | ० | ० | १ | १ | २ | |
| ५ | अपाङ्गता भएका व्यक्तिहरूको संस्थाको सहभागिता तथा अभिभावक सचेतना अभिवृद्धि | पटक | ० | ० | ० | १ | १ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | बालिका शिक्षा प्र बर्द्धनात्मक कार्यक्रम | **पटक** | ० | ० | १ | १ | १ | ३ | |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | **पटक** | ० | ० | १ | १ | १ | ३ | |
| ८ | महिनावारीको समयमा किशोरीहरू वा बिरामी पर्दा विद्यार्थीहरूलाई आराम गर्न विद्यालयमा एउटा प्राथमिक उपचार तथा विश्राम कक्ष स्थापना | संख्या | ० | १ | १ | १ | १ | ४ | |
| ९ | घर र विद्यालय समयमा बालबालिकाको सुरक्षासँग सम्बन्धित आत्मरक्षा तालिम कार्यक्रम | **पटक** | ० | ० | ० | १ | १ | २ | |
| १० | बालबालिका र शिक्षकमैत्री विद्यालय तथा कक्षाकोठाको नीति , नियम निर्माण । | **संख्या** | ० | ० | ० | १ | १ | २ | |
| ११ | बालबालिकामैत्री छुट्टा छुट्टै शौचालय तथा पानी सहितको हातधुने स्थानको व्यवस्थापन । | **प्रतिशत** | ४० | ५० | ६० | ७० | ८० | ८० | |
| १२ | मनोसामाजिक परामर्श | पटक | ० | ० | १ | १ | १ | ३ | |
| १३ | गुनासो सुनुवाइ समितिको गठन तथा परिचालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १४ | गुनासो पेटिकाको वितरण | संख्या | ० | ० | १० | १० | १० | ३० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

बालबालिकाको वृद्दी र विकासका लागि पोषणयुक्त खाना महत्वपूर्ण हुन्छ । पोषणयुक्त दिवा कार्यक्रमले बालबालिकाको शारीरिक र मानसिक विकास भई मानवपुँजी विकासमा भन्ने अपेक्षा राखिएको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्र बाट सामुदायिक र सार्वजनिक विद्यालयहरूमा प्रारम्भिक बालविकास देखि कक्षा पाँच सम्म पढिरहेका विद्यार्थीहरुका लागि विद्यालयमा पोषणयुक्त खाजाको बजेटको व्यवस्था गरेको छ। स्थानीय तहमा दिवा खाजाको रकम ससर्त अनुदानका रुपमा निकासा हुन्छ । खाद्य असुरक्षाबाट प्रभावित निम्न आय भएका विद्यार्थीहरूका लागि विद्यालयको खाना दैनिक पोषणको प्राथमिक स्रोत हुन सक्छ। विद्यार्थीको सिकाइ अवस्था तथा स्वास्थ्यमा विद्यालयको खाजाको प्रभावको नियमित अनुगमन र मूल्यांकन कार्य आवश्यक छ । यसले कुपोषण र सम्बन्धित स्वास्थ्य समस्याहरू रोक्न सक्छ, जसले गर्दा बालबालिकाहरू स्वस्थ हुन्छन्। दिवा खाजा व्यवस्थापनका लागि संघिय एवम् प्रदेश सरकार, स्थानीय तह, विद्यालय, अभिभावक लगायत सबै पक्षको सहयोग एवम् समन्वय आवश्यक पर्दछ ।साथै बालबालिकाको स्वस्थको मध्यनजर गरि विद्यालय नर्स कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाइस्तर अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ  विभिन्न ढाँचाका दिवा खाजा कार्यक्रम आधारभूत तहमा विगत केही दशक देखि कार्यान्वयनमा रहेको छ। नेपाल सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि ५ कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरिरहेको छ । यस नगरपालिकामा रहेका ५२ सामुदायिक विद्यालय मा जम्मा ३१९२ जना बालबालिकाहरूले दिवा खाजाको सुविधा पाएको देखिन्छ । सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा प्रति विद्यार्थी प्रति दिन रू २० मा नगरपालिकामा प्राप्त हुने र नगरपालिकाले विद्यलायमा विद्यार्थी सख्या र उपस्थित विद्यार्थी हाजिरीको आधारमा विद्यालयमा निकासा दिने प्रावधान रहि आएको छ।

### ४.४.२ उद्देश्य

क) प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर एवम् पोषणयुक्त पौष्टिक खाजाको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा बालबालिकाको भर्ना दर बढाउनु, नियमित उपस्थिति कायम गर्नु र बीचैमा विद्यालय छाड्ने दर लाई न्यूनीकरण गर्नु,

ग) स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,

### ४.४.३ रणनिति

क) खाजाको गुणस्तर बढाउन नगरपालिकाको आन्तरिक स्रोत वा अभिभावकको सामान्य सहभागिताबाट बजेट थप गर्ने,

ख)  खाजाको लागत पनि कम हुने र पोषण पनि वढी प्राप्त हुने वस्तुहरूलाई खाजा कार्यक्रममा प्राथमिकता दिई खाजा व्यवस्थापनलाई सुदृढ गर्ने,

ग) विद्यार्थीहरू र अभिभावकहरूलाई पोषणको महत्व र स्वस्थ खाजाका बारेमा शिक्षा दिई दिवा खाजा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने,

घ) विद्यालय परिसरमा सानो बगैंचा  स्थापना गरेर ताजा सागसब्जी उत्पादन गरी विद्यार्थीहरूलाई बगैंचामा  सहभागी  गराएर कृषि ज्ञान समेत प्रदान गर्ने,

ङ) खाजामा विविधता ल्याउन प्रत्येक हप्ताको लागि विभिन्न खाजाका मेनु तयार गर्ने,

च) विद्यार्थीहरुको व्यक्तिगत सरसफाइ (नङ काट्ने, कपाल कोर्ने, पोसाक सरसफाई) सम्बन्धि क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहित गर्ने,

छ) बिधालय नर्सको सहभागितामा समय समयमा स्वस्थ्य परीक्षण गर्ने,

ज) विद्यार्थी स्वास्थ्य सहितको हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग गरी समय समयमा उक्त रजिष्ट्ररको विश्लेषण गर्ने,

झ) विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध गर्ने,

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता तथा सिकाइमा सुधारसहित सिकाइ वातावरणमा सहभागिता भएको हुने,

**नतिजा**

१.खाजाको गुणस्तर बढाउन नगरपालिकाको आन्तरिक स्रोत वा अभिभावकको सामान्य सहभागिताबाट बजेट थप गर्ने प्रबन्धको व्यवस्था हुनेछ।

२.खाजा व्यवस्थापन समिति सकृय भई नियमित रुपमा मध्यान्हमा विद्यार्थीहरूले खाजा खाएको हुनेछ।

३.बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुनेछ।

४.विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था हुनेछ।

५.विद्यार्थीहरुको व्यक्तिगत सरसफाई- नङ काट्ने, कपाल कोर्ने, पोसाक सरसफाई सम्बन्धि क्रियाकलाप सञ्चालन भएको हुनेछ।

६. बालबालिकाहरूको आवधिक रूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था हुनेछ।

७. किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुनेछ।

८.विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सुचक भएको हाजिरि रजिष्टर अनिवार्य लागु गर्न लगाई तथ्याङ्क अद्यावधि भएको हुनेछ

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौं वर्ष | जम्मा | |
| १ | प्रभावकारी ढङ्गबाट दिवा खाजा कार्यक्रम सञ्चालन | विद्यालय | ४० | ४५ | ५० | ५५ | ६० | ६० | |
| २ | विद्यालय परिसरमा सानो बगैंचा किचन गार्डन स्थापना कार्यक्रम | विद्यालय | २० | ३० | ४० | ५० | ६० | ६० | |
| ३ | विद्यार्थीहरूलाई बगैंचामा सहभागी गराएर कृषि ज्ञान कार्यक्रम | प्रतिसत | ५ | २० | ४० | ६० | ८० | ८० | |
| ४ | दिवा खाजामा विविधता र विद्यार्थीहरुको रुचिलाइ ध्यानमा राखी प्रत्येक हप्ताको लागि विभिन्न खाजाका मेनु तयार | विद्यालय | ४० | ५० | ६० | ६० | ६० | ६० | |
| ५ | दिवा खाजाको व्यवस्थाका लागि विद्यालयहरूलाई विभिन्न सामग्री वितरण कार्यक्रम | पटक | ० | ० | ० | ० | १ | १ | |
| ६ | विद्यालय नर्सको सहभागितामा समय समयमा स्वस्थ्य परीक्षण कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | |
| ७ | विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध | प्रतिशत | १० | २० | ३० | ४० | ५० | ५० | |
| ८ | विद्यालयको भान्सा कोठालाई सफा र व्यवस्थित बनाउन आवश्यक पर्ने भाँडाकुँडा, पानीको फिल्टर र चुल्हो व्यवस्थापनका लागि अनुदान | पटक | ० | १ | १ | १ | १ | ४ | |
| ९ | नगरपालिकाको शिक्षा शाखा र स्वास्थ्य शाखाको संयुक्त टोलीबाट विद्यालयहरूमा खाजाको गुणस्तर, सरसफाइ र बालबालिकाको स्वास्थ्य अवस्थाको नियमित अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | |
| १० | स्यानिटरी प्याडको व्यवस्थापन र वितरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |

## ४.५ जलवायु अनुकूलन, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

वृहत विद्यालय सुरक्षा गुरूयोजना, २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालयको न्यूनतम सुरक्षाका उपाय सम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीलाई मृत्यू र घाइते हुनबाट बचाउने, विपद् पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद जोखिम न्युनीकरण तथा उत्थानशिलता विकास गर्ने व्यवस्था गरेको छ।

प्राकृतिक प्रकोप जस्तै भूकम्प, बाढी, पहिरो, विश्वव्यापी वा स्थानीय महामारी जस्तै कोभिड–१९, डेंगु तथा सामाजिक, सांस्कृतिक र वातावरणीय कारणबाट सिर्जना हुने विभिन्न आपत्कालीन अवस्थाहरूको सम्भावना स्थान, भौगोलिक परिवेश र विद्यमान अवस्थाका आधारमा केही हदसम्म अनुमान गर्न सकिए पनि तिनको वास्तविक समय, प्रकृति, तीव्रता र क्षतिको परिमाण यकिन रूपमा पूर्वानुमान गर्न सम्भव हुँदैन। कतिपय विपद् तथा आपत्कालीन घटनाहरू पूर्णतः अप्रत्याशित रूपमा देखा पर्ने भएकाले तिनले जनजीवनसँगै शिक्षा प्रणालीमा समेत गम्भीर असर पुऱ्याउने गर्दछन्।हालका वर्षहरूमा जलवायु परिवर्तनका कारण अत्यधिक वर्षा, बाढी, खडेरी, शीतलहर, गर्मीको लहर तथा अन्य चरम मौसमी घटनाहरूको आवृत्ति र तीव्रता बढ्दै गएको छ। यस्ता परिस्थितिले विद्यालय सञ्चालन, बालबालिकाको नियमित उपस्थिती, सिकाइ निरन्तरता तथा समग्र शैक्षिक वातावरणमा प्रत्यक्ष र दीर्घकालीन प्रभाव पारिरहेका छन्। त्यसैले विपद् जोखिम न्यूनीकरण, विद्यालय सुरक्षा तथा संकटका समयमा पनि सिकाइलाई निरन्तरता दिने प्रणालीको विकास गर्नु आजको अपरिहार्य आवश्यकता बनेको छ। नेपालको संघीय शासन प्रणालीअनुसार विपद् व्यवस्थापन, विद्यालय सुरक्षा तथा आपत्कालीन अवस्थामा शिक्षाको निरन्तरता सुनिश्चित गर्ने दायित्व संघ, प्रदेश र स्थानीय सरकार तीनै तहको साझा तथा समन्वयात्मक जिम्मेवारी हो। प्रभावकारी योजना, पूर्वतयारी, समन्वित कार्यान्वयन र पर्याप्त स्रोत व्यवस्थापनमार्फत मात्र सुरक्षित, समावेशी र विपद्–उत्थानशील विद्यालय प्रणाली निर्माण गर्न सकिन्छ।

### ४.५. १ वर्तमान अवस्था

विपद् व्यवस्थापनको मूल उद्देश्य सम्भावित जोखिमको पूर्वपहिचान गरी आवश्यक पूर्वतयारी गर्नु, आपत्कालीन अवस्थाको समयमा जनधन तथा शैक्षिक क्षति न्यून हुने गरी प्रभावकारी प्रतिकार्य सञ्चालन गर्नु तथा विपद्पश्चात् पुनःस्थापना र पुनर्लाभ प्रक्रियालाई व्यवस्थित रूपमा अघि बढाउनु हो। विपद् व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति, उद्धार सामग्री, आधुनिक उपकरण तथा पर्याप्त स्रोतसाधनको अभाव, पूर्व–चेतावनी प्रणालीको सीमित विकास, जनचेतनामूलक कार्यक्रमहरूको न्यूनता तथा विपद् व्यवस्थापन योजनाहरूको अभ्यास र कार्यान्वयन कमजोर रहनुजस्ता कारणले विपद्को प्रभाव अझ गम्भीर बन्ने गरेको छ।

पछिल्ला वर्षहरूमा कोभिड–१९, डेंगुजस्ता महामारी, भूकम्प, बाढी, पहिरो तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुने चरम मौसमी घटनाहरूले विद्यालय सञ्चालन र बालबालिकाको सिकाइ निरन्तरतामा उल्लेखनीय असर पारेका छन्। यसले आपत्कालीन अवस्थामा समेत शिक्षाको निरन्तरता सुनिश्चित गर्न पूर्वतयारी, स्पष्ट कार्ययोजना र वैकल्पिक सिकाइ प्रणालीको विकास अपरिहार्य रहेको पुष्टि गरेको छ।आपत्कालीन अवस्थामा विद्यालयको भौतिक सुरक्षा सुनिश्चित गर्नुका साथै बालबालिकाको सिकाइलाई अविच्छिन्न रूपमा निरन्तरता दिनु राज्यको प्रमुख दायित्व हो। विद्यालय नियमित सञ्चालन हुन नसक्ने परिस्थितिमा अस्थायी सिकाइ केन्द्र, वैकल्पिक शिक्षण प्रणाली, रेडियो तथा टेलिभिजन शिक्षा, अनलाइन कक्षा, स्व- अध्ययन सामग्री तथा समुदायमा आधारित सिकाइ व्यवस्थालाई पूर्वयोजनासहित तयारी अवस्थामा राख्न आवश्यक हुन्छ। यस्ता उपायहरूले बालबालिकाको आधारभूत शिक्षाको अधिकारको संरक्षण गर्नुका साथै विपद्को प्रतिकूल प्रभावलाई न्यून गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछन्।

### ४.५.२ उद्देश्य

१. सम्भावित विपत्को व्यवस्थापन प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
२. जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्वन गर्दै क्षति न्यूनीकरण गर्नु,
३. विपत्को समयमा हुनसक्ने क्षतिलाई न्युनीकरण गर्ने उपायहरूको अभ्यास गराउनु ,
४. विद्यालय समुदाय विद्यार्थी, शिक्षक, अभिभावकमा विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्नु,
५. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्नु,

### ४.५. ३ रणनिति

१. पालिकाको भौगोलिक, प्राकृतिक, विद्यालय, सडक संरचना, खोला, नाला, वन जङ्गल आदि स्पष्ट देखिने गरी विपद् जोखिमको नक्साङ्कन तयार गर्ने,
२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान, त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,

३. विपदको समयमा शिक्षालाई निरन्तरता दिन आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने,
४. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास गर्ने,
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरी विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
६. विपद प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने
७. विपद तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीका लागि संयन्त्र तयार गर्ने,
८. विपत् व्यवस्थापनको राष्ट्रिय तथा अन्तराष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने,
९. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने,
१०.सिकाई आपूरण तथा द्रुत सिकाई योजना को कार्यान्वयन गर्ने,

### ४.५.४. प्रमुख उपलब्धि तथा नतिजा

जलवायु परिवर्तन र आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुने,

**नतिजा**

१. पालिकाको भौगोलिक, प्राकृतिक, विद्यालय, सडक संरचना, खोला, नाला, वन जङ्गल आदि स्पष्ट देखिने गरी विपद् जोखिमको नक्साङ्कन तयार भएको हुनेछ।
२. नगरपालिका र विद्यालयहरूमा विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
३. सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

४. विपद  तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन भएका हुनेछन्।

५. सिकाई आपूरण तथा द्रुत सिकाई योजना ReAL को कार्यान्वयन भएको हुनेछ

### ४.५.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | जलवायु परिवर्तन र विपद्को जोखिमको नक्साङ्कन सहितको योजना निर्माण | प्रतिशत | १० | २० | २५ | ३० | ३० | १०० | |
| २ | स्थानीय तह र विद्यालय स्तरमा विपद् व्यवस्थापन कोष स्थापना गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | |
| ३ | शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण | पटक | ० | १ | ० | ० | ० | १ | |
| ४ | विपदको समयमा शिक्षालाई निरन्तरता दिन आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार (सिकाई आपूरण तथा द्रुत सिकाई योजनाको कार्यान्वयन ) | निरन्तर | निर्माण √ | √ | √ | √ | √ | √ | |
| ५ | जलवायु परिवर्तन र मानवजन्य क्रियाकलापबारे विद्यालय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन | प्रतिशत | ३० | ४० | ६० | ८० | १० ० | १० ० | |
| ६ | शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरी विद्यालयस्तरीय प्रतिकार्य योजना तयार | प्रतिशत | १० | २० | ३० | ४० | १० ० | १० ० | |
| ७ | विपद प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना कार्यक्रम | प्रतिशत | १० | २० | ३० | ४० | १० ० | १० ० | |
| ८ | विपद तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ९ | विपत् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १० | हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ११ | शिक्षकहरूलाई मनोसामाजिक परामर्श र वैकल्पिक सिकाइ सहजीकरण जस्तै अनलाइन र रेडियो कक्षा सम्बन्धी तालिम प्रदान | प्रतिशत | ० | ० | ० | ५ | ५ | ५ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधारको सुनिश्चितता हुनु अपरिहार्य छ। विद्यालयको भौतिक वातावरणमा विभिन्न तत्वहरू पर्दछन्, जसले शिक्षण(सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ । भवन र कक्षाकोठा, फर्निचर, शौचालय सुविधा, पिउने पानी, खेल मैदान, खेल सामाग्री, सुरक्षित घेरबार, पार्करबगैंचा, पुस्तकालय, विषयगत प्रयोगशाला, प्रविधि र सूचना प्रणालीका सामग्री, शैक्षिक सामग्रीहरू आदि जस्ता तत्वहरू विद्यालयको भौतिक पुर्वाधारहरू अन्तर्गत पर्दछन। विद्यार्थीले विद्यालयमा सुरक्षित महसुस गर्नुपर्छ। यसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरू विपत जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित , बालमैत्री, हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

### ४.६. १ वर्तमान अवस्था

नगरपालिका अन्तरगतका जम्मा ५२ विद्यालय मध्य २९ वटा विद्यालयमा पुस्तकालय, २२ वटा विद्यालयमा विज्ञान प्रयोगशाला र २१ वटा विद्यालयमा ICT ल्यावको व्यवस्थापन गरिएको छ साथै कतिपय विद्यालयमा डिजिटल प्रविधि कक्षा संचालनको लागि डिजिटल बोर्डको समेत व्यवस्थापन गरिएको छ। विद्यालयहरूमा कक्षाकोठा र अन्य कामकाजको लागि आवश्यक पर्ने कोठाहरूको लागि विद्यमान भौतिक संरचना प्रयाप्त रहेको देखिन्छ तर नगरपालिका भित्रका विद्यालयहरूको संरचना र निर्माणको रुपले हेर्दा कतिपय विद्यालयहरु जिर्ण र शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न असुरक्षित भएकव हुँदा जिर्ण रहेका विद्यालयहरु मर्मत सम्भार गर्नु आवश्यकता रहेको छ। विद्यार्थीहरूको वसाइ लागि प्रयाप्त वेन्च तथा सोही अनुपातमा डेस्कहरूको व्यवस्थापन गरिएको छ। यस नगरपालिकामा WASH सहितको सुविधा भएको शौचालय ५२ जुन विद्यालयमा छात्रछनत्राको लागि छात्रा शौचालय ५२ , छात्रा शौचालय ४७ रहेका छन्। त्यसै गरी ५२ विद्यालयहरू मध्ये ४४ वटा विद्यालयमा खानेपानी छ भने त्यसमा ४३ वटा विद्यालयमा हातधुने सुविधा समेत रहेको पाईन्छ। ३७ वटा विद्यालयमा घेरवार, ३९ वटा विद्यालयमा खेलकुद मैदान रहेको छ । नगरपालिका स्थित

विद्यालयहरूमा १४ वटा वुक कर्नर रहेकोमा ३८ वटा विद्यालयमा कुनै पनि वुक कर्नर छैन यसरी हेर्दा सबै विद्यालय र सबै कक्षामा वुक कर्नरको व्यवस्थापन गर्नु आवश्यकता पर्ने देखिन्छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खुलकूद कक्ष, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष के, कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश, स्थानीय सरकार, कसले कसरी लिने भन्ने विषय अन्यौल देखिन्छ।

| **क्र स** | **भौतिक विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | प्रयोगमा आएका पक्की भवनको संख्या | ३८ | |
| २ | प्रयोगमा आएका कच्ची भवनको संख्या | १४ | |
| ३ | विद्यालय सुधार योजना निर्माण भएको विद्यालय संख्या | ४८ | |
| ४ | प्रयोगमा आउने शौचालय भएको विद्यालय संख्या | ५२ | |
| ५ | विजुली विद्यालयमा पुगेको संख्या | ५२ | |
| ६ | खानेपानीको राम्रो व्यवस्था भएको विद्यालयको संख्या | ४४ | |
| ७ | कम्पयूटर व्यवस्थापन भएको विद्यालयको संख्या | ५२ | |
| ८ | विद्यालय पुस्तकालय व्यवस्थापन भएको विद्यालयको संख्या | २९ | |
| ९ | बाल क्लव गठन र व्यवस्थापन भएको विद्यालयको संख्या | ३५ | |
| १० | ICT व्यवस्थापन भएको विद्यालयको संख्या | २१ | |

### ४.६. २ उदेश्य

१. विद्यालय शिक्षाका लागि मापदण्ड बमोजिम विद्यालयका कक्षाकोठा, शौचालय, पुस्तकालय, प्रयोगशाला, खेलमैदान लगायतका भौतिक पूर्वाधार विकास गर्नु।

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सवलीकरण गर्नु,

### ४.६. ३ रणनिति

१. विद्यालय भौतिक पूर्वाधारको  लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा स्रोत  व्यवस्थापन गर्ने,
२. मापदण्ड बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने,
३. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा सुधार गर्ने,
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने ,

### ४.६.४. प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री भौतिक पूर्वाधारहरूको विकास भई विद्यालयको वातावरण सिकाइ अनुकूल भएको हुने,

**नतिजा**

१. विद्यालयहरूमा पर्याप्त भौतिक संरचनाहरू निर्माण एवम् मर्मत हुनेछन्।
२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री, यौनिकमैत्री र सुरक्षित भएको हुनेछन्।
३. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा सुधार भएको हुनेछन्।

### ४.६.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | बालविकास देखि कक्षा ३ सम्मका कक्षाकोठा व्यवस्थापन भुईँ वसाई, वुक कर्नर लगायत व्यवस्था | प्रतिशत | २० | ३० | ३० | २० | १०० | १०० | |
| २ | विषयगत प्रयोगशालाको व्यवस्था | संख्या | २ | ३ | ५ | ७ | १० | १० | |
| ३ | प्रारम्भिक बाल विकास कक्षा एवम वाविकेको लागि सिकाइ क्षेत्र | संख्या | ५८ | ५५ | ५५ | ५४ | ५३ | ५३ | |
| ४ | छात्राको लागि WASH सहितको शौचालय निर्माण | प्रतिशत | २० | ३० | ३० | २० | १०० | १०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | अपाङ्गमैत्री, लैगिङ्क मैत्री एवम् बालमैत्री भौतिक सुविधा विस्तार | प्रतिशत | २० | ३० | ३० | ५० | ५० | ५० | |
| ६ | विद्यालयको बालमैत्री खेलमैदान निर्माण तथा संरचना तयार खानेपानी सहित | प्रतिशत | २० | ३० | ३० | २० | १०० | १०० | |
| ७ | विद्यालयमा खेल सामग्रीको व्यवस्था | प्रतिशत | २० | ३० | ३० | २० | १०० | १०० | |
| ८ | विपद प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा सुधार | प्रतिशत | ० | २० | २० | | १० | ५० | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिले शिक्षाको गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेलिरहेको छ। विद्यालयहरूमा ICT को प्रयोगलाई बढावा दिन विविध पहलहरू सञ्चालन भई रहेका छन। विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, र शैक्षिक सफ्टवेयरको उपलब्धता बढ्दै गएको छ। ICT को प्रयोगले विद्यार्थीहरूलाई इन्टरनेट मार्फत विश्वभरको जानकारी हासिल गर्न र उनीहरूको ज्ञानको क्षितिज विस्तार गर्न सहयोग पुर्‍याएको छ। साथै, शिक्षकहरूलाई पनि नयाँ शिक्षण विधिहरू अपनाउन र धारणात्मक शिक्षण शैलीमा जोड दिन प्रेरित गरेको छ। शिक्षा क्षेत्रमा ICT को पहुँच विस्तार गर्न विशेष कार्यक्रमहरू सञ्चालन भई रहेका छन, । डिजिटल शिक्षण सामग्रीको प्रयोग, अनलाइन पाठ्यक्रमहरू र भर्चुअल कक्षा सञ्चालनले शिक्षामा नयाँ आयामहरू थपेको छ।

### ४.७.१ वर्तमान अवस्था

सामुदायिक विद्यालयका शिक्षकहरूको सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ तालिम सञ्चालन, ICT ल्याब स्थापना सँगै विद्यार्थी तथा शिक्षकहरूको सकारात्मक गतिविधिको शुरुवात भएको छ।परीक्षा अनुगमन सहजता, पठनपाठनमा प्रभावकारिता आएको तथा शिक्षकको नियमितता तथा समय व्यवस्थापन प्रभावकारी भैरहेको छ। सबै विद्यालयहरू इन्टरनेटको उपलब्धताले सूचना प्रविधि प्रयोगशाला सञ्चालनमा सहज प्रभावकारी शिक्षण सिकाइको व्यवस्था भएको छ।

यस नगरपालिका भित्रका २१ वटा विद्यालयमा क्ष्क्रत् ल्याब, १२ वटा विद्यालयमा सिसिक्यामरा जडान सहित सबै विद्यालयमा १र१ थान कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिएको

छ। ९ वटा विद्यालयले प्रोजेक्टरको व्यवस्थापन गरी शैक्षिक गतिविधि संचालन गरेको पाईन्छ। नगरपालिका भित्रको ५२ वटा विद्यालयमा ५० वटा विद्यालयमा विधुतको सुविधार र ४८ वटा विद्यालय संग ईन्टरनेट सुविधा रहेको छ। विद्यालयमा विधुत र ईन्टरनेटको सुविधा प्रयाप्त भएतापनी अधिकान्स विद्यालयहरू सूचना तथा संचार प्रविधिमा धेरै पछाडी परेका छन। नगरपालिकाबाट भए गरेका शैक्षिक क्रियाकलाप जस्तै कक्षा शैक्षिक क्रियाकलाप, परीक्षा संचालन, परीक्षाफल प्रकाशन तथा सूचनाहरू पालिकाको वेभसाइट मार्फत प्रकाशित हुने गरेका छन। स्रोत साधनको अभावले विद्यालयहरूमा सूचना प्रविधिको माध्यमबाट शैक्षिक क्रियाकलाप सञ्चालन भएको खासै पाइदैन। स्रोत साधनको अभाव, क्ष्ऋत् प्रयोगको लागि उपयुक्त कक्षाकोठाको व्यवस्थापन हुन नसक्नु, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शिक्षकहरूलाई तालिमको अभाव जस्ता सूचना तथा सञ्चार प्रविधि संग सम्बन्धित विद्यमान समस्या रहेका छन भने कक्षाकोठामा विषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरूमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु, दक्षजनशक्तिको विकास,सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रुपमा कक्षाकोठामा प्रयोग गर्नु, अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरू , सूचना तथा सञ्चार प्रविधिमैत्री पूर्वाधार विकास गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु जस्ता कार्यहरू चुनौतिको रुपमा रहेका छन।

### ४.७.२ उद्देश्य

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा पहुँच र पूर्वाधार विस्तार गर्नु,
२. शिक्षकको डिजिटल क्षमता अभिवृद्धि गरी सिकाइ–सिकाइ प्रक्रियामा ICT को प्रभावकारी प्रयोग बढाउनु,
३. विद्यार्थीमा डिजिटल साक्षरता तथा प्रविधिमैत्री सिकाइ संस्कृतिको विकास गर्नु,
४. विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनु,

### ४.७.३ रणनीति

१.ICT मैत्री विद्यालय विकास गर्ने तथा आवश्यक भौतिक पूर्वाधार सुनिश्चित गर्ने,
२.शिक्षकको ICT सम्बन्धी पेशागत क्षमता विकास गर्ने,
३.ICT आधारित विद्यार्थी–केन्द्रित सिकाइलाई प्रवर्द्धन गर्ने,
४.विद्यालय व्यवस्थापनमा डिजिटल प्रणालीको प्रयोग विस्तार गर्ने,

५.वैकल्पिक तथा प्रविधिमा आधारित सिकाइ प्रणाली विकास गर्ने,
६.साझेदारी, मर्मत सम्भार र साइबर सुरक्षालाई प्राथमिकता दिने,
७.स्व सिकाइ, मेन्टरिङ् र तालिम समेतको प्रबन्ध गरी सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास गर्ने,
८.शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
९.सरकारी, गैर सरकारी तथा विभिन्न संघसंस्था सँगको समन्वय गरी विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइमा सुधार आउनुको साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने,

**नतिजा**

१. सबै विद्यालयले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुनेछ।
२. विभिन्न कक्षा र विषयका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था भई सिकाइ भएको हुनेछ।
३. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भएको हुनेछ।
४. ICT आधारित विद्यार्थी–केन्द्रित सिकाइलाई प्रवर्द्धन भएको हुनेछ।
५. विद्यालय व्यवस्थापनमा डिजिटल प्रणालीको प्रयोग विस्तार भएको हुनेछ।
६. वैकल्पिक तथा प्रविधिमा आधारित सिकाइ प्रणाली विकास भएको हुनेछ।
७. साझेदारी, मर्मत सम्भार र साइबर सुरक्षालाई प्राथमिकता दिइएको हुनेछ।
८. स्व सिकाइ, मेन्टरिङ् र तालिम समेतको प्रबन्ध गरी सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास भएको हुनेछ।
९. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुनेछ।

१०.सरकारी, गैर सरकारी तथा विभिन्न संघसंस्था सँगको समन्वय गरी विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध भएको हुनेछ ।

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | सबै शिक्षकहरुलाइ ICT तालिम | प्रतिशत | १० | ४० | ५० | १०० | १०० | १०० | |
| २ | बिधालयमा सुचना प्रविधिको फोकल पर्शन छनोट | पटक | १ | १ | १ | १ | १ | १ | |
| ३ | विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, स्मार्ट टिभी तथा इन्टरनेट सुविधा विस्तार | प्रतिशत | २० | १५ | २० | १५ | ३० | १०० | |
| ४ | विद्यालयहरूमा डिजीटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना | संख्या | ५ | ५ | ५ | १० | १० | ३५ | |
| ५ | डिजिटल हाजिरी, नतिजा व्यवस्थापन तथा भिभावकसँग सूचना आदान–प्रदान प्रणाली विकास | प्रतिशत | २० | १५ | २० | १५ | ३० | १०० | |
| ६ | IEMIS तथा अन्य डिजिटल अभिलेख प्रणालीको प्रभावकारी कार्यान्वयन | प्रतिशत | २० | १५ | २० | १५ | ३० | १०० | |
| ७ | ICT सम्बन्धी नवप्रवर्तन, प्रतियोगिता तथा परियोजना कार्य सञ्चालन | प्रतिशत | २० | १५ | २० | १५ | ३० | १०० | |
| ८ | कम्प्युटर शिक्षा तथा डिजिटल साक्षरता कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ९ | ICT आधारित शिक्षण अभ्यासको नियमित अनुगमन तथा सहजीकरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १० | अनलाइन, अफलाइन तथा मिश्रित सिकाइ प्रणाली विकास | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ११ | डिजिटल स्व-अध्ययन सामग्री तथा भिडियो पाठ निर्माण | प्रतिशत | २० | १५ | २० | १५ | ३० | १०० | |
| १२ | आपत्कालीन अवस्थामा रेडियो, टेलिभिजन तथा मोबाइलमार्फत सिकाइ सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १३ | साइबर सुरक्षा, डिजिटल नैतिकता तथा सुरक्षित इन्टरनेट प्रयोग सम्बन्धी कार्यक्रम सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |

# परिच्छेद ५: अन्य उपक्षेत्र

## ५. १ उच्च शिक्षाको व्यवस्थापन

माध्यमिक शिक्षा ९कक्षा १२ पश्चात् विश्वविद्यालय, क्याम्पस तथा प्राविधिक एवं व्यावसायिक शिक्षण संस्थामार्फत प्रदान गरिने शिक्षालाई उच्च शिक्षा भनिन्छ। उच्च शिक्षाले दक्ष, सिर्जनशील तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नुका साथै अनुसन्धान, नवप्रवर्तन, प्रविधि विकास र ज्ञानमा आधारित समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ। यस क्षेत्रको नीतिगत नेतृत्व तथा व्यवस्थापन मुख्यतः संघीय र प्रदेश सरकारको जिम्मेवारी भए पनि स्थानीय तहले समन्वय, सहजीकरण, स्रोत परिचालन तथा स्थानीय आवश्यकतासँग उच्च शिक्षालाई जोड्ने कार्यमार्फत यसको प्रभावकारिता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान गर्न सक्छ।स्थानीय आवश्यकता, सम्भावना र स्रोतसँग उच्च शिक्षालाई आबद्ध गरी अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता तथा उत्पादनमुखी शिक्षालाई प्रवर्द्धन गर्न सकेमा स्थानीय विकास, रोजगारी सिर्जना तथा दिगो समृद्धिमा समेत उल्लेखनीय टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ।

### ५.१.१ वर्तमान अवस्था

हाल बेलकोटगढी नगरपालिकामा उच्च शिक्षा प्रदान गर्ने संस्था सञ्चालनमा रहेको छैन। फलस्वरूप अन्य विषय वा संकाय अध्ययन गर्न चाहने विद्यार्थीहरू नगरपालिका बाहिरका शैक्षिक संस्थामा जान बाध्य छन्।

नगरपालिकाको अनुदानमा अत्यधिक निर्भरता, सीमित शैक्षिक कार्यक्रम तथा पर्याप्त स्रोत–साधनको अभावका कारण स्थानीय आवश्यकता अनुरूप विविध विषयका दक्ष जनशक्ति उत्पादन हुन सकेको छैन। यसको प्रत्यक्ष प्रभाव स्वरूप स्थानीय स्तरमा आवश्यक प्राविधिक तथा व्यावसायिक जनशक्तिको अभाव देखिएको छ भने विभिन्न क्षेत्रमा बाह्य जनशक्तिमा निर्भर रहनुपरेको अवस्था छ। यसले अतिरिक्त आर्थिक भार, सेवा प्रवाहमा कठिनाइ तथा स्थानीय युवाको बेरोजगारी र प्रतिभा पलायनलाई समेत बढावा दिएको देखिन्छ।

त्यसैले नगरपालिकामा उच्च शिक्षाको पहुँच, गुणस्तर तथा अवसर विस्तार गर्दै स्थानीय आवश्यकता अनुरूप विभिन्न संकाय, प्राविधिक तथा व्यवसायिक कार्यक्रम विकास गर्नु आवश्यक देखिन्छ। साथै उच्च शिक्षा अध्ययन गर्ने नगरपालिकाका विद्यार्थीहरूलाई छात्रवृत्ति,

शैक्षिक परामर्श, क्षमता विकास तथा आवश्यक सहयोग उपलब्ध गराई उनीहरूलाई सक्षम, प्रतिस्पर्धी र स्थानीय विकासमा योगदान पुऱ्याउने जनशक्तिका रूपमा विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

### ५.१.२ उद्देश्य

१. उच्च शिक्षामा सबै वर्ग, क्षेत्र, लिङ्ग तथा समुदायका विद्यार्थीहरूको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नु,
२. विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि छात्रवृत्ति, प्रोत्साहन तथा सहुलियत कार्यक्रम विस्तार गर्नु,
३. स्थानीय तह, विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाबीच सहकार्य अभिवृद्धि गरी अनुसन्धान, नवप्रवर्तन, प्रविधि विकास तथा उद्यमशीलतालाई प्रवर्द्धन गर्नु,
४. उच्च शिक्षालाई स्थानीय आवश्यकता, उत्पादन, रोजगारी तथा उद्यमशीलतासँग आबद्ध गरी दक्ष जनशक्ति विकास गर्नु,

### ५.१.३ रणनीति

१. नगरपालिकाकाको आवश्यकता र सम्भावनाका आधारमा नयाँ संकाय तथा प्राविधिक एवं व्यावसायिक उच्च शिक्षाका कार्यक्रम विस्तार गर्न पहल गर्ने,
२. उच्च शिक्षाको विकासलाई नगरपालिकाको प्राथमिकतामा राखी संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय, साझेदारी र स्रोत व्यवस्थापन गर्ने,
३. उच्च शिक्षाप्रति विद्यार्थी तथा अभिभावकको आकर्षण अभिवृद्धि गर्न अभिमुखीकरण, परामर्श तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
४. विश्वविद्यालय, क्याम्पस तथा अनुसन्धान संस्थासँग सहकार्य गरी स्थानीय विकाससँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गर्ने,
५. विपन्न, सीमान्तकृत तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गर्ने,
६. उद्योग, व्यवसाय तथा निजी क्षेत्रसँग सहकार्य गरी इन्टर्नशिप, रोजगारमूलक तालिम तथा सीप विकासका अवसर विस्तार गर्ने,

७. कृषि, पर्यटन, वन, प्राकृतिक स्रोत, उद्यमशीलता तथा स्थानीय अर्थतन्त्रसँग सम्बन्धित अध्ययन तथा अनुसन्धानलाई प्रोत्साहन गर्ने,
८. उच्च शिक्षालाई स्थानीय रोजगार, उत्पादन, उद्यमशीलता तथा आर्थिक विकाससँग जोड्ने कार्यक्रम कार्यान्वयन गर्ने,
९. दक्ष जनशक्तिलाई स्थानीय स्तरमै अवसर सिर्जना गरी प्रतिभा पलायन न्यूनीकरण गर्ने,

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

उच्च शिक्षामा समतामूलक पहुँच विस्तार, अनुसन्धान तथा नवप्रवर्तनमा संस्थागत सहकार्य र स्थानीय रोजगारी तथा उद्यमशीलतासँग आबद्ध शिक्षा प्रणालीको विकासमार्फत नगरपालिकाकामा सक्षम, प्रतिस्पर्धी र उत्पादनमुखी मानव संसाधन विकास हुने आधार तयार हुने,

**नतिजा**

१. नगरपालिकाका भित्र उच्च शिक्षाको पहुँच र अध्ययनका अवसरहरू क्रमशः विस्तार भएका हुनेछ।
२. उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या तथा सहभागितामा उल्लेखनीय वृद्धि भएको हुनेछ।
३. संघ, प्रदेश, विश्वविद्यालय तथा विकास साझेदार संस्थासँग प्रभावकारी समन्वय र सहकार्य स्थापित भएको हुनेछ।
४. उच्च शिक्षाप्रति विद्यार्थी, अभिभावक तथा समुदायको सकारात्मक चासो र सहभागिता अभिवृद्धि भएको हुनेछ।
५. विपन्न, सीमान्तकृत तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूले छात्रवृत्ति तथा शैक्षिक सहयोग प्राप्त गरेका हुनेछ।
६. उद्योग, व्यवसाय तथा निजी क्षेत्रसँगको सहकार्यबाट इन्टर्नशिप, सीप विकास तथा रोजगारीका अवसर विस्तार भएका हुनेछ।
७. कृषि, पर्यटन, उद्यमशीलता तथा स्थानीय विकाससँग सम्बन्धित अनुसन्धान र नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालन भएका हुनेछ।

८. स्थानीय आवश्यकताअनुसार दक्ष जनशक्ति उत्पादन भई स्थानीय स्तरमै रोजगारी तथा उद्यमशीलताका अवसर सिर्जना भएका हुनेछ।
९. प्रतिभा पलायन न्यूनीकरण भई स्थानीय आर्थिक तथा सामाजिक विकासमा शिक्षित जनशक्तिको योगदान अभिवृद्धि भएको हुनेछ।

## ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | उच्च शिक्षाको आवश्यकता तथा सम्भाव्यता अध्ययन | पटक | १ | १ | ० | ० | ० | २ | |
| २ | उच्च शिक्षा विकास तथा विस्तारका लागि संघ, प्रदेश सरकार तथा विश्वविद्यालयहरूसँग समन्वय र सहकार्य | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ३ | क्याम्पसको पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि तथा सिकाइ वातावरण सुदृढीकरणमा सहयोग | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ४ | उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि शैक्षिक परामर्श तथा करियर मार्गदर्शन कार्यक्रम सञ्चालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ५ | विपन्न, दलित, जनजाति, अपाङ्गता भएका, दुर्गम क्षेत्र तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा शैक्षिक सहयोग कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ६ | उद्योग, व्यवसाय तथा सहकारी संस्थासँग साझेदारी गरी इन्टर्नशिप, तथा कार्यअनुभव कार्यक्रम सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ७ | कृषि, पर्यटन, वन, जलस्रोत, सूचना प्रविधि तथा स्थानीय उद्यमसँग सम्बन्धित अनुसन्धान तथा नवप्रवर्तन परियोजनाहरू प्रवर्द्धन | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ८ | उच्च शिक्षा प्रवर्द्धनका लागि वार्षिक बजेट तथा विशेष कोष व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | शैक्षिक मेला, करियर एक्स्पो, विश्वविद्यालय अन्तरक्रिया तथा उच्च शिक्षा अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | |
| १० | स्थानीय तह, क्याम्पस तथा निजी क्षेत्रबीच त्रिपक्षीय सहकार्य गरी संयुक्त कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | उच्च शिक्षा सूचना व्यवस्थापन प्रणाली विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | वार्षिक अनुगमन, मूल्याङ्कन तथा उपलब्धि समीक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

शिक्षा योजनाको प्रभावकारी र कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न संरचना र भूमिका  आवश्यक हुन्छ ।  नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारका एकल र साझा अधिकारका  सूची सहित शिक्षाको शासकीय प्रबन्ध र व्यवस्थापन हुने व्यवस्था गरेको छ । शिक्षामा  तीनै  तहका  सरकार  र सम्बन्धित सकावालाहरूको भूमिकाबाट मात्र सुशासन कायम गर्न सकिन्छ । शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ हुनुपर्दछ ।त्यसैगरी  योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्त्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनुपर्दछ ।

### ६.१.१ वर्तमान अवस्था

बेलकोटगढी नगरपालिकामरहेका शिक्षा शाखा, विद्यालयहरु  शिक्षा योजनाको प्रभावकारी र कुशलतापूर्वक कार्यान्वयन गर्ने संगठनात्मक संरचनाहरु हुन् ।यसैगरी नगरपालिकामामा रहने शिक्षा समिति, सामाजिक विकास समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतका संस्थागत व्यवस्थाहरु रहेका छन् ।यी सबै संगठन तथा संरचनामा आवद् जनशक्तिहरुको क्षमता विकास तथा क्षमताको समुचित उपयोग मार्फत शैक्षिक सेवा प्रवाह गुणस्तरीय एवम् प्रभावकारी बन्न सक्छ । बेलकोटगढी नगरपालिकाको शैक्षिक सेवा प्रवाह सम्बन्धमा बर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न अवस्था विद्यमान देखिन्छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बाल क्लब नियमानुसार गठन भएको साथै क्रियाशिल रहेका।

१. लेखापरिक्षण, सार्वजानिक  सुनुवाई समयमै  भएको तथा आर्थिक  पारदर्शिता भएको,
२. नगरपालिका  लगाएतका  निकायबाट  नियमित अनुगमन  भएको,
३. विदालय  र  समुदाय  बीच  सुमधुर सम्बन्ध कायम  भएको,
४. सूचना तथा संचार  प्रविधिको  प्रयोग  हुन  नसकि  सुशासन  तथा व्यवस्थापन कमजोर भएको ,

५. विविधतायुक्त समाजमा एकै किसिमको सेवा प्रवाहले शैक्षिक राजनैतिक नेतृत्व प्रति कम विश्वास,

६. शैक्षिक सुधार सुशासन तथा व्यवस्थापनका लागि दलहरुसँग स्पष्ट खाका, दुरदर्शिता नहुनु,

७. राजनैतिक हस्तक्षेपका कारण क्षमता वान नेतृत्व समितिमा आउन नसक्नु,

### ६.१.२ उद्देश्य

१. विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पारदर्शिता, प्रभावकारिता, कार्यकुशलता एवम् जवाफदेहिता सुनिश्चित गरी सुशासन अभिवृद्धि गर्नु,

२. कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको सुदृढीकरण गर्नु,

३. आवश्यक कानुन तर्जुमा र कार्यान्वयन गरी संस्थागत संरचना मजवुत बनाउनु,

४. विद्यालयका शिक्षक, प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु,

५. प्रधानाध्यापकको छनौट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु,

### ६.१. ३ रणनीति

१. शिक्षा क्षेत्रमा आवश्यक ऐन, नीति तथा कानुनहरु निर्माण गर्ने,

२. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाहरू कार्यपालिका, शिक्षा समिति, विव्यस, शिअसं, शिक्षक को क्षमता विकास गर्ने,

३. वित्तिय सुशासनका लागि सुचना तथा सञ्चार प्रविधिको प्रयोग र संस्थागत क्षमता विकास गर्ने,

४. विद्यालय तथा नगरपालिकाको शैक्षिक सेवा सञ्चालन र व्यवस्थापनमा सुधार ल्याउने,

५. विद्यालय अनुगमन, मार्गदर्शन र प्राविधिक सहयोगलाई नियमित र प्रभावकारी बनाउने,

### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिबृद्धि भई विद्यालय सञ्चलनमा पारदर्शिता, निष्पक्षता, प्रभावकारिता एवम् जबाफदेहिता प्रवर्धन मार्फत सुशासन कायम भएको हुने,

**नतिजा**

१. विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्र विधिको प्रयोग भई गुणस्तरीय एवम् प्रभावकारी सेवा प्रवाह हुनेछ।
२. सबै प्रधानध्यापक तथा शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौत भएको हुनेछ।
३. आचार संहिता तयार भई कार्यान्वयन भएको हुनेछ।
४. कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कार तथा दण्ड दिने प्रणाली कार्यान्वयन भएको हुनेछ।
५. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाहरू कार्यपालिका, शिक्षा समिति, विव्यस, शिअसं, शिक्षकको क्षमता विकास भएको हुनेछ।
६. विद्यालय अनुगमन, मार्गदर्शन र प्राविधिक सहयोगलाई नियमित र प्रभावकारी भएको हुनेछ

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | प्रधानाध्यापक तथा शिक्षकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | शिक्षक सहायता प्रणाली विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीहरूको क्षमता विकास | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ४ | आवश्यकता, क्षमता र व्यापक सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ५ | विद्यालय व्यबस्थापन समितिको क्षमता विकास तालिम | **पटक** | ० | ० | १ | १ | १ | ३ | |
| ६ | विषयगत शिक्षक समूह गठन र परिचालन | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ७ | सरोकारवालाहरूका लागि क्षमता विकास तालिम नेतृत्व, योजना, वित्तीय व्यवस्थापन सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ८ | वर्षको २ पटक अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ९ | अनुगमन तथा मूल्याङ्कनका लागि सूचक विकास गरी प्रतिवेदन प्रणाली लागू गर्ने | पटक | ० | ० | १ | १ | १ | ३ | |
| १० | विद्यालयहरूमा सामाजिक लेखापरीक्षण गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

स्थानीय सरकार सञ्चालन ऐन २०७४ले आफ्नो क्षेत्राधिकार भित्रका क्षेत्रगत योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरे सँगै स्थानीय शिक्षा ऐन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरी शैक्षिक सुधारमा अगाडी बढेको छ ।यो शिक्षा क्षेत्रको योजना निर्माण पनि सोही प्राथमिकताको उपज हो । सङ्घिय शिक्षा मन्त्रालय अन्तर्गत प्रत्येक जिल्लामा एक ओटाका दरले ७७ ओटा जिल्लामा शिक्षा विकास तथा समन्वय इकाईहरू रहेका छन् । सङ्घीय संरचना अनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थपान विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ ।

### ६.२ . १ बर्तमान अवस्था

शिक्षाका कतिपय ससर्त अनुदानका बजेट र कार्यक्रमहरू स्पष्ट बुझाइको अभावमा विद्यालयलाई नदिएर फ्रिज हुने, विद्यालयलाई दिएपनि समयमा नदिने जस्ता समस्याहरू

सबैतिर बल्झिएका छन् । बेलकोटगढी नगरपालिकामा शिक्षा शाखाले स्थानीय तहको शिक्षा सम्बन्धी काम गरिरहेको अवस्था छ । काममा सहजता र चुस्त सेवाका लागि बेलकोटगढी नगरपालिकामा शिक्षकलाई शिक्षा शाखामा ल्याएर काम लगाएको अवस्था छ । योजना निर्माण, कार्यान्वयन एवम् प्रतिफल वितरण सम्म सरोकारवाला पक्षहरुको सहभागिता भएमा स्वामित्व तथा अपनत्व बृद्धि भई दिगोपना सम्भव हुन्छ । बेलकोटगढी नगरपालिकामा विद्यालय, प्रधानध्यापक, शिक्षक, अभिभाबक, शिक्षा प्रशासन, जनप्रतिनिधिहरुको संयुक्त प्रयासबाट नै अपेक्षित सुधार सम्भव हुने भएकाले यो योजना तर्जुमा गरी कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ ।

### ६.२.२ उद्देश्य

बेलकोटगढी नगरपालिकाको शिक्षा योजनाको प्रभावकारी, समन्वित, पारदर्शी तथा परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्दै शिक्षा क्षेत्रको सुशासन, गुणस्तर अभिवृद्धि र दिगो व्यवस्थापनलाई सुदृढ बनाउनु।

### ६.२.३ रणनीतिहरू

१.शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट संस्थागत संरचना, जिम्मेवारी तथा उत्तरदायित्व निर्धारण गरी कार्यान्वयन संयन्त्र सुदृढ गर्ने,

२.स्थानीय आवश्यकता, उपलब्ध स्रोत, प्राथमिकता तथा शैक्षिक सूचकका आधारमा वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने,

३.नगरपालिका, शिक्षा समिति, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारीलाई संस्थागत गर्ने,

४.वित्तीय स्रोतको पारदर्शी, मितव्ययी तथा उत्तरदायी व्यवस्थापन सुनिश्चित गर्दै नियमित लेखापरीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइलाई प्रभावकारी बनाउने,

५.नियमित अनुगमन, मूल्याङ्कन, प्रगति समीक्षा तथा पृष्ठपोषण प्रणालीलाई संस्थागत गरी योजनाको प्रभावकारिता अभिवृद्धि गर्ने,

६.सूचना तथा सञ्चार प्रविधिमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास तथा सुदृढीकरण गरी तथ्यमा आधारित योजना तथा निर्णय प्रक्रियालाई प्रवर्द्धन गर्ने,

७.शैक्षिक जनशक्तिको व्यवस्थापन, क्षमता विकास, कार्यसम्पादन मूल्याङ्कन तथा उत्प्रेरणा प्रणालीलाई प्रभावकारी बनाउने,

८.विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदाय तथा नागरिक समाजको सक्रिय सहभागिता, स्वामित्व तथा उत्तरदायित्व अभिवृद्धि गर्ने,

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, समन्वय संयन्त्र, स्रोत व्यवस्थापन, अनुगमन तथा सूचना प्रणाली सुदृढ भई शिक्षा प्रशासन थप प्रभावकारी, पारदर्शी, उत्तरदायी र परिणाममुखी बनेको हुने,

**नतिजा**

१. शिक्षा योजनाअनुसार वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजना समयमै तर्जुमा, स्वीकृत र प्रभावकारी रूपमा कार्यान्वयन भएका हुनेछ ।

२. वित्तीय स्रोत तथा शैक्षिक कार्यक्रमहरूको पारदर्शी, मितव्ययी र उत्तरदायी व्यवस्थापन सुनिश्चित भएको हुनेछ ।

३. नियमित अनुगमन, मूल्याङ्कन, समीक्षा तथा पृष्ठपोषण प्रणाली प्रभावकारी रूपमा सञ्चालन भई सुधारात्मक कार्यहरू कार्यान्वयन भएकाहुनेछ ।

४. नगरपालिका, विद्यालय, शिक्षा समिति, समुदाय तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारी थप सुदृढ भएको हुनेछ ।

५. विद्यालयलाई नियमित प्राविधिक सहयोग, सुपरिवेक्षण तथा अनुगमन उपलब्ध भई शिक्षण–सिकाइ प्रक्रिया र शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।

६. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा सूचना व्यवस्थापन प्रणाली सुदृढ भई तथ्यमा आधारित योजना, निर्णय तथा प्रतिवेदन प्रणाली प्रभावकारी भएको हुनेछ ।

७. शैक्षिक जनशक्तिको क्षमता, कार्यसम्पादन र संस्थागत कार्यकुशलतामा उल्लेखनीय अभिवृद्धि भएको हुनेछ ।

८. विद्यालय व्यवस्थापन, शैक्षिक गतिविधि तथा निर्णय प्रक्रियामा समुदाय र अभिभावकको सक्रिय सहभागिता तथा अपनत्व वृद्धि भएको हुनेछ ।

९. शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि भएको हुनेछ ।

### ६.२ . ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | गतिविधिहरु | इकाई | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | शिक्षा योजनाअनुसार वार्षिक कार्ययोजना र बजेट तर्जुमा तथा स्वीकृति गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | सरोकारवालाहरूका लागि योजना, वित्तीय व्यवस्थापन र अनुगमनसम्बन्धी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | नगरशिक्षा समिति, सामाजिक समिति, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रअ, शिक्षकहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | अनुगमन तथा मूल्याङ्कनका लागि सूचक विकास र प्रयोग गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ५ | नियमित विद्यालय अनुगमन, प्राविधिक सहयोग र प्रतिवेदन प्रणाली लागू गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ६ | आन्तरिक तथा बाह्य लेखापरीक्षण सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ७ | शिक्षा व्यवस्थापन सूचना प्रणाली मार्फत डाटा संकलन, विश्लेषण र प्रयोग गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ८ | अभिभावक–शिक्षक बैठक सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

## परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नगरपालिकाले शिक्षामा लगानी गरेको हो। शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । नगरपालिकाले शिक्षामा लगानी गर्दा बालवालिकाको शैक्षिक अवसर गुणस्तरिय शिक्षा र स्रोत साधनको समतामुलक वितरणमा ध्यान दिनु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय

व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

## ७.१.वर्तमान अवस्था

बेलकोटगढी नगरपालिकाको पाँच वर्षे शिक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोतको व्यवस्थापन बहुस्रोत प्रणालीमा आधारित हुनेछ। योजनाको प्रमुख वित्तीय स्रोतका रूपमा संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाको आन्तरिक स्रोत रहनेछन्। यसका अतिरिक्त विकास साझेदार संस्था, गैरसरकारी संघसंस्था, निजी क्षेत्र, समुदाय तथा अभिभावकहरूको सहयोगलाई परिपूरक स्रोतका रूपमा परिचालन गरिनेछ। शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूसँग आवश्यकता, विज्ञता तथा कार्यक्षेत्रका आधारमा सहकार्य र साझेदारी स्थापना गरी उपलब्ध स्रोत तथा प्राविधिक सहयोगको अधिकतम उपयोग गरिनेछ। यसका साथै स्रोत परिचालनलाई स्थानीय आवश्यकता, प्राथमिकता तथा शिक्षा योजनाका उद्देश्यसँग आबद्ध गरी प्रभावकारी वित्तीय व्यवस्थापन प्रणाली विकास गरिनेछ।

योजना कार्यान्वयनका क्रममा आवश्यक वित्तीय स्रोतको सुनिश्चितता, विद्यालयहरूको आवश्यकता अनुसार स्रोत–साधनको न्यायोचित वितरण, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि लक्षित लगानी तथा सार्वजनिक स्रोतको मितव्ययी, पारदर्शी र उत्तरदायी उपयोगलाई विशेष प्राथमिकता दिइनेछ। वित्तीय सुशासन कायम गर्न योजना, बजेट, खर्च, अनुगमन, लेखापरीक्षण तथा प्रतिवेदन प्रणालीलाई थप सुदृढ बनाइनेछ।विद्यालयहरूको कार्यसम्पादन, आवश्यकता तथा नतिजाका आधारमा स्रोत विनियोजन गर्ने प्रणालीलाई अवलम्बन गरिनेछ। नियमित अनुदानका अतिरिक्त कार्यसम्पादनमा आधारित अनुदान, आवश्यकता(आधारित विशेष सहयोग, एकमुष्ट विकास अनुदान तथा प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरी विद्यालयहरूलाई गुणस्तरीय शिक्षा प्रवाहमा उत्प्रेरित गरिनेछ।

यस शिक्षा योजना कार्यान्वयनका लागि आगामी पाँच वर्षको सम्भावित वित्तीय स्रोत तथा लगानीको अनुमान देहायबमोजिम **प्रस्तुत गरिएको छ।**

| क्र.स | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट (हजारमा) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | १४७१७९३ | ८९.४८ | |
| २ | प्रदेश सरकार | ५२४४९ | ३.१८ | |
| ३ | स्थानीय सरकार | १२०४७४ | ७.३४ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | अभिभावक तथा समुदाय | ० | | |
| ५ | संघ संस्था तथा दातृनिकाय | ० | | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | ० | | |
| | जम्मा | १६४४७१६ | १०० | |

### ७.३ लक्ष्य

पाँच वर्षे शिक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोतको दिगो, पर्याप्त तथा पूर्वानुमानयोग्य व्यवस्था सुनिश्चित गर्दै शिक्षा क्षेत्रमा समतामूलक पहुँच, गुणस्तर, समावेशिता र सुशासनका लागि पर्याप्त लगानी सुनिश्चित गर्नु।

### ७.४ उद्देश्य

१. शिक्षा योजनाको सफल कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको यथार्थपरक प्रक्षेपण तथा स्रोत परिचालन योजना तयार गर्नु।
२. प्रस्तावित कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक आन्तरिक तथा बाह्य वित्तीय स्रोतहरूको पहिचान, परिचालन र व्यवस्थापन गर्नु।
३. उपलब्ध स्रोत, स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी परिणाममुखी बजेट विनियोजन प्रणाली विकास गर्नु।
४. शिक्षा क्षेत्रमा दिगो वित्तीय व्यवस्थापन, पारदर्शिता, कार्यकुशलता तथा वित्तीय उत्तरदायित्व सुदृढ गर्नु।

### ७.५ रणनीतिहरू

१.संघीय, प्रदेश तथा स्थानीय सरकारबीचको लागत साझेदारी लाई प्रभावकारी बनाउँदै शिक्षा क्षेत्रमा स्थानीय लगानी क्रमशः वृद्धि गर्ने।
२.स्थानीय आवश्यकता, शैक्षिक सूचक तथा लक्षित समूहका आधारमा स्रोतको न्यायोचित, समतामूलक र परिणाममुखी विनियोजन गर्ने।
३.नगरपालिकाको वार्षिक बजेटमध्ये न्यूनतम २० प्रतिशत शिक्षा क्षेत्रको विकास, गुणस्तर सुधार तथा क्षमता विकासका कार्यक्रमका लागि विनियोजन गर्ने।

४.विकास साझेदार, निजी क्षेत्र, सहकारी संस्था, गैरसरकारी संस्था तथा समुदायको लगानी र साझेदारीलाई प्रोत्साहन गर्दै बहुस्रोत वित्तीय प्रणाली विकास गर्ने।

५.कार्यसम्पादनमा आधारित बजेट विनियोजन, नियमित वित्तीय अनुगमन, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण प्रणाली सुदृढ गरी वित्तीय सुशासन कायम गर्ने।

६.उपलब्ध स्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययी, पारदर्शी तथा नतिजामुखी वित्तीय व्यवस्थापन प्रणाली अवलम्बन गर्ने ।

## ७.६ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

१. शिक्षा क्षेत्रमा दिगो वित्तीय स्रोतको सुनिश्चितता भई शैक्षिक पहुँच, समता, गुणस्तर, समावेशिता तथा सिकाइ उपलब्धि अभिवृद्धिका लागि आवश्यक लगानी सुनिश्चित भएको हुनेछ।

२. वित्तीय योजना, बजेट कार्यान्वयन, स्रोत परिचालन तथा खर्च व्यवस्थापन प्रणाली सुदृढ भई पारदर्शिता, कार्यकुशलता, जवाफदेहिता र वित्तीय सुशासन अभिवृद्धि भएको हुनेछ।

**नतिजा**

१. पाँच वर्षे शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको यथार्थपरक प्रक्षेपण तथा स्रोत विश्लेषण सम्पन्न भएको हुनेछ।

२. प्रस्तावित कार्यक्रम तथा गतिविधिहरूका लागि प्राथमिकताका आधारमा कार्यक्रमगत बजेट निर्धारण तथा स्रोत विनियोजन गरिएको हुनेछ।

३. संघ, प्रदेश, स्थानीय सरकार, विकास साझेदार तथा निजी क्षेत्रबाट स्रोत परिचालन र लागत साझेदारी विस्तार भएको हुनेछ।

४. वार्षिक शिक्षा बजेटको प्रभावकारी कार्यान्वयन, नियमित वित्तीय अनुगमन तथा लेखापरीक्षण प्रणाली संस्थागत भएको हुनेछ।

५. स्रोत अभाव रहेका कार्यक्रमहरूका लागि वैकल्पिक वित्तीय स्रोत, साझेदारी तथा लगानीका अवसरहरूको पहिचान र परिचालन भएको हुनेछ।

६. उपलब्ध वित्तीय स्रोतको प्रभावकारी उपयोगबाट शिक्षा योजनाका प्राथमिक कार्यक्रमहरू समयमै कार्यान्वयन भएको हुनेछ।

## प्रमुख क्रियाकलाप

१.सङ्घीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

२.प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

३.स्थानीय सरकार बाट शिक्षा क्षेत्र अन्र्तगतका क्रियाकलाप मा प्राप्तहुने अनुमानित बजेटको खाका,

४.अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

५.वित्तिय योजनाको सारांश

क) सङ्घीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

| कस | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८२ | २०८२/०८३ | २०८३/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २२५०० | २३१७५ | २३८७० | २४५८६ | २५३२४ | ११९४५६ | |
| २ | आधारभूत शिक्षा | १७१३५० | १७६४९१ | १८१७८५ | १८७२३९ | १९२८५६ | ९०९७२० | |
| ३ | माध्यमिक शिक्षा | ५७३४९ | ५९०६९ | ६०८४२ | ६२६६७ | ६४५४७ | ३०४४७४ | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | ४५० | ४६४ | ४७७ | ४९२ | ५०६ | २३८९ | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | ४८३९ | ४९८४ | ५१३४ | ५२८८ | ५४४६ | २५६९१ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ३५० | ३६१ | ३७१ | ३८२ | ३९४ | १८५८ | |
| ८ | शैक्षिक समता र समावेशीकरण | | ० | ० | ० | ० | ० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | १४४८२ | १४९१६ | १५३६४ | १५८२५ | १६३०० | ७६८८७ | |
| १० | जलवायु परिवर्तन, विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | ५१९९ | ५३५५ | ५५१६ | ५६८१ | ५८५२ | २७६०२ | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | ७०० | ७२१ | ७४३ | ७६५ | ७८८ | ३७१६ | |
| | **जम्मा** | **२७७२१९** | **२८५५३६** | **२९४१०२** | **३०२९२५** | **३१२०१२** | **१४७१७९३** | |

ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८२/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | ९८७९ | १०१७५ | १०४८१ | १०७९५ | १११११९ | ५२४४९ | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | ० | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | ० | ० | ० | ० | ० | ० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | |
| १० | जलवायु परिवर्तन, विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | ० | ० | ० | ० | ० | ० | |
| | **जम्मा** | **९८७९** | **१०१७५** | **१०४८१** | **१०७९५** | **११११९** | **५२४४९** | |

ग) स्थानीय सरकार बाट शिक्षा क्षेत्र अन्रतगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ७००० | ७१४० | ७२८३ | ७४२८ | ७५७७ | ३६४२८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत शिक्षा | ६००० | ६१२० | ६२४२ | ६३६७ | ६४९५ | ३१२२४ | |
| ३ | माध्यमिक शिक्षा | ५००० | ५१०० | ५२०२ | ५३०६ | ५४१२ | २६०२० | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | ० | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | १५०० | १५३० | १५६१ | १५९२ | १६२४ | ७८०६ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ३००० | ३०६० | ३१२१ | ३१८४ | ३२४७ | १५६१२ | |
| ८ | शैक्षिक समता र समावेशीकरण | | ० | ० | ० | ० | ० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | | ० | ० | ० | ० | ० | |
| १० | जलवायु परिवर्तन, विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | ६५० | ६६३ | ६७६ | ६९० | ७०४ | ३३८३ | |
| १३ | उच्च शिक्षा व्यवस्थापन | १००० | १०२० | १०४० | १०६१ | १०८२ | ५२०४ | |
| **जम्मा** | | **२३१५०** | **२३६१३** | **२४०८५** | **२४५६७** | **२५०५८** | **१२०४७४** | |

## घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,

| **क्र.स.** | **अनुदान प्राप्त हुने उपक्षेत्र / विषय** | **आर्थिक वर्ष** | | | | | **५वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | ० | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | ० | ० | ० | ० | ० | ० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | |
| १० | जलवायु परिवर्तन, विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | ० | ० | ० | ० | ० | ० | |
| | **जम्मा** | **०** | **०** | **०** | **०** | **०** | **०** | |

## ङ) वित्तिय योजनाको सारांश

| क्र स | विद्यालय शिक्षाका मुख्य तथा अन्तर्सम्वन्धित उपक्षेत्र तथा विषयहरू | योजना अवधि को कुल लागत | लक्ष्य(५ वर्ष) | | | | | श्रोत आँकलन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 | 5 | संघ | प्रदेश | स्थानीय तह | संघ संस्था | अन्य |
| १ | **विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू** | | | | | | | | | | | |
| क | प्रारम्भिक बालविकास तथा शिक्षा | १५५८८४ | २९५०० | ३०३१५ | ३११५३ | ३२०१५ | ३२९०१ | ११९४५६ | ० | ३६४२८ | ० | |
| ख | आधारभूत शिक्षा | ९४०९४५ | १७७३५० | १८२६११ | १८८०२८ | १९३६०६ | १९९३५१ | ९०९७२० | ० | ३१२२४ | ० | |
| ग | माध्यमिक शिक्षा | ३८२९४३ | ७२२२८ | ७४३४५ | ७६५२४ | ७८७६८ | ८१०७८ | ३०४४७४ | ५२४४९ | २६०२० | ० | |
| घ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ङ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २३८९ | ४५० | ४६४ | ४७७ | ४९२ | ५०६ | २३८९ | ० | ० | ० | |
| २ | **अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** | | | | | | | | | | | |
| क | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन | ३३४९७ | ६३३९ | ६५१४ | ६६९४ | ६८८० | ७०७० | २५६९१ | ० | ७८०६ | ० | |
| ख | शिक्षक व्यवस्थापन र विकास | १७४७० | ३३५० | ३४२१ | ३४९३ | ३५६६ | ३६४१ | १८५८ | ० | १५६१२ | ० | |
| ग | शिक्षामा समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| घ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | ७६८८७ | १४४८२ | १४९१६ | १५३६४ | १५८२५ | १६३०० | ७६८८७ | ० | ० | ० | |
| ङ | विद्यालय सरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| च | विद्यालय भौतिक पूर्वाधार विकास | २७६०२ | ५१९९ | ५३५५ | ५५१६ | ५६८१ | ५८५२ | २७६०२ | ० | ० | ० | |
| छ | विद्यालयमा सूचना तथा प्रविधि | ७०९९ | १३५० | १३८४ | १४१९ | १४५५ | १४९१ | ३७१६ | ० | ३३८३ | ० | |
| ज | उच्च शिक्षा व्यवस्थापन | ५२०४ | १००० | १०२० | १०४०.४ | १०६१.२ | १०८२.४ | ० | ० | ५२०४ | ० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षाको व्यबस्थापन र संस्थागत क्षमता विकास | १२५१६ | २२६५ | २३७८ | २४९७ | २६२२ | २७५३ | १२५१६ | ० | १२०४७४ | ० | |
| ४ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ७५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | ० | ० | ० | |
| ५ | कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १००० | ५०० | ५०० | ० | |
| | कुल जम्मा | १६६५१८५ | ३१४०६३ | ३२३२७२ | ३३२७५५ | ३४२५२० | ३५२५७५ | १४८६०५९ | ५२९४९ | २४६६५१ | ० | |
| | प्रतिशतमा कूल जम्मा | 100.00% | 18.86% | 19.41% | 19.98% | 20.57% | 21.17% | 89.24% | 3.18% | 14.81% | 0.00% | |

## परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

अनुगमन तथा मूल्याङ्कनले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यस्तो गर्दा शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता,उपयुक्तता, सान्दर्भिकताको, कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही,पारदर्शी,नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ।

### ८.१.१. वर्तमान अवस्था

हाल विद्यालय अनुगमन र मूल्यांकनको जिम्मेवारी कानुनत स्थानीय सरकारकै कार्यक्षेत्रमा रहेतापनि जनशक्ति र स्रोत साधनको अभावले प्राथमिकतामा पर्न सकेको देखिदैन। शिक्षा योजनाको प्रभावकारी कार्यन्वयनका लागि नगरपालिका शिक्षा शाखा तथा नगर शिक्षा समितिले अगुवाई गर्नेछ र वडामा वडा शिक्षा समितिले गर्ने छ। प्रत्येक शैक्षिक सत्रको अन्त्य सँगै नगर शिक्षा समितिले एक कार्यदल गठन गरी यस योजनामा उल्लेखीत सूचकहरुमा भएको प्रगति सम्बन्धमा फिल्ड अनुगमन तथा उपलव्ध तथ्याड्ढहरुको विश्लेषण गरी अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्नेछ।

### ८.१. २. उद्धेश्यहरु

१. नयाँ योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाई प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मुल्याङ्कनलाई नतिजा मुखी बनाउनु,

### ८.१.३. रणनीति

१. संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङकन गर्ने प्रणालीको व्यवस्था गर्ने,
२. नगरपालिका स्तरमा प्रमुख ज्युको संयोजकत्वमा अनुगमन तथा मूल्याङकन समिति गठन गर्ने,
३. शैक्षिक सुचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सुचक सहित कार्यान्वयन गर्ने,
४. बर्षको कम्तीमा ३ पटक जननिर्वाचित पदाधिकारी बाट विद्यालयको अनुगमन गरिने छ भने शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गर्ने,
५. बिद्यालय तहमा बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङकन प्रणली विकास गरी कार्यान्वयन गर्ने,

### ८. १. ४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनलाई नतिजा मुखी बनाई सिकाई प्रणाली विकास हुने,

**नतिजा**

१. योजनाको कार्यक्रमको प्र भावकारी रुपमा अनुगमन तथा मूल्याङकन गरिने छ।
२. प्रमुख ज्युको संयोजकत्वमा अनुगमन तथा मूल्याङकन समिति गठन हुनेछ।
३. बर्षको कम्तीमा ३ पटक जननिर्वाचित पदाधिकारी बाट विद्यालयको अनुगमन गरिनेछ।
४. बिद्यालय तहमा बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङकन प्रणाली विकास गरी कार्यान्वय हुनेछ।

## ६.४.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | गतिविधिहरु | लक्ष्य | भौतिक लक्ष्य (वर्ष) | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | अनुगमनका लागि सूचक निर्माण कार्यान्वयन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| २ | नगरपालिका प्रमुख ज्युको संयोजकत्वमा अनुगमन तथा मूल्याङकन समिति गठन तथा अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | |
| ३ | विद्यालयको सामाजिक तथा लेखा परिक्षण | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ४ | जननिर्वाचित पदाधिकारी बाट विद्यालयको अनुगमन | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ५ | शिक्षा योजना कार्यान्वयनको अर्धवार्षिक समिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | |

## जवाफदेहिता चार्ट

| क्र.स. | क्रियाकलाप | Responsible(R) | Accountable(A) | Consulted(C) | Informed(I) |
|---|---|---|---|---|---|
| १ | अनुगमन प्रणालीका लागि सूचक निर्माण | शिक्षा अधिकृत | नगर शिक्षा समिति | शिक्षा विकास तथा समन्वय एकाइ, विज्ञ समूह | वडा शिक्षा समिति, विद्यालय |
| २ | अनुगमन समितिको क्षमता विकास कार्यक्रम | शिक्षा शाखा | नगरपालिका | प्रादेशिक शिक्षा तालिम केन्द्र, सहयोगी संघसंस्थाहरु | विद्यालय, वडा शिक्षा समिति |
| ३ | शैक्षिक विज्ञ समूहको अनुगमन कार्य | शैक्षिक विज्ञ समूह | शिक्षा शाखा | शिक्षा विकास तथा समन्वय एकाइ | नगरपालिका, विद्यालय |
| ४ | वार्षिक समीक्षा तथा अन्तरक्रिया कार्यक्रम | शिक्षा शाखा | नगर शिक्षा समिति | विद्यालय, शिक्षा विकास तथा समन्व्य इकाइ सरोकारवाला | वडा शिक्षा समिति, समुदाय |
| ५ | विद्यालय सुधार योजना कार्यान्वयनको प्रगति मूल्याङ्कन तथा समीक्षा | प्रधानाध्यापक, | नगरपालिका शिक्षा शाखा | विद्यालय व्यवस्थापन समिति, शिक्षा विकास तथा समन्व्य इकाइ | वडा कार्यालय, समुदाय |
| ६ | *EMIS* फ्ल्यास प्रतिवेदनमार्फत शैक्षिक उपलब्धिको समीक्षा | विद्यालय, शिक्षा शाखा | शिक्षा अधिकृत | *EMIS* फोकल पर्सन, शिक्षा विकास तथा समन्व्य इकाइ | नगरपालिका, विद्यालय व्यवस्थापन समिति |

## सन्दर्भ सामग्री


१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. राष्ट्रिय शिक्षा नीति, २०७६
४. समावेशी आयोग नीति, २०७६
५. शिक्षा क्षेत्रको योजना (२०२१-२०३०), नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
६. समावेशी शिक्षा नीति २०७३
७. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६
८. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित,) २०७६,
९. पाठ्यक्रम विकास केन्द्र, सानोथिमी, भक्तपुर
१०. शिक्षा क्षेत्र योजना विकास कार्य ढाँचा २०७७, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
११. प्राविधिक शिक्षा कार्यविधि
१२. सोह्रौ योजना आ.व. २०८१/०८२-०८८/०८६
१३. राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति २०७६
१४. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५
१५. दिगो विकासका लक्ष्यहरू, वर्तमान अवस्था र मार्गचित्र
१६. बेलकोटगढी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८२/०८३ र २०८३/०८४
१७. School Sector Development Plan 2016-2023, Gov, Ministry of Education
१८. बेलकोटगढी नगरपालिकाको शैक्षिक तथ्याङ्क आ.व २०८२/२०८३
१९. आर्थिक सर्वेक्षण २०८३/२०८४, अर्थमन्त्रालय
२०. एकीकृत शैक्षिक सूचना प्रणाली -२०८३)
२१. राष्ट्रिय जनगणना प्रतिवेदन २०७८
२२. बेलकोटगढी नगर शिक्षा ऐन २०७५,
२३. राष्ट्रिय शिक्षा निति २०७६

अनूसूची

**नगर शिक्षा योजना निर्माण कार्यदल**

| क्र स | कार्यदल | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री शिव प्रसाद दाहाल | संयोजक (उपप्रमुख) | |
| २ | श्री कौशिला पुडासैनी | सदस्य(वडाअध्यक्ष) | |
| ३ | श्री सुरेश लाल चित्रकार | सदस्य(वडाअध्यक्ष) | |
| ४ | श्री कृष्ण बहादुर भुजेल | सदस्य(नगर प्रवक्ता) | |
| ५ | श्री सन्तोष प्रसाद खनाल | सहजकर्ता | |
| ६ | श्री प्रेमकुमार पुरी | सदस्य सचिव( शिक्षा अधिकृत) | |

**योजना लेखाजोखा तथा मुल्याङ्कन समिति**

| क्र स | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री जगत बहादुर गुरुङ | नगर प्रमुख | |
| २ | श्री प्रलाद प्रसाद थपलिया | वडा अध्यक्ष | |
| ३ | श्री राजेन्द्र बास्कोटा | शिक्षक | |